# जगदीश घिमिरेका उपन्यासको समाजशास्त्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको
दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

शोधार्थी
विश्वराज न्यौपाने
त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं
२०७२

## शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, एम.ए. दोस्रो वर्षका छात्र **विश्वराज न्यौपाने**ले **जगदीश घिमिरेका उपन्यासको समाजशास्त्र** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँले निकै परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको समुचित मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

मिति : २०७२/१२/१०

............................

**प्रा.डा. सुधा त्रिपाठी**

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

२०७२

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र विश्वराज न्यौपानेले त्रि.वि. स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **जगदीश घिमिरेका उपन्यासको समाजशास्त्र** नामक शोध पत्र स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

**हस्ताक्षर**

१. **प्रा.डा. देवीप्रसाद गौतम** ..........................
विभागीय प्रमुख

२. **प्रा.डा. सुधा त्रिपाठी** ..........................
शोध निर्देशक

३ **प्रा.डा. दयाराम श्रेष्ठ** ..........................
बाह्य परीक्षक

मिति : २०७२/१२/१४

# कृतज्ञताज्ञापन

प्रस्तुत **जगदीश घिमिरेका उपन्यासको समाजशास्त्र** शीर्षकको शोधपत्र मैले आदरणीय गुरुआमा प्रा.डा. सुधा त्रिपाठीज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । शिक्षण तथा विविध व्यवहारिक कार्यको व्यस्तता हुँदाहुँदै पनि मलाई आफ्नो अमूल्य समय दिई शोध कार्यमा अभिप्रेरित गर्नुका साथै सचेत र सजग गराउँदै निरन्तता प्रदान गरी प्रस्तुत शोधपत्रलाई यस रूपमा ल्याउन समुचित मार्ग निर्देशन गरिदिनु हुने शोध निर्देशक श्रद्धेय गुरुआमा प्रा.डा. सुधा त्रिपाठीप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोध शीर्षकमा अध्ययन गर्न स्वीकृति प्रदान गरी शोध लेख्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम तथा नेपाली केन्द्रीय विभागप्रति हार्दिक आभार व्यक्त गर्दछु । शोधपत्र तयारीका क्रममा सामग्री सङ्कलनमा सहयोग गर्ने त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय तथा कर्मचारी वर्गहरूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

आफ्नो आर्थिक, सामाजिक तथा व्यवहारिक समस्याहरूसँग जुध्दै आफ्ना अमूल्य समय, श्रम, साधन र पसिना खर्चेर मेरो अध्ययन कार्यलाई यस अवस्थासम्म ल्याउन सहयोग गर्नु हुने मेरा पुज्य पिता हरिप्रसाद न्यौपाने र माता सिता न्यौपानेप्रति आजीवन ऋणि छु । त्यसैगरी मलाई पढाइप्रति सधैँ उत्प्रेरणा जगाउने दाजुहरू सम्भुप्रसाद न्यौपाने, जयकृष्ण न्यौपाने साथै भाउजुहरू तुलसा न्यौपाने, सजिना न्यौपानेप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै मित्रहरू विज्ञान कुमार भट्टराई, विनोद कोइराला, ऋषिराम अर्याल लगायतका नेपाली केन्द्रीय विभागमा अध्ययन गर्ने मेरा हितैषी मित्रहरूलाई पनि हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा आफ्नो व्यस्तता हुँदाहुँदै पनि लगनशीलतापूर्वक शोधकार्यलाई छिटो छरितो शुद्ध एवम् स्पष्टताका साथ टङ्कण गरी सहयोग गर्नु हुने युनिभर्सल फोटो कपी एण्ड कम्प्युटर सेन्टर कीर्तिपुरका सुभाष खत्री र जनकबहादुर सामरीप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु । अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष पेश गर्दछु ।

शैक्षिक सत्र : २०६८/०७०
परीक्षा क्रमाङ्क : २८०३०१
मिति : २०७२।१२।१४

........................
**विश्वराज न्यौपाने**
स्नातकोत्तर तह दोस्रो वर्ष
क्रमाङ्क : २३
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौँ ।

# विषय सूची

पृष्ठ सङ्ख्या


**परिच्छेद एक : शोध परिचय**

१.१ विषय परिचय १

१.२ समस्याकथन ३

१.३ अध्ययनको उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधको औचित्य, महŒव ७

१.६ शोधकार्यको सीमाङ्कन ८

१.७ शोध विधि र सैद्धान्तिक आधार ८

१.८ शोधपत्रको रूपरेखा

**परिच्छेद दुई : समाजशास्त्रको सैद्धान्तिक रूपरेखा**

२.१ विषय प्रवेश १०

२.१.१ अर्थ र पृष्ठभूमि १०

२.१.२ परिभाषा १४

२.२ साहित्यको समाजशास्त्रको स्वरूप १५

२.३ साहित्यको समाजशास्त्रको सिद्धान्त र मान्यता १६

२.३.१ दर्पण सिद्धान्त १७

२.३.२ समीक्षा सिद्धान्त २१

२.४ साहित्यको समाजशास्त्र अध्ययनका आधारहरू २४

२.४.१ प्रजाति २५

२.४.२ युग र पर्यावरण २६

२.४.३ विश्वदृष्टि २८

२.४.४ संस्कृति २९

२.४.५ कार्यकारण २९

२.४.६ भाषाशैली ३०

२.४.७ अनुभूतिको संरचना ३१

२.५ निष्कर्ष ३२

**परिच्छेद तिन : साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा लिलाम उपन्यासको विश्लेषण**

३.१ परिचय ३४

३.१.१ जगदीश घिमिरेको जीवनीको सङ्क्षिप्त परिचय ३४

३.२ साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा लिलाम उपन्यासको विश्लेषण ३५

३.२.१ प्रजाति ३६

३.२.२ युग र पर्यावरण ३९

३.२.३ विश्वदृष्टि ४१

३.२.४ संस्कृति ४४

३.२.५ कार्यकारण ४५

३.२.६ भाषाशैली ४७

३.२.७ अनुभूतिको संरचना ५०

३.३ निष्कर्ष

**परिच्छेद चार : साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा साबिती उपन्यासको विश्लेषण**

४.१ साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा साबिती उपन्यासको विश्लेषण ५३

४.१.१ प्रजाति ५३

४.१.२ युग र पर्यावरण ५७

४.१.३ विश्वदृष्टि ५८

४.१.४ संस्कृति ६०

४.१.५ कार्यकारण ६१

४.१.६ भाषाशैली ६२

४.१.७ अनुभूतिको संरचना ६४

४.२ निष्कर्ष ६६

**परिच्छेद पाँच : साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा सकस उपन्यासको विश्लेषण**

५.१ साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा सकस उपन्यासको विश्लेषण ६९

५.१.१ प्रजाति ६९

५.१.२ युग र पर्यावरण ७२

५.१.३ विश्वदृष्टि ७४

५.१.४ संस्कृति ७७

५.१.५ कार्यकारण ७९

५.१.६ भाषाशैली ८२

५.१.७ अनुभूतिको संरचना ८४

५.२ निष्कर्ष ८७

**परिच्छेद छ : सारांश तथा निष्कर्ष ९०-९७**

**सन्दर्भसामग्री सूची ९८-१००**

# परिच्छेद : एक

## परिचय

### १.१ विषय परिचय

प्रस्तुत शोधको विषय जगदीश घिमिरेका उपन्यासहरूको समाजशास्त्र रहेको छ । वि.सं. २००२ साल चैत्र २८ गते रामेछाप जिल्लाको मन्थलीमा पिता इन्द्रप्रसाद घिमिरे तथा माता पद्मकुमारी घिमिरेको कोखबाट छैटौं पुत्रका रूपमा घिमिरेको जन्म भयो । नेपाली साहित्यका समसामायिक राजनीतिक घटनासँग सम्बद्ध घत लाग्दा लेखहरू, सामाजिक यथार्थवाद घटनाहरू, समाजका सामाजिक मूल्य मान्यता आफ्ना उपन्यास मार्फत प्रस्तुत गर्ने घिमिरे सामाजिक यथार्थवादी उपन्यासकार हुन् ।

साहित्यका क्षेत्रमा घिमिरेले कथा, उपन्यास, कविता, नाटक समालोचना, यात्रा निवन्ध वा संस्मरण र आत्मकथा आदिको रचना गरेको देखिन्छ । उनको **लिलाम** उपन्यास (२०२७), **साबिती** उपन्यास (२०३२), **केही कथा कविता र संस्मरण** संयुक्त सङ्ग्रह (२०३४) **बद्री** रोज्जा कथाहरूको सङ्ग्रह (२०६६), **अग्निसूत्र** रोज्जा कथाहरूको सङ्ग्रह (२०६६), **सकस** उपन्यास (२०६९), प्रकाशित कृतिहरू हुन् । यी बाहेक विभिन्न पत्रपत्रिकाहरूमा पनि घिमिरेका लेख रचनाहरू प्रकाशित देखिन्छन् ।

**लिलाम** (२०२७) घिमिरेको पहिलो उपन्यास हो । यो सामाजिक विषयवस्तुमा आधारित उपन्यास हो । यसमा नेपाली समाजमा रहेका माथिल्लो वर्गका व्यक्तिहरूले तल्लो वर्गका व्यक्तिहरूमाथि गरेको शोषण, दमन, अन्याय अत्याचार आदि जस्ता सामाजिक घटनालाई प्रस्तुत गरेको देखिन्छ । समाजका सोझा साझा अशिक्षित निम्न वर्गका गरिब जनतामाथि गाउँका ठूला भनाउँदाहरूले विनाकसुर दमन गरेको सामाजिक घटनाहरूलाई **लिलाम** उपन्यासको प्रस्तुत गरेको देखिन्छ ।

**साबिती** (२०३२) घिमिरेको दोस्रो उपन्यास हो । यस उपन्यासमा सामाजिक विसङ्गतिका घटनालाई समावेश गरी **साबिती** बयान दिएका छन् । यो प्रयोगधर्मी उपन्यास

हो । यसले नवीन प्रयोगधर्मीता प्रस्तुत गरेको छ । **साबिती** उपन्यासले समाजमा रहेका सामाजिक रूढीवादी मूल्य मान्यता, ग्रामीण समाजमा बसोवास गर्ने ठूलो जाति भनाउँदा व्यक्तिहरूले निम्न जातका गरिब जनतामाथि गरेको अन्याय अत्याचारको घटनालाई सामाजिक रूपबाट चित्रण गरेको देखिन्छ । एक छाक राम्रोसँग खान नसक्ने नेपाली समाजका निम्न आय स्तरका व्यक्तिहरूको दैनानदिनको घटनालाई **साबिती** नामक उपन्यासले प्रस्तुत गरेकाले सामाजिकताका दृष्टिले यो उपन्यास उत्कृष्ट देखिन्छ ।

**सकस** (२०६९) घिमिरेको अन्तिम उपन्यास हो ।यसले करिब २५० वर्ष अघिदेखि नेपाली समाजमा चलेको घातप्रतिघात षड्यन्त्र र द्वन्द्वलाई विषयवस्तु बनाई नेपाली समाजको राजनीतिक, सामाजिक, ऐतिहासिक घटना परिघटनालाई समेटेको छ । उपन्यासमा तत्कालीन समाजमा रहेका सशस्त्र, आन्दोलन, माओवादी द्वन्द्व र सैनिक पक्ष आदिले गरेको ज्याजतिपूर्ण घटनाको नेपाली समाजमा परेको दुःख, पीडालाई सशक्त ढङ्गले प्रस्तुत गरेको छ । यसले दरबारिया षड्यन्त्र, राज्यविस्तार, नेपाली राणा विरोधी जनआन्दोलन, माओवादी द्वन्द्व, मधेश आन्दोलन जनजाति आन्दोलन, संविधान सभाको अकाल मृत्यु आदि घटनाहरूलाई यथार्थ रूपमा प्रस्तुत गरेको देखिन्छ । जसबाट नेपाली जनताहरूले खेप्नु परेको हैरानी राजनीतिक खिचातान, शोषण दमन, उत्पीडन आदि जस्ता घटनालाई **सकस** उपन्यासले मार्मिक ढङ्गले प्रस्तुत गरेकाले सामाजिकताका दृष्टिले यो उपन्यास सशक्त देखिन्छ ।

समग्रमा घिमिरेका उपन्यासहरूले नेपाली समाजको कुरूप स्वरूपलाई नै पेचिलो ढङ्गबाट व्यङ्ग्य गरेको देखिन्छ । विशेष गरेर यिनका उपन्यासमा सामाजिक शोषण र त्यसभित्रको विद्रोह, सामाजिक शोषणप्रतिको आक्रोश र समाजको राजनीतिक यथार्थ अनि त्यसले भित्र्याएको डरलाग्दो भयावहताको रूपलाई सामाजिक यथार्थवादी ढङ्गबा चित्रण गरेको देखिन्छ । त्यसैले घिमिरेको यी तिन उपन्यासहरूको साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा विश्लेषण गर्नु युक्तिसङ्गत देखिन्छ ।

## १.२ समस्याकथन

उपन्यासकार जगदीश घिमिरेका उपन्यासहरू सामाजिक विषयवस्तुमा आधारित उपन्यास हुन् । उनका **लिलाम**, **साबिती** र **सकस** उपन्यासहरूका बारेमा विभिन्न कृतिहरूमा विभिन्न विद्वानहरूले टीकाटिप्पणी गरेको भए तापनि समाजशास्त्र पक्षको विश्लेषण भएका पाइँदैन । त्यसैले यी उपन्यासहरूको समाजशास्त्र पक्षको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु नै यस शोधकार्यको मूल समस्याहरू रहेका छन् :

(क) साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा जगदीश घिमिरेका उपन्यासहरू कस्ता छन् ?

यस प्रश्नको आधारमा जगदीश घिमिरेका उपन्यासको समाजशास्त्र अध्ययन गरी निष्कर्षको पुग्नु नै यस शोधको समस्या रहेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य जगदीश घिमिरेका उपन्यासको समाजशास्त्र अध्ययन गर्नु रहेको छ । यही उद्देश्यसँग सम्बन्धित उद्देश्य तल राखिएको छ :

(क) साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा जगदीश घिमिरेका उपन्यासहरूको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

जगदीश घिमिरेका उपन्यासमा विभिन्न पक्षको अध्ययन तथ्य विश्लेषण भए पनि समाजशास्त्र दृष्टिले शोधकार्य भएको छैन । यसका क्रममा विभिन्न विद्वानहरूले गहिरो अध्ययन तथा विश्लेषण गरेको देखिन्छ । ती अध्ययनहरूको कालक्रमिक रूपमा पूर्वकार्यको समीक्षालाई तल उल्लेख गरिएको छ :

आनन्ददेव भट्ट (२०६५) ले **साबिती** नामक (**साबिती**) उपन्यास सम्बन्धी लेखमा **साबिती** उपन्यास चेतनाको प्रवाहमा लेखिएको रचना हो । यसमा गद्यदेखि पद्यसम्मको समिश्रण रहेको छ भनेर **साबिती** उपन्यासका बारेमा सामान्य परिचय दिएका छन् ।

खेम कोइराला (२०६५) ले **लिलाम** नामक लेखमा घिमिरेले **लिलाम** उपन्यासका माध्यमबाट हाम्रा ग्रामीण जनजीबाका सानातिना कुरा पनि बढी रोकच ढङ्गमा, बढी रोचक

भाषामा भनेका छन् । जीबाका विविध पक्ष देखाइदिएका छन् । केही नारावादीले मन नपराउन वा तथाकथित अमूर्तवादी वा शैलीवादीहरूले मन नपराउन तर नेपालका एक करोड एक्काईस लाख जनसङ्ख्याको चित्रण गर्दछ भनेका छन् । उनको यो **लिलाम** उपन्यासका बारेमा गरेको सर्वेक्षणात्मक टिप्पणीबाट **लिलाम** उपन्यासले कस्तो परिवेश समेटेको छ भन्ने कुरा बुझ्न सकिन्छ ।

गिरीराज आचार्य (२०६५) ले केही पत्र लेखनलाई केही पत्र सम्पादकलाई नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा साबितीलाई आँखा, कान, नाक, मुख, भएको मान्छे हो, जसले आजका विक्षुब्ध मानिसहरूको यथार्थ सत्य ओकन्छ भन्दै साबितीको सङ्क्षिप्त परिचय दिएका छन् ।

गोविन्दराज भट्टराई (२०६५) विषाक्त भोगाईका मूर्तरूप **साबिती** नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा **साबिती**को नायक केवल आफ्नो अतीतलाई पृष्ठभूमिमा राखी वर्तमानलाई उदाङ्गो रूप दिन्छ । यसको निरन्तरको बर्बराहटमा अवचेतनको पीडा र कुण्ठा समेत निस्की आत्म स्वीकृति भएको छ । विश्वको न्यायालय समक्ष आफू शब्द शयामा पल्टी आफ्नो पीडा र मर्मलाई नङ्ग्याएर न्यायको भिक्षा याचना गर्छ भन्ने आफ्नो वर्णनात्मक टिप्पणी व्यक्त गर्छन् ।

गोविन्द भट्टराई (२०६५) ले अहिले मात्र थाहा भयो **साबिती**मा यस्तो दादावादी छाँया परेको थियो नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा **साबिती** उपन्यासलाई यो एक गम्भीर दायित्वपूर्ण साँच्चै उत्कृष्ट नयाँ प्रयोग हो, जुन स्वागत योग्य छ । यसमा भएको कुण्ठा र निराशा आयातीत होइन वातावरणजन्य छ भन्दै **साबिती**का बारेमा परिचयात्मक टिप्पणी गरेका छन् ।

जगदीश घिमिरे (२०६५) ले मेरो कुरा नाम **लिलाम** उपन्यासमा प्रस्तुत टिप्पणीमा लिलाममा नेपालको शोषण र ढोंगको बान्की दिन खोजेको हुँ भनेर तत्कालीन नेपालको यथाथिस्तिको चित्रण गरेका छन् ।

जगदीश घिमिरे (२०६५) ले अराज्यवादको राज्य हुँदैन नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा **साबिती** मेरो वैचारिक भद्र अवज्ञा, सत्याग्रह र शान्तिवादी अराज्यवाद हो भन्दै **साबिती** लेखनको उद्देश्य प्रस्तुत गरेका छन् ।

टि-आर विश्वकर्मा (२०६५) ले **लिलाम** उपन्यास नामक लेखमा **लिलाम** उपन्यासमा एकातिर अन्याय, अत्याचार यथावत र अर्कोतिर शोषित पीडित जनतामा आक्रोश पनि जाग्दै छ भन्ने तथ्यलाई सिर्जित छ भनेर **लिलाम** उपन्यासको सामान्य परिचय दिएका छन् ।

दौलतविक्रम विष्ट (२०६५) ले **साबिती** नामक **साबिती** उपन्यासको प्रस्तुत लेखमा उपन्यासले यो **साबिती** गर्दछ कि मान्छे एउटा यस्तो शैतान हो, जसले कुनै ईश्वर फेला पार्न सक्दैन भनेर **साबिती**का बारेमा सामान्य परिचय दिएका छन् ।

धीरेश्वर (२०६५) ले **साबिती** नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा **साबिती**का बारेमा टिप्पणी गर्दा जगदीशको लेखनमा नेपाली माटोको सुरभिको साथै विश्वव्यापी मानवीय संवेदनाको पनि दर्शन हुन्छ भन्दै **साबिती**का बारेमा एकपक्षीय अध्ययन गरेका छन् ।

नारायण ढकाल (२०६५) ले **लिलाम** इतिहास बोधको जीवन्त दस्तावेज नामक लेखमा **लिलाम**ले मूलतः नेपाली समाजको जिउँदो अन्तर्विरोध र तस्बिरलाई विश्वसनीय ढङ्गले उतारेको छ । उपन्यासकार जगदीशले नेपाली समाजको गतिशील यथार्थलाई युगबोधको अन्तदृष्टिले टिप्नु भएको छ भनेर **लिलाम**का बारेमा सामान्य परिचय दिएका छन् ।

प्रमोद प्रधान (२०६५) ले केही पत्र लेखकलाई केही पत्र सम्पादकलाई नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा घिमिरे ज्यूले यस उपन्यासद्वारा सामाजिकताको विम्ब मात्र उतारेको होइन, अरु पनि केही गर्न खोज्नु भएको छ ।

पारिजात (२०६५) ले आवरण लेखमा **लिलाम** उपन्यासलाई जनताको सुखदुख बोध गराउने । भावुकता र रोमाञ्चले होइन गरिबीको बोधले ठाउँठाउँमा पाठकलाई पगालिदिने काम गरेको छ र आधुनिकताको वर्तमान परिभाषालाई अँगालेको छ भनेका छन् । उनको यो

टिप्पणीले उपन्यासकार घिमिरे आधुनिक युगका समसामयिक उपन्यासकार हुन भन्न सहयोग पुग्छ ।

भवानी घिमिरे (२०६५) ले **साबिती** र युगबोध नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा **साबिती** उपन्यासमा शोषण, दोहन र दरिद्रता अनि चाकरी र चकचकीको अति सुन्दर प्रस्तुतीकरण भएको छ भनेर **साबिती**का बारेमा वर्णनात्मक अध्ययन प्रस्तुत गरेका छन् ।

भैरव अर्याल (२०६५) ले **साबिती** नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा **साबिती**लाई विसङ्गत जीबाको व्यङ्ग्यात्मक उद्घाटन हो, जुन एउटा नौलो रचनाकारिता जस्तो छ र त्यसमा कडा विद्रोह पनि छ भन्दै **साबिती**का बारेमा सामान्य परिचय दिएका छन् ।

मदनमणि दीक्षित (२०६५) ले **साबिती** र युगबोध : एक परिचर्चा नामक **साबिती** उपन्यासको प्रस्तुत लेखमा **साबिती**को शैलीलाई नेपाली साहित्यको पूर्ण नौलो प्रयोग भन्दै साबिती नेपाली साहित्यको शिरीषको फूल भन्दा पनि केही मानेमा माथिल्लो स्तरको रचना हो भनेर साबितीलाई प्रयोगवादी उपन्यासको स्तरमा राखेका छन् ।

यादव खरेल (२०६५) ले **साबिती** उपन्यासमा प्रस्तुत लेखमा **साबिती**बारे देखिएको आकर्षण र विकर्षण नै उपन्यासको सशक्तताको पहिलो प्रमाण हो भनेर **साबिती**को सामान्य परिचय दिएका छन् ।

रोचक घिमिरे (२०६५) ले **साबिती** प्रकाशनको अनुद्घाटित कथा नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा जनताका नैसर्गिक अधिकार कुल्चदै निरङ्कुश सत्ता चलाईरहेको पञ्चायती क्रूरताको त्यस्तो कठिन परिवेशमा विद्रोहको मुस्लो ओकल्ने, नेपालको वास्तविक धरातल चिनेको, नेपालका दीनहीन सन्तानको मर्म बुझेको, अभिजात्य सामन्ती समाजको आडम्बरर सत्ताजनित विकृति विरूद्ध सशक्त शब्दवाण प्रहार गर्ने सामर्थ्य बोकेको घिमिरेको सशक्त कृति **साबिती** अत्यधिक चर्चित हुनु र बौद्धिक क्षेत्रमा हलचल ल्याउनुलाई नेपालको साहित्यिक इतिहासको उल्लेख्य ऐतिहासिक घटना नै मान्नु पर्छ भनेका छन् । उनको यो

विचारले **साबिती** उपन्यासले नेपालको कुन परिवेशलाई समेटेको छ भन्ने कुरा सजिलैसँग बुझ्न सकिन्छ ।

विष्णुप्रसाद पौड्याल (२०६८) ले "जगदीश घिमिरेका साहित्यिक रचनाहरूको अनुशीलत" नामक पुस्तकमा घिमिरेको उपन्यासहरू मूलतः नेपाली सामन्ती समाजको खराब संस्कार शोषण र त्यसप्रतिको विद्रोहको चेष्टामा केन्द्रित रहेका छन् भनेका छन् । उनको यो टिप्पणीबाट पनि घिमिरे आलोचनात्मक यथार्थवादी प्रयोगवादी विसङ्गतिवादी उपन्यासकार हुन भन्न सकिन्छ ।

नयनराज पाण्डे (२०६९) ले **सकस**को आवरण पृष्ठमा सकरमा कहाली लाग्दो इतिहास र मूल्यक्षय हुँदै गएको आजको राजनीतिमा यथार्थ अनि त्यसले भित्र्याएको डरलाग्दो भयावहता जीवन्त कथानकमा रूपान्तरित भएको छ । फराकिला कालखण्डको क्यानभासमा लेखिएको अध्ययन, आँत र सीपले खारिएको यो आख्यान अत्यन्त शक्तिशाली छ भन्दै **सकस** उपन्यासको यथार्थ चित्रण गरेका छन् ।

ज्ञानमणि नेपाल (२०६९) ले **सकस**को आवरण पृष्ठमा **सकस** व्यक्ति व्यक्तिको मात्र होइन गाउँ-गाउँको, जिल्ला जिल्लाको क्षेत्र क्षेत्रको मात्र पनि होइन, यो देश भरिकै सर्वाङ्गीण **सकस** हो । बिना अपराध निर्वासित विस्थापित जनताबीच आइपरेको **सकस** हो ।

उपर्युक्त पूर्वकार्यको समीक्षाबाट जगदीश घिमिरका उपन्यासहरूको समाजशास्त्र अध्ययन विश्लेषण गर्न सजिलो भएको छ ।

## १.५ शोधकार्यको औचित्य, महŒव

नेपाली साहित्यका क्षेत्रमा सामाजिक विषयवस्तुमा आधारित उपन्यास लिएर चर्चित जगदीश घिमिरेको **लिलाम**, **साबिती** र **सकस** उपन्यासहरूका बारेमा विभिन्न विद्वान तथा समालोचकहरूले विविध शीर्षक र पक्षमा अध्ययन र समालोचनात्मक टिप्पणी गरेको पाइए तापनि यी उपन्यासहरूको समाजशास्त्र विश्लेषण हुन सकेको पाइँदैन । त्यसैले जगदीश घिमिरेको **लिलाम**, **साबिती** र **सकस** उपन्यासहरूको समाजशास्त्र विश्लेषण गर्न चाहने

जुनसुकै स्तरका पाठक तयार अनुसन्धानकर्ताहरूका लागि यो शोधकार्य उपयोगी र औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

जगदीश घिमिरेका उपन्यासहरू सामाजिक विषयवस्तुका दृष्टिले सशक्त देखिन्छन् । प्रस्तुत शोध कार्यमा समग्र रूपमा घिमिरेको लेखन विधिको अध्ययन र विश्लेषण नगरी उनका उपन्यासहरूको समाजशास्त्र दृष्टिले मात्र अध्ययन गरिएको छ । यो नै शोधकार्यको सीमा हो ।

## १.७ शोधविधि र सैद्धान्तिक आधार

### (क) सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा पुस्तकालीय स्वाध्ययन, सम्बन्धित पाठ्यपुस्तक, घिमिरेका उपन्यासहरूको बारेमा प्रकाशित समालोचकीय लेख रचना पूर्वअध्ययन भएका शोधकार्य लगायत पत्रपत्रिकाको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ ।

### (ख) सङ्कलित सामग्रीको विश्लेषण गर्ने सैद्धान्तिक आधार

जगदीश घिमिरेका उपन्यासको समाजशास्त्र अध्ययनका आधारभूत तत्वलाई स्वीकार गरी त्यसैका आधारमा उपन्यासहरूको विश्लेषण गरिएको छ । जसलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(१) समाजमा रहेका विभिन्न जातजातिहरूको जातीय विशेषता संस्कृत परम्परा धर्म रीतिरिवाज, आर्थिक सामाजिक पक्षबाट प्रजाति झल्किन्छ भन्ने कुरालाई इपिली टेनले सैद्धान्तिक आधार मानेका छन् ।

(२) युग र पर्यवरण अन्तर्गत इपिली टेनले तत्कालीन समाजको अवस्था कालगत सन्दर्भ र स्थानगत सन्दर्भका आधारमा उपन्यासका विषय वस्तुको अध्ययन गरेका छन् ।

(३) साहित्यको समाजशास्त्र अध्ययनमा संसार र जीवन जगत्लाई हेर्ने बुझ्ने साझा दृष्टि नै विश्वदृष्टि हो भने लुसिए गोल्डम्यानले सैद्धान्तिक आधार प्रस्तुत गरेका छन् ।

(४) साहित्यलाई संस्कृतको रूप मान्ने विद्वान लियोलावेन्थल हुन् । समाजमा रहेका मानिसका अनुभव ज्ञान कला नैतिकता रीतिरिवाज परम्परा आदिलाई संस्कृतिको रूपमा प्रस्तुत गरेका छन् ।

(५) साहित्यमा भएका यथार्थ घटनाहरू घट्नुको पछाडि कारणहरू अर्न्तनिहित भएर आएका हुन्छन् भन्दै इपिलि टेनले हरेक कृतिमा कार्यकारणको खोजी हुनुपर्ने धारणा सारेका छन् ।

(६) भाषा मानिसहरूको विचार विनिमय गर्ने माध्यम भएकाले हरेक कृतिमा के कस्ता भाषा र शैलीको प्रयोग भएको छ भन्ने कुराको खोजी उपन्यासको समाजशास्त्रको विश्लेषणमा गरिएको छ ।

(७) अनुभूतिको संरचनाको मान्यतालाई स्थापना गर्ने विद्वान रेमन्ड विलियम्स हुन् । कृतिमा लेखकले अनुभूतिको माध्यमबाट आफ्ना विचार धारणा अगाडि सार्ने भएकोले यसैलाई आधार मानी उपन्यासको विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको संरचनालाई सुगठित, व्यवस्थित र वैज्ञानिक बनाउनको लागि ६ परिच्छेदका मूल शीर्षकमा विभाजन गरी आवश्यकताअनुसार शीर्षक तथा उपशीर्षक राखेर शोधपत्रको रूपरेखा तयार गरिएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपत्रको परिचय |
| दोस्रो परिच्छेद | : | साहित्यको समाजशास्त्रको सैद्धान्तिक रूपरेखा |
| तेस्रो परिच्छेद | : | साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा **लिलाम** उपन्यासको विश्लेषण |
| चौथो परिच्छेद | : | साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा **साबिती** उपन्यासको विश्लेषण |
| पाँचौ परिच्छेद | : | साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा **सकस** उपन्यासको विश्लेषण |
| छैंठौं परिच्छेद | : | सारांश तथा निष्कर्ष |

सन्दर्भसामग्री सूची

# परिच्छेद : दुई

## साहित्यको समाजशास्त्रको सैद्धान्तिक रूपरेखा

### २.१ विषय प्रवेश

यस परिच्छेदमा साहित्यको समाजशास्त्रको सैद्धान्तिक स्वरूप निर्माण गर्ने क्रममा साहित्यको समाजशास्त्रको अर्थ पृष्ठभूमि, परिचय र परिभाषा दिँदै सैद्धान्तिक विश्लेषणका आधारहरू निर्धारण गरिएको छ ।

### २.१.१ अर्थ र पृष्ठभूमि

मानिस सामाजिक प्राणी हो । उसको सम्बन्ध प्रत्यक्ष रूपमा समाजसँग रहेको हुन्छ । समाज आर्थिक, नैतिक, सामाजिक, भौतिक जस्ता आदि विषयहरूको अन्तर्सम्बन्धबाट निर्मित भएको हुन्छ । त्यसैले समाजलाई सामाजिक अन्तर्सम्बन्धको जालोको रूपमा लिइन्छ । मानिसको सम्बन्ध समाजसँग प्रत्यक्ष रूपमा हुने भएकोले उसको समाजसँगको सम्बन्ध, सहचार्य समाज विकासमा उसले खेलेको भूमिका र सम्बन्धले ल्याएको परिपाटीका साथै विकास भएको समाज विकासका प्रक्रियाको अध्ययन गर्नु समाजशास्त्रको लक्ष्य हो । समाजशास्त्रले समग्र समाजका साथै मानवीय आचार व्यवहारको अध्ययन गर्दछ । यसरी समाजशास्त्रलाई समाजमा विद्यमान आर्थिक, धार्मिक, नैतिक, भौतिक र मनोवैज्ञानिक आदि विषयको सम्पूर्ण रूपमा अध्ययन गर्ने विषय मानिन्छ ।

समाजशास्त्रका जन्मदाता अगस्त कोम्ते हुन् । उनले ल्याटिन शब्द सोसाइटस र लोगोसको अन्वय गरी सोसियोलोजी शब्दको जन्म दिएका हुन् । ल्याटिन शब्द सोसाइटसको अर्थ समाज र लोगोसको अर्थ विज्ञान भन्ने हुन्छ । सोसियोलोजीको नेपाली रूपान्तरण समाजशास्त्र हो । समाजशास्त्रको सम्बन्ध मानवीय क्रियाकलापसँग सम्बन्धित भएकाले गर्दा यसको सम्बन्ध सामाजिक संरचनाका विभिन्न शाखाहरूसित रहेको हुन्छ । समाजशास्त्र, अर्थशास्त्र, राजनीति शास्त्र, नीति शास्त्र एवम् अन्य भौतिक शास्त्रहरू समेतले आ-आफ्नै किसिमले आफ्ना विषय क्षेत्रभित्र अध्ययन गरिरहेका हुन्छन् । यी सबै शाखाहरूको समन्वय गरी एकै ठाउँमा राखेर अध्ययन अनुसन्धान गर्ने कार्य समाजशास्त्रले गर्छ । यस्तै

साहित्यसित समाजशास्त्रका यिनै विषयहरूको समन्वयन गरी गरिने वैज्ञानिक अध्ययन पद्धति साहित्यको समाजशास्त्र हो ।

साहित्यको समाज शास्त्रको प्रमुख उद्देश्य भनेको समाजसँग साहित्यको सम्बन्ध खोजी, अध्ययन र व्याख्या विश्लेषण गर्नु हो । तर समाजसित साहित्यको सम्बन्ध सरल नभएकाले गर्दा यी दुई बीचको सम्बन्ध खोज्नु जटिल कार्य मानिन्छ । यसका आफ्नै प्रकारका विधागत प्रवृत्ति र विशेषताहरू हुन्छन् । प्रथमः व्यक्ति व्यक्तिको मेलबाट परिवार र परिवार परिवारको मेलबाट समाज बन्दछ । त्यही समाजभित्र एउटा लेखक वा स्रष्टाको जन्म हुन्छ । ऊ त्यस समाजको द्रष्टा पनि हुन्छ । यही कारणले गर्दा लेखक वा सर्जकमा सामाजिक छाप गहिरो रूपमा रहेको पाइन्छ । कथ्य साहित्य ज्ञान र विज्ञान जस्ता कुरा एउटा सर्जकको सृजना भएकाले गर्दा यसमा पनि सामाजिक प्रभाव पाउन सकिन्छ किनभने समाजले नै लेखकमा भएको मानवीय चिन्तनलाई अनुकूल र प्रतिकूल प्रभाव पार्ने गर्दछ । साहित्य पनि एउटा मानवीय चिन्तनको उपज भएकाले यसमा सामाजिक प्रभाव पाउन सकिन्छ त्यसैले हिन्दी साहित्यका प्रसिद्ध समालोचक डा.मैनेजर पाण्डेका अनुसार साहित्यको रचना एक सामाजिक कर्म हो । कृति एक सामाजिक उत्पादन तर साहित्यको रचना व्यक्तिले गर्दछ त्यसैले समाजसँग साहित्यको सम्बन्ध बुझ्नका लागि समाजबाट रचनाकार व्यक्तित्वको ठोस ऐतिहासिक सम्बन्धको ज्ञान आवश्यक हुन्छ । जो असामाजिक वा वैयक्तिक साहित्य ठान्छन् तिनीहरूको समेत समाजसित एक प्रकारको सम्बन्ध हुन्छ । समाजको आलोचना गर्ने वा समाजसित विद्रोह गर्ने साहित्यको समेत समाजसँग एक प्रकारको सम्बन्ध हुन्छ (पाण्डेय, १९८९:११७) । त्यसैले समाज र साहित्य एक अर्काप्रति अन्तर्सम्बन्धित हुन्छन् । साहित्यविना समाज भए तापनि समाजविना साहित्यको कल्पना गर्न सकिँदैन । समाज र साहित्यलाई गहिरो रूपमा नबुझी न त साहित्यको अध्ययन विश्लेषणबाट समाजको वास्तविकता खुट्याउन सकिन्छ न त सामाजिक यथार्थबाट साहित्यका समाजको अध्ययन नै राम्रोसँग गर्न सकिन्छ । त्यसैले साहित्यको समाजशास्त्रको अध्ययन गर्न साहित्य र समाजको अन्तर्सम्बन्धको महŒवलाई गहिरो रूपमा बुझ्न आवश्यक देखिन्छ ।

साहित्यको समाजशास्त्रको सैद्धान्तिक विवेचना गर्ने प्रथम व्यक्ति फ्रान्सेली दर्शानिक र समालोचक इपिली टेन हुन् । टेनले साहित्य र कलाको विकासमा जाति क्षण र परिवेशलाई जोड दिएर यो सिद्धान्त तयार पारेका हुन् (जैन, १९८६:२१) । साहित्यको समाजशास्त्र साहित्य र समाजशास्त्रको अन्वयबाट बनेको छ । साहित्यमा अभिवयक्त भएका विषयहरू समाजभित्रकै अनेकौं विषयहरूको आयतनभित्र रहेका हुन्छन् । यस्तै साहित्यमा जीवन व्यक्त भएकोले गर्दा यसको स्वरूप स्रष्टा द्रष्टाको मस्तिष्कमा निर्मित मानव जीवनको स्वरूपमा आधारित हुन्छ । समाजमा भएका राजनीतिक, सांस्कृतिक, भौगोलिक, आर्थिक एवम् त्यसको वातावरणले व्यक्तिलाई कसरी दिशा निर्देश गर्दछ भन्ने कुराको खोजी समाजशास्त्रबाट गरेर साहित्यमा त्यसको रूपरेखा खोजिन्छ । हिन्दी साहित्यका प्रसिद्ध समालोचक मैनेजर पाण्डेले साहित्यको समाजशास्त्रको लक्ष्य साहित्यिक कृतिको सामाजिक अस्मिताको रचनाको सामाजिक सन्दर्भ तथा सामाजिक अस्मिताको व्याख्या गर्नु हो । साहित्यिक कृतिको सामाजिक अस्मिताको रचनाको सामाजिक सन्दर्भ तथा सामाजिक अस्तित्ववाद निर्मित हुन्छ (जैन, १९८६:८) । उनले कुनै पनि साहित्यिक रचना कृतिको रूपमा स्थापित हुनका लागि पाठकसम्म पुग्नु पर्ने धारणा व्यक्त गरेका छन् र यसरी पाठसम्म पुग्नका लागि रचनाले एउटा लामो आर्थिक र सांस्कृतिक प्रक्रियाको बाटो तय गर्नुपर्ने उनको धारणा छ । लेखनलाई साहित्य बनाउन केवल समाजशास्त्रमा मात्र समभव छ । अरु समालोचना पद्धतिमा छैन भन्ने उनको धारणा पाइन्छ । यसरी समाजबाट लेखकले कच्चा पदार्थ लिने र पुनः समाजलाई परिमार्जित गरेर दिने कार्य साहित्यमा गरिन्छ । साहित्यकारले समाजमा के देख्यो ? समाजबाट लिएर आफ्नो प्रतिभाले के गर्न परिमार्जन गऱ्यो ? र उसले समाजलाई के दियो ? जस्ता विषयको अध्ययन र विश्लेषण साहित्यको समाजशास्त्रले गर्छ ।

साहित्यको समाजशास्त्रको पृष्ठभूमिलाई नियाल्दा यसको बीज प्लेटोसम्म पुगेको पाइन्छ । प्लेटोले प्रतिपादन गरेको अनुकरण सिद्धान्तमा पनि केही रूपमा साहित्यका समाजशास्त्रको बिच भेटिन्छ । समाजले साहित्यको स्वरूप र्निाण गर्दछ भन्ने धारणा १७ औं शताब्दीतिर पाइन्छ (जैन, १९८६:२१) । १८ औं शताब्दीका प्रसिद्ध इटालेली विधिशास्त्री तथा चिन्तक गियाम्बाटिस्टा विकोले आफ्नो कृति द न्यून साइन्स (१७२५) बाट सामाजिक सन्दर्भबाट कृतिको विश्लेषण गर्ने प्रक्रिया थालनी गरेको पाइन्छ । यिनले सामाजिक

सन्दर्भबाट होमरको महाकाव्यको अध्ययन विश्लेषण गरी ग्रिसेली समाजको चित्रण प्रस्तुत गरेका छन् (शर्मा र लुइँटेल, २०६३:१२९) । यिनले होमरका कृतिको इलियड र ओडिसीलाई सामाजिक र भौगोलिक वातावरणसँग दाँजेर विश्लेषण गरेका थिए ।

विको पश्चात् साहित्यलाई समाजपरक दृष्टिकोणले अगाडि बढाउनेमा हर्डर र मेडम डे स्टेल हुन् । यिनीहरू दुवैले साहित्यलाई जलवायु भूगोल र प्राकृतिक दृश्यसँग जोडेर विश्लेषण गरे (जैन १९८६:१४) । हर्डरले कुनै पनि साहित्यिक कृतिले विशेष क्षेत्रलाई स्वीकार्नुको कारण र त्यही कृतिको अर्को समाजमा प्रतिष्ठित हुन नसक्नुको कारण त्यहाँको जलवायुको विविधता, प्राकृतिक दृश्य, जाति, रीतिरिवाज र राजनीतिक पक्ष हो भनेका छन् । त्यसैले उनले साहित्यमा जलवायु तथा भौगोलिक, तत्वलाई जोड दिँदै हरेक कृतिको जड विशेष सामाजिक र भौगोलिक वातारण हुन्छ भन्ने धारणा राखेका छन् (जेन, १९८६:२१) । त्यसैले साहित्यलाई भौगोलिक र सामाजिक सन्दर्भसँग जोडेर हेर्न सकिन्छ । १९ औं शताब्दीमा आएर साहित्यको समाजशास्त्र अध्ययनको सैद्धान्तिक थालनी फ्रान्सेली चिन्तक इपिली टेनले प्रारम्भ गरे । टेनले आफ्नो पुस्तक 'हिस्ट्री अफ लिटेरेचर' मा प्रजाति, युग र पर्यावरणलाई साहित्यको विश्लेषणको आधार बनाएर सैद्धान्तिक धारणा प्रस्तुत गरे (शर्मा, लुइँटेल २०६३:१२७) । यसरी प्लेटोबाट प्रारम्भ भएको समाजशास्त्र अध्ययनको सानो विजले टेनको समयमा आएर सैद्धानितक स्वरूप प्राप्त गरेको देखिन्छ । त्यसैले टेनलाई साहित्यको समाजशास्त्रको प्रर्वतक मानिन्छ ।

२० औं शताब्दीमा आएर साहित्यको समाजशास्त्रले मार्क्सवाद, फ्रायडवाद, संरचनावाद आदिका मान्यताहरूलाई समाहित गर्दै आफ्नो क्षेत्र फराकिलो बनाएको छ । यसरी आजको समयसम्म आएर साहित्यको समाजशास्त्रमा दुई धारा मींसांसावादी धारा र अनुभववादी धाराको विकास भएको देखिन्छ । मीमांसावादी धारामा मार्क्सवादी आलोचनात्मक समाज शास्त्रीय र संरचनावादी धारा पाइन्छ । अनुभववादी धारामा पुरानो विधेयवादी दृष्टि पाउन सकिन्छ । अनुभववादी धाराको प्रतिनिधित्व इपिली टेन मेडेम डे स्टेल र रवर्ट स्कापिटले गरेका हुन् । त्यस्तै मींमासावादी धाराको प्रतिनिधित्व थियो लावेन्थल, लुसिए र रेमल्ड विलियम्सले गरेका छन् ।

यसरी प्लेटोबाट देखा परेको सामाजिक अध्ययनको परमपराले टेनसम्म आएर पूर्ण रूपमा सैद्धान्तिक मान्यता प्राप्त गरेको छ । हालसम्ममा आएर यसले मार्क्सवाद, फ्रायडवाद र संरचनावादको मान्यतालाई समेट्दै आफ्नो विभिन्न हाँगाहरूसहति आफ्नो परिचय स्थापित गरेको छ ।

## २.१.२ परिभाषा

साहित्यको समाजशास्त्रका सन्दर्भमा विभिन्न विद्वानहरूले आ-आफ्नै धारणाअनुसार परिभाषा गरेका छन् । ती परिभाषाहरूले सामान्यतयाः सैद्धान्तिक क्षेत्रलाई समेट्ने भएकोले सैद्धान्तिक दृष्टिले यसको विश्लेषण गर्नु पूर्व ती परिभाषाहरू प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ ।

साहित्यको समाजशास्त्रको परिभाषा गर्ने क्रममा मैनेजर पाण्डेयले साहित्यको समाजशास्त्र आफ्नो .जनक समाजशास्त्रको आधार, अनुशासन, प्रयोजन र पद्धतिभन्दा बिल्कुल स्वतन्त्र हुन सक्दैन । साहित्यको समाजशास्त्र सामाजिक संरचना, संस्था र व्यक्ति तथा समाजको सम्बन्धको अध्ययनको एउटा अनुशासन हो भनेका छन् (पाण्डे, १९८९:३२) ।

साहित्यको समाजशास्त्र भनेको साहित्यिक संस्थाको संरचना एवम् साहित्यिक प्रकार्यको व्यवस्थित अध्ययन गर्ने विज्ञान हो भन्ने धारणा लेखनाथ दाहालको पाइन्छ (दाहाल, २०५८:६०) ।

साहित्यको समाजशास्त्रको परिभाषा गर्ने क्रममा अर्को विद्वान डा. ऋषिराम बरालले साहित्यको समाजशास्त्रले समाजमा कस्ता-कस्ता धर्मका कस्ता-कस्ता जातपातका कस्तो वर्ग प्रकृति लिङ्ग र प्रजातिका मान्छेहरू छन् । तिनको क्रमबद्ध अध्ययन गर्दछ भनेका छन् (जैन, १९८६:५) ।

साहित्यको समाजशास्त्रको परिभाषा गर्दै निर्मला जैनले साहित्यका समाजशास्त्रका कार्य साहित्यिक रचनाका केवल ऐतिहासिक र सामाजिक प्रतिविम्बको खोजी गर्नु मात्र नभएर विशिष्ट साहित्यिक रचनामा निहित मूल्यको समेत स्पष्ट गर्नु हो भेनकी छन् (बराल, २०६७:६०) ।

यसरी साहित्यको समाजशास्त्रको बारेमा विभिन्न विद्वानहरूले व्यक्त गरेको धारणालाई हेर्दा यसलाई वैज्ञानिक ढङ्गले साहित्यमा समाजको अध्ययन विश्लेषण गर्ने समालोचना प्रणालीको रूपमा लिइन्छ । यसले समाजमा भएका व्यक्ति संस्था र सामाजिक संरचनाको अध्ययन, अनुशासित ढङ्गले गर्दछ । यसले साहित्यिक रचनामा भएको ऐतिहासिक र सामाजिक प्रतिविम्बको खोजी गर्दछ । साथै विशिष्ट साहित्यमा भएको मूल्यको खोजी पनि गर्दछ । साहित्यको समाजशास्त्रले समाजमा भएका धर्म, जाति, लिङ्ग, संस्कृति र परम्परा जस्ता कुराहरू साहित्यमा कसरी प्रतिविम्बित भएको छ भनेर अध्ययन गर्दछ । त्यसैले साहित्यको समाजशास्त्र आधुनिक समाजमा आएर साहित्यमा भएको सामाजिक स्थिति र भूमिकाको यथार्थपरक ढङ्गले अध्ययन गर्ने उपयुक्त साधन बनेको पाइन्छ ।

## २.२ साहित्यको समाजशास्त्रको स्वरूप

साहित्यको समाजशास्त्रको स्वरूपलाई हेर्दा यसको आफ्नै मौलिक सिद्धान्त रहेको पाइन्छ । यसको चिन्तन विशेष गरेर आधुनिक समाजमा साहित्यको सामाजिक स्थिति र सार्थकताको पहिचान गर्न बौद्धिक प्रयोजनका लागि भएको पाइन्छ । यसले आधुनिक समाजमा साहित्यको वास्तविक स्थिति र भूमिकाको यथार्थ ढङ्गले विश्लेषण गर्ने प्रयत्न गर्दछ । साहित्यको समाजशास्त्र स्वरूपलाई नियाल्दा यसले मार्क्सवाद फ्रायडवाद संरचनावाद जस्ता प्रसिद्ध समालोचनाबाट पनि विचार ग्रहण गरेको पाइन्छ । साथै कृतिभित्र लेखक र कृतिको तुलनात्मक अध्ययन र विश्लेषण गर्ने भएकोले यसको स्वरूप व्यापक देखिन्छ ।

साहित्यको समाजशास्त्रले मुख्य रूपमा गद्य विधाअन्तर्गत आख्यान र नाटकको विश्लेषण गरेको पाइन्छ । यसले यी विधाभित्र भएका धर्म, संस्कृति, रीतिरिवाज लेखन, प्रतिभा र कल्पना आदिको उचित मूल्याङ्कन तथा विश्लेषण गर्दछ । यसको स्वरूपलाई हेर्दा यसले विशेष गरेर मीमांशवादी र अनुभववादी धारालाई अँगालेको पाइन्छ । मीमांशावादी धाराअन्तर्गत मार्क्सवादी, आलोचनात्मक समाजशास्त्र र संरचनावादी दृष्टिकोण प्रयोग पाइन्छ । अनुभववादीअन्तर्गत पुरानो विधेयवादी दृष्टिकोण प्रयोग भएको पाइन्छ । यसरी विभिन्न सिद्धान्त र धारालाई हेर्दा साहित्यको समाजशास्त्रको स्वरूप बृहत् देखिन्छ भने विधागत रूपका आधारमा भन्दा केही यसको स्वरूपमा केही सीमाबद्ध पनि पाउन सकिन्छ ।

## २.३ साहित्यको समाजशास्त्रको सिद्धान्त र मान्यता

साहित्यको स्वतन्त्रताको विषयमा बीसौं शताब्दीको प्रारम्भदेखि चर्को बहस भएको पाइन्छ । बहसकर्ताको मान्यताअनुसार साहित्य एक स्वतन्त्र विधा र लेखनबाट आउनुपर्छ भन्ने थियो । विशेष गरेर पश्चिमा राष्ट्रहरूमा विकास भएको पुँजीवादले साहित्य र समाजका जटिलताहरू ल्याइरहेका थिए । यस्ता समस्याहरूको निराकरण गर्नका लागि विभिन्न विधाहरू अगाडि आए । कसैले स्वपनिल चिन्तनबाट कसैले कल्पना र कसैले मनोगत सिद्धान्तका आधारहरू प्रस्तुत गर्ने काम गरे । यी सबै मान्यता र सिद्धान्तहरू असफल भएपछि साहित्यले अर्को वैकल्पिक बाटो रोज्दै समाजशास्त्र भाषाशास्त्र, मनोविज्ञान र इतिहासको सहायता साहित्यको अनुसनधानको प्रारम्भ भयो तर भाषाशास्त्रले यस बाटोमा अवरोध पुऱ्याएको कुरा डा. मैनेजर पाण्डेले व्यक्त गरेका छन् (पाण्डेय, १९८९:३१) ।

रूपवाद प्राग र पेरिस संरचनावाद, अमेरिकी नयाँ समीक्षा, शैली विज्ञान आदि जस्ता भाषिक सम्प्रदायको जन्म भए तापनि सही रूपमा साहित्यको सामाजिक अध्ययन गर्नमा कुनै मद्दत गर्न सकेन त्यसैले साहित्यको सामाजिक अध्ययन गर्नको लागि समाजशास्त्रको जन्म भयो ।

साहित्यको समाजशास्त्रको प्रमुख उद्देश्य समाजसित साहित्यको सम्बन्धको खोजी गर्नु हो । साहित्यको समाजसितको सम्बन्ध सरल नभएर जटिल प्रकारको हुन्छ । यही जटिल सम्बन्धको अध्ययन र अनुसन्धान समाजशास्त्र सिद्धान्तद्वारा गरिन्छ । साहित्यमा कल्पना तत्वको पनि प्रयोग भएको हुन्छ । कल्पना र यथार्थलाई छुट्याउने साधन भनेको नै समाजशास्त्र हो । त्यसैले डा.मैनेजर पाण्डेयको अनुसार साहित्यको समाजशास्त्रको आधुनिक समाजमा साहित्यको वास्तविक स्थिति र भूमिकाको यथार्थवादी ढङ्गबाट विशलेषण गर्ने प्रयत्न गर्दछ (पाण्डेय, १९८९:३१) ।

साहित्यको समाजशास्त्रको विकास सँगसँगै प्रमुख रूपमा दुईवटा सिद्धान्त आएको देखिन्छ । एउटा जसमा साहित्यमा समाजको अभिव्यक्ति खोजी गरिन्छ । यसलाई मीमांसावादी धारा भनिन्छ । अर्को सिद्धान्तमा साहित्यको समाजमा भएको स्थितिको विश्लेषण गरिन्छ । यसलाई अनुभववादी वा विधेयावादी सिद्धान्त भनिन्छ (पाण्डेय,

१९८९:३२) । मीमांसावादी सिद्धान्तलाई समीक्षा सिद्धान्त र विधेयवादी सिद्धान्तलाई दर्पण सिद्धान्त भनिन्छ । साहित्यलाई सम्पूर्ण रूपमा बुझ्नका लागि सामाजिक र ऐतिहासिक प्रक्रियासँग साहित्यको प्रक्रियाको परिवर्तन शीलतालाई बुझ्न अति जरूरी देखिन्छ किनभने साहित्यको सम्पूर्ण घटना ऐतिहासिक र सामाजिक प्रक्रियाबाट घटेको हुन्छ त्यसैले लेखक, कृति र पाठकको बीचमा भएको आपसी सम्बन्धलाई सामाजिक र ऐतिहासिक प्रक्रियाको अङ्गको रूपमा यथार्थवादी ढङ्गले बुझ्नु पर्दछ । मीमांसावादी सिद्धान्तले प्रकृति समाज र चेतनाको विकासशील सम्बन्धको सैद्धान्तिक ढाँचालाई आवश्यक मान्दछ । अर्कोतर्फ प्रत्यक्ष रूपमा इन्द्रियले बोध, प्रतिति र अनुभवलाई अनुभववादी सिद्धान्तले व्याख्या गर्छ । यसमा आँखाले देख्ने यथार्थ र भोगेर अनुभव गरिने यथार्थलाई महŒव दिइन्छ (पाण्डेय, १९८९:३२) । यसरी मीमांसावादी र अनुभववादी सिद्धान्तबाट समाजशास्त्र अध्ययन गर्न सकिन्छ ।

### २.३.१ दर्पण सिद्धान्त

दर्पण सिद्धान्तले साहित्यलाई समाजको दर्पणका रूपमा प्रस्तुत गर्दछ । साहित्यको भाषामा यसलाई प्रत्यक्षवादी विधेयवादी सिद्धान्त पनि भनिन्छ । यस सिद्धान्तले समाजमा कस्ता जाति, धर्म, लिङ्ग र सम्प्रदायका मानिस बस्दछन् भनेर उनीहरूको सामूहिक स्वरूप क्रियाकलाप र प्रस्तुतिलाई गहन रूपमा अध्ययन गर्दछ (आचार्य, २०६७:३१) । यस सिद्धान्तले सामाजिक परिवेशले नै कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा अहम् भूमिका खेल्दछ भन्ने मान्यता राख्दछ । कृतिभित्र कृतिकार व्यक्तित्व र कृतिकार व्यक्तित्वभित्र उसको सामाजिक परिवेश विद्यमान हुने कुरा यस सिद्धान्तमा स्वीकारिएको छ (दाहाल, २०५८: १८) । यसरी यस सिद्धान्तमा साहित्यकारको मस्तिष्कमा परेको सामाजिक प्रभावको विश्लेषण गरिन्छ ।

यसरी साहित्यको समाजशास्त्र, सिद्धान्तअन्तर्गत पर्ने दर्पण सिद्धान्तको आधारमा नै समाज र सामाजिक संरचनाको ऐतिहासिक विकासक्रम तथा त्यसमा भएको परिवर्तनको विश्लेषण गरिन्छ । यस सिद्धान्तले कृति कृतिमा वर्णित समाज तथा समसामायिक समाजका बीच तुलनात्मक अध्ययनद्वारा सिद्धान्तको पूर्नपरीक्षण गर्छ । यस सिद्धान्तले कृतिको

अन्तर्वस्तुमा विशेषतः ध्यान दिने गर्दछ । कृतिको रचनाको विगत, वर्तमान र भविष्यको परिस्थितिको पनि विश्लेषण गर्दछ (पाण्डेय, २०६७:३४) ।

यसरी दर्पण सिद्धान्तले साहित्यकारले कृति लेख्दा भन्दा अगाडिको लेख्दाको समय र कृति लखेपछिको अवस्थाको अध्ययन गर्दछ तथा कृतिमा साहित्यकारको व्यक्तित्वको प्रभावलाई नियाल्ने कार्य गर्दछ ।

साहित्यको समाजशास्त्रका जन्मदाता फ्रान्सेली समालोचक टेनले दर्पण सिद्धान्तलाई अगाडि बढाउन प्रमुख भूमिका खेलेका हुन् । उनले यस सिद्धान्तमा प्रजाति, युग र पर्यावरणका अवधारण अगाडि ल्याएर यस साहित्यिक सिद्धान्तको वैज्ञानिक रूपरेखा प्रस्तु गरेका छन् । उनले कृतिमा कृतिकारले रचना गर्दाको युग र पर्यावरणका साथै लेखकको प्रजातिको छाप परेको हुन्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् । टेनले आफ्नो कृति 'अङ्ग्रेजी साहित्यको इतिहास' मा साहित्यको नैतिकताको टीकाटिप्पणी गरेर यस सिद्धान्तलाई पुष्टि गर्ने कोसि गरेका छन् (पाण्डेय, १९८९:३१) । टेनले कला साहित्यमा सामाजिक घटना र तथ्य हुने तथा तथ्य र घटनाका बीच कार्यकारण सम्बन्ध हुने कुरा व्यक्त गरेका छन् (पाण्डेय, १९८९: ३१) ।

यसरी दर्पण सिद्धान्तले साहित्यकारले कृति लेख्दा भन्दा अगाडिको लेख्दाको समय र कृति लेखेपछिको अवस्थाको अध्ययन गर्दछ तथा कृतिमा साहित्यकारको व्यक्तित्वको प्रभावलाई नियाल्ने कार्य गर्दछ ।

साहित्यको समाजशास्त्रका जन्मदाता प्रफन्सेली समालोचक टेनले दर्पण सिद्धान्तलाई अगाडि बढाउन प्रमुख भूमिका खेलेका छन् । उनले यस सिद्धान्तमा प्रजाति, युग र पर्यावरणका अवधारणा अगाडि ल्याएर यस साहित्यिक सिद्धान्तको वैज्ञानिक रूपरेखा प्रस्तुत गरेका छन् । उनले कृतिमा कृतिकारले रचना गर्दाको युग र पर्यावरणका साथै लेखकको प्रजातिको छाप परेको हुन्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् । टेनले आफ्नो कृति 'अङ्ग्रेजी साहित्यको इतिहास' मा साहित्यको नैतिकताको टीकाटिप्पणी गरेर यस सिद्धान्तलाई पुष्टि गर्ने कोसिस गरेका छन् (पाण्डेय, १९८९:३१) । टेनले कला साहित्यमा सामाजिक घटना र

तथ्य हुने तथा तथ्य र घटनाका बीच कार्यकारण सम्बन्ध हुने कुरा व्यक्त गरेका छन् (पाण्डेय, १९८९:३१) ।

यसरी उनले प्रजातिअन्तर्गत व्यक्तिगत रूपमा रहेका लेखकका वंशानुगत प्रवृत्ति, उसको मानसिक र शारीरिक बनावटको चर्चा गरेका छन् । उनले युगमा साहित्यकारले कृति लेख्दाको समयलाई विशेष जोड दिएका छन् । त्यस्तै परिवेश र पर्यावरणमा प्राकृतिक र सामाजिक परिवेशलाई गौणका रूपमा लिएका छन् । उनको विचारमा समाजमा विभिन्न विचारहरू र विश्वासहरूको जन्म भएर प्रवाहित भइरहेको हुन्छ । यसले समाजमा एक खालको प्रभाव पार्दछ । यस्ता विचारले लेखकको व्यक्तित्वमा प्रभाव पार्दछ । यी विचारहरू लेखकले आफ्नो कृतिमा प्रस्तुत गर्दछ । यसरी टेनले प्रजाति, युग र पर्यावरणले मानसिक चेतनामा प्रभाव पार्ने हुनाले त्यही मानसिक संरचनाका आधारमा युगको विशेषता खोज्नु पर्ने तथा रचनाको समकालीन विचारलाई खोज्न तत्कालीन विचारको गहिराइसम्म पुग्नु पर्ने धारणा टेनले व्यक्त गरेका छन् ।

त्यस्तै दर्पण सिद्धान्तलाई अघि बढाउने अर्का समालोचक मडेम डे स्टेल हुन् । उनी एक नारी साहित्यकार हुन् । उनले आफ्नो पुस्तक 'सामाजिक संस्थासित साहित्यको सम्बन्ध' मा आफ्ना विचार प्रस्तुत गरेकी छन् (पाण्डेय, १९८९:११७) । उनले यस पुस्तकमा मैले साहित्यसित धर्म, नैतिकता तथा कानुनको प्रभाव र तिनीहरूसित साहित्यको प्रभावको जाँच गर्ने प्रयत्न गरेको छ (पाण्डेय, १९८९:१८) । भन्ने धारणा व्यक्त गरेकी छन् । स्टेलले साहित्यको स्वरूप र शैलीमा प्राकृतिक परिवेश र प्रजातिको प्रभावको विश्लेषण गरेकी छन् । प्रजातिको धारणा, सामाजिक विकासको अवस्था, युग चेतना तथा मानिस चरित्रको सहायताले साहित्यको सामाजिक आधारको विवेचना गर्न सकिने धारणा व्यक्त गरेकी छन् । साहित्यको समाजशास्त्रको उक्त प्रमुख पक्ष भनेको साहित्यको परिवर्तित रूप र विकासमा सामाजिक विकासको प्रभावको विश्लेषण हुनुपर्छ भन्दै परिवर्तनशील नयाँ साहित्यको कारण खोज्नु पर्ने धारणा उनले राखेकी छन् (जैन, १९८६:३८) । यसरी उनले समाजको दर्पणका रूपमा साहित्यलाई व्याख्या गरेकी छन् ।

यसरी साहित्यलाई समाजको दर्पण मान्दै समाजका क्रियाकलापको खोजी गरिने सिद्धान्त दपर्ण सिद्धान्त हो । यसमा कला साहित्यको प्रत्यक्ष सम्बन्धको विश्लेषण गरिन्छ ।

कृतिकारभित्र समाजका विविध सामाजिक पक्षको प्रभाव परेको हुन्छ र त्यही प्रभावले गर्दा आफ्ना अनुभूतिलाई कृतिकारले कृतिमा व्यक्त गरेको हुन्छ । यसरी सामाजिक प्रभाव कृतिकार मार्फत साहित्यमा कसरी व्यक्त हुन्छ भन्ने कुराको अध्ययन र विश्लेषण गर्ने काम दपर्ण सिद्धान्तले गर्दछ । यस दपर्ण सिद्धान्तले साहित्यलाई समाजको प्रतिछाया मान्ने भएकाले साहित्यकारमा परेको समाजको अवस्था, त्यसलाई कृतिकारले रूपान्तरित गर्ने तरिका तथा त्यसलाई सहयोग गर्ने वातावरणको अध्ययन गरिन्छ । यसरी दर्पण सिद्धान्तकै आधारमा समाज विकासको ऐतिहासिक स्वरूपलाई पत्ता लगाउन सकिन्छ । यस सिद्धान्तले तथ्यको सङ्कलन पनि गर्ने भएकोले समाज विकासमा देखिएका परिवर्तनलाई पनि यसै सिद्धान्तका आधारमा बुझ्न सकिन्छ ।

### २.३.२ समीक्षा सिद्धान्त

समीक्षा सिद्धान्तले साहित्यको समाजशास्त्र अध्ययनका क्रममा विकसित भएको मीमांशावादी धाराको प्रतिनिधित्व गर्दछ । यस सिद्धान्तको विकास दपर्ण, सिद्धान्तको आलोचना रूपमा भएको पाइन्छ । दपर्ण सिद्धान्त केवल तथ्य र सूचनाको भण्डार भएको र यसले केवल सतही मात्र अध्ययन गर्छ । त्यसैले साहित्यमा समाजको गहिराईमा गएर आन्तरिक पक्षको अध्ययन हुनुपर्दछ भन्ने मान्यता यस सिद्धान्तले राख्दछ । समीक्षा सिद्धान्तमा कृति विश्लेषण केन्द्रमा रहन्छ । जेने उल्फको विचारमा साहित्यको समाजशास्त्रको तिन पक्ष पाइन्छ । कृतिको व्याख्या कृतिमा भएको विचार धारा विचार धाराका सौन्दर्य वोध गरी तिन पक्ष छन् (पाण्डेय, १९८९:३३) । यसरी यस सिद्धान्तले साहित्यको बहिरङ्ग पक्षलाई भन्दा अन्तरङ्ग पक्षलाई बढी जोड दिन्छ । यस सिद्धान्तले साहित्यको तथ्यले साहित्यको अन्तरङ्गसम्म पुग्नु पर्ने मान्यता राख्दछ । यस सिद्धान्तले कारयत्री प्रतिभालाई भन्दा भावयत्री प्रतिभालाई प्रमुखता दिन्छ । साहित्य भनेको वैचारिक संघनताको केन्द्र भएकाले समाजमा घटेका घटनाको तथ्यलाई मात्र नस्वीकारी लेखकको वैचारिक अभिव्यक्तिलाई साहित्यको रूपमा स्वीकार गर्दछ । साहित्यमा अभिव्यक्त भएको विचारलाई समाजमा पार्ने सकारात्मक र नकारात्मक प्रभावका आधारमा विश्लेषण गरिन्छ । समीक्षा सिद्धान्तले मानव मनोवृत्ति, आचरण, इच्छा, आकाङ्क्षा र विचार आदिको सापेक्षतामा साहित्यको भूमिकालाई विश्लेषण गर्दछ । साथै साहित्यमा आफ्नो प्रमुख राख्न

मूल्य र मान्यताका कसीमा साहित्य र समाजको समीक्षात्मक तुलनात्मक एवम् खोजमूलक विश्लेषण गर्दछ ।

समीक्षा सिद्धान्तको मीमांसावादी धाराअन्तर्गत मार्क्सवादी आलोचनात्मक समाजशास्त्र तथा संरचनावादका विभिन्न दृष्टिकोणहरू समावेश भएका छन् । यस धाराको प्रतिनिधित्व गर्ने प्रमुख साहित्यको समाजशास्त्रीहरूमा लियो लाबोन्थल, लुसिए गोल्डम्यान, रेमण्ड विलियम्स हुन् ।

लियो लावेन्थललाई साहित्यको सिद्धान्तको मीमांसावादी धाराको प्रारम्भकर्ताको रूपमा लिइन्छ । उनले साहित्यको समाजशास्त्रमा मनोविज्ञान महŒवपूर्ण हुने धारणा राखेका छन् र यसमा पनि उनी सामाजिक मनोविज्ञानलाई प्रमुखता दिन्छन् । लावेन्थलका अनुसार कुनै पनि व्यवहारिक समाजशास्त्रको उद्देश्य भनेको कुनै पनि कृतिको केन्द्रमा रहेको विषयवस्तुको अर्थ या मर्मलाई बुझ्नु हो । यस अर्थले कुनै विषयवस्तुको विविध सामाजिक पक्षहरू वर्ग, व्यवसाय, प्रेम, धर्म, संस्कृति जस्ता आदि कुराहरूलाई अभिव्यक्ति गर्दछ (पाण्डेय, १९८९:७) ।

उनी प्राचीन संस्कृतिको अध्ययनमा जोड दिन्छ । प्राचीन संस्कृतिभित्र पनि इतिहास खोज्नु पर्ने धारणा उठाएका छन् । प्राचीन समयको ज्ञान लिने सर्वश्रेष्ठ बाटो भनेको प्राचीन संस्कृतिको अध्ययन हो भन्ने धारणा उनले राखेका छन् । डा.मैनेजर पाण्डेयका अनुसार १९८० मा प्रकाशित एक अन्तर्वार्तामा म एउटा पुरानो ढङ्गको साहित्य वैज्ञानिक हुँ । आधुनिक साहित्यमा कसैले समाजशास्त्र व्याख्या गर्न हिम्मत गरेको पाइँदैन । यसका दुई कारणहरू छन् । आधुनिक सहित्य न त इतिहासको कसीमा खरो छ न त त्यसले भविष्यमा नै इतिहासको ज्ञान दिन सक्छ (पाण्डेय, १९८९:१३२) । त्यसैले एउटा लेखकले ऐतिहासिक स्थितिको माध्यमबाट महान कृतिको समाज शास्त्रीय अध्ययन गर्न सक्दछ । लावेन्थलले लेखकको लक्ष्य भनेको साहित्यमा भएको सामाजिकताको व्याख्या गर्नु हो भन्ने राय प्रकट गरेका छन् । साहित्यमा सामाजिकताको खोज विशिष्ट प्रकारको हुनुपर्दछ । साहित्य व्यक्तिगत अनुभूतिको भण्डार भए तापनि यसमा भएका प्रेम र प्रकृति सामाजिक सन्दर्भबाट प्रभावित भएको हुन्छ ।

मूलतः लविन्थल प्राचीन संस्कृतिको अध्ययनमा जोड दिँदै यसमा इतिहास खोज्न सकिने मान्यता राख्दछन् । साहित्यमा सामाजिक मनोविज्ञान हुनाले त्यसको अध्ययन हुनुपर्छ भन्दछन् । साहित्यमा मानवीय यथार्थ हुने भएकाले व्यक्ति यथार्थ र सामाजिक यथार्थलाई महŒव दिएका छन् । उनले पाठकीय मनोविज्ञानमा पनि जोड दिएका छन् । महान साहित्य मात्र नभई यस्ता बजारिया र लोक साहित्यमा वर्गीय संस्कृति हुनाले यिनीहरूको पनि समाजशास्त्र अध्ययन हुनुपर्ने मान्यता राखेका छन् । उनको कृति विश्लेषण गर्ने आधार मार्क्सवाद र फ्रायडवाद भए तापनि समग्रमा भन्दा उनी साहित्यको समाजशास्त्रका प्रखर सिद्धान्तकार हुन् ।

मीमांसावादी धाराको प्रतिनिधित्व गर्ने अर्को समाजशास्त्री लुसिए गोल्म्यान हुन् । उनले विशेषगरी साहित्यक रचनामा विश्वदृष्टिको अवधारणालाई अगाडि सारेका छन् । उनका अनुसार एक वर्ग वा समूहको जीवनको बारेमा भएको सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो ।यो एउटा व्यक्तिको विचार नभएर समूह वा वर्गको विचार हो । यसको विकास कुनै समूह वा वर्गको सामाजिक प्रक्रियाबाट हुन्छ । विश्वदृष्टि कुनै एउटा वर्ग वा समूह दोस्रो वर्ग वा समूहसँग विभिन्न तरिकाले सम्बन्ध कायम गर्दै भावनाहरूको र विचारहरूको माध्यमबाट निर्माण हुन्छ (पाण्डेय, १९८९:१४८) ।

गोल्डम्यानका चिन्तन लुकाच र बिजेको चिन्तनबाट प्रभावित भएको पाइन्छ (पाण्डेय, १९८९:१४७) । उनले साहित्यको समाजशास्त्रलाई उत्पत्तिमूलक संरचनावादको रूपमा विकास गरे तापनि उनको सिद्धान्त साहित्यिक रचनामा पाइने भाषिक संरचना नभएर समूह दृष्टिकोणको संरचना पाइन्छ । समूहको समान वर्ग वा दृष्टिकोणलाई प्रमुख प्राथमिकता दिन गोल्डम्यानले साहित्यमा देखिने समाज समान चेतना र सजातीयद्वारा निर्माण भएको समाजलाई मानेका छन् । उनको विचारमा लखेकको विचार र समाजको विचारबाट औसत विचारको विकास हुन्छ । त्यो नै विश्वदृष्टि हो । लेखक एउटा समाजको उपज भएकाले समाजमा रहेका वर्ग तथा समूहसँगको घुलमिलको कारण तिनीहरूका चेतना विचार तथा मान्यतासँग नजिक हुने र परिचित हुने अवसर प्राप्त गर्दछ । लेखक समाजको अन्य व्यक्तिहरूसँगको सम्पर्कको कारणले गर्दा उनीहरूको विचारसँग एकाकार वा समाहित भएर अगाडि बढिरहेको हुन्छ । ती व्यक्ति वा समुदायमा भएका विचार र मान्तयाले

लेखकलाई प्रभावित पार्दछ । यिनै लेखकका प्रभावित विचाहरू कृतिमा अभिव्यक्त भएका हुन्छन् । यसरी समाजका वर्ग वा समूहका विचार लेखकका माध्यमबाट कृतिमा अभिव्यक्त हुने भएकाले कृति वैयक्तिक नभएर वर्ग वा समूहको सहभागिताको उपज हुन जान्छ । लेखक व्यक्तिहरूको विचार, मान्यता, भावना तथा कलाकारको विचार, भावना र मान्यतासँग अन्वित हुँदा नै विश्वदृष्टिकोण निर्माण हुन्छ । विश्वदृष्टि अर्मूत हुन्छ किनभने यो वर्ग र समूहको विचार हो । त्यसैले यो साहित्यमा प्रकट हुँदा कतै धर्म, कतै संस्कृति, कतै संस्कार तथा कतै दर्शनका रूपमा प्रकट हुन्छ । यसरी उनी समाजबाट कृतिको र कृतिबाट समाजको दोहोरो अध्ययन गरिनुपर्छ भन्दछन् । कृतिमा सामाजिक यथार्थ पक्षको अध्ययन गर्दै साहित्यमा विश्वदृष्टिको खोजी हुनुपर्ने धारणा राख्दछन् ।

मीमांसावादी धाराको प्रतिनिधित्व गर्ने साहित्यको समाजशास्त्री रेमण्ड विलियम्स हुन् । उनी विशेषतः अनुभव र अनुभूतिलाई बढी महŒव दिन्छन् । उनका अनुसार संरचनाबाट जहाँ सुनिश्चित रूपको बोध हुन्छ । त्यही अनुभूतिको संरचना पाउन सकिन्छ । त्यसैले साहित्यसँग समाजको सम्बन्धको विश्लेषण गर्दै उनले काल वा समय विशेषमा आएको लोकप्रिय अनुभूतिलाई साहित्यबाट खोज्न सक्नु पर्छ भनेका छन् । यस्तो स्तरमा संस्कृतिसँगको वास्तविक भित्री सम्बन्धको प्रकट हुन्छ (पाण्डेय, १९८९:१८२) । उनले संस्कृतिलाई महŒव दिँदै जीवनको समान पद्धति संस्कृति मानेका छन् । संस्कृति जीवन्त अनुभवका रूपमा हुन्छ । संस्कृतिको दोस्रो रूप लेखकीय हो र कलाकृति तथा अन्य क्षेत्रमा सुरक्षित हुन्छ । संस्कृति लेखिने दस्तावेज नभएर समाजमा रहेको जीवन्त अनुभव हो । त्यसैले विलियम्स साहित्यलाई संस्कृतिको प्रमुख रूप मान्दछन ।

समाजका व्यक्तिहरूमा भएको भोगाइ र यथार्थ अनुभवलाई साहित्यकारले अनुभूतिको माध्यमबाट कृतिमा अभिव्यक्त गर्ने हुनाले लेखकको रचनामा समाजको प्रतिविम्ब कलात्मक रूपमा व्यक्त हुन्छ भन्ने मान्यता रेमण्ड विलियम्समा पाइन्छ । लेखकले समाजको परम्परा, मान्यता, धर्म र संस्कृति सम्बन्धी आफ्ना अनुभूतिलाई कृतिमा व्यक्त गर्ने हुनाले विलियम्सले साहित्यलाई संस्कृतिको स्रोत मानेका छन् । यसरी साहित्यमा साहित्यकारको अनुभूतिलाई महŒव दिन सकिन्छ । त्यसैले रेमन्ड विलियम्सले लेखकले गर्ने

अनुभूति पाठकले गर्ने अनुभूति र समाजमा रहेका विभिन्न वर्ग र समूहले गर्ने अनुभूतिलाई साहित्यको समाजशास्त्र अध्ययनको मुख्य विषय मानेका छन् ।

## २.४ साहित्यको समाजशास्त्र अध्ययनका आधारहरू

साहित्यको समाजशास्त्रले समाज र साहित्यको अध्ययन गर्दछ । साहित्यमा प्रयोग भएको समाजको विश्लेषण गर्छ । साहित्यिक कृतिमा प्रयोग भएको विषय र घटनाको कार्यकारण सम्बन्धको खोजी गर्ने कार्य गर्दछ । कुनै कृतिको सृजना गर्ने साहित्यकार एक सामाजिक प्राणी हो । समाजमा भएका मूल्य र मान्यताबाट लेखकको व्यक्तित्व विकास भएको हुन्छ । त्यही समाजमा भएका सांस्कृति, सामाजिक, धार्मिक, आर्थिक तथा राजनीतिक परिवेशले उसमा सकारात्मक तथा नकारात्मक प्रभाव पारेको हुन्छ । त्यसैले साहित्यकार एउटा समाजको द्रष्टा बन्न पुग्दछ । उसले आफूले देखेका भोगेका र अनुभव गरेका कुरालाई आफ्नो कृतिको माध्यमबाट व्यक्त गर्छ । कृतिमा लेखकका अनुभूतिहरू पोखिएका हुन्छन् । एउटा लेखकको विचार साहित्यमा पोखिनुको अर्थ समग्र समाजप्रति उसको विचार पोखिनु हो । त्यसकारण लेखकको कृतिको सामाजिक पक्षको अध्ययन तथा विश्लेषण गर्ने समाजशास्त्र सिद्धान्तलाई आधार बनाउनु महŒवपूर्ण मानिन्छ । साहित्यको समाजशास्त्रको अध्ययन जटिल कार्य हो किनभने समाज र साहित्यको सम्बन्ध जटिल प्रकारको हुन्छ । यसमा समाजको एक पक्षमा मात्र नभई समग्र पक्षको अध्ययन गर्नुपर्दछ । समाजमा रहेका विभिन्न जाति, धर्म, संस्कृति वर्ग, समूह र लिङ्ग जस्ता कुराहरूको अध्ययन गर्नुपर्दछ ।

कुनै पनि साहित्यिक कृतिको अध्ययन गर्दा सामाजिक क्रियाकलाप र संरचनाको अध्ययन गर्नुपर्ने हुन्छ । त्यसैले साहित्यको सम्पूर्ण सामाजिक पक्षको अध्ययन गर्दा साहित्यको समाजशास्त्र सिद्धान्तलाई आधार बनाएर गरिन्छ । साहित्यिक कृतिको समाजशास्त्र अध्ययन गर्दा लेखकमा जातिगत प्रभाव, वर्गीयता, संस्कृति, उसले गरेको अनुभूति विश्वप्रतिको दृष्टि, भाषाशैली, कृति लेख्दाको समय र वातावरणलाई ध्यान दिनुपर्छ । त्यसकारण साहित्यको समाजशास्त्र अध्ययन प्रजाति, युग र पर्यावरण विश्वदृष्टि संस्कृति, भाषाशैली र अनुभूतिको संरचना जस्ता महŒवपूर्ण पक्षलाई आधार बनाएर गर्नुपर्दछ ।

## २.४.१ प्रजाति

साहित्यको समाजशास्त्र अध्ययनलाई सैद्धान्तिक रूप दिने प्रथम समाजशास्त्री इपिलि टेन हुन् । टेनले मानव समूहमा विभिन्न जात जातिहरू हुन्छन् र प्रत्येक साहित्यकार कुनै पनि  जातिको सदस्य हुन्छ । संसारका प्रत्येक जातिको आफ्नै सांस्कृतिक र ऐतिहासिक परम्परा हुन्छ । आफ्नै कलागत मूल्य हुन्छ र आफ्नै जीवनको आदर्श हुन्छ । यी सबै विशेषताहरू त्यस जातिको जीवनमा घुलमिल भएर अभिभाज्य रूपमा रहेका हुन्छन् । यस्ता जातिगत विशेषताहरू त्यस जातिका सबै साहित्यकारमा घटी वा बढी मात्रामा पाइन्छ (शर्मा र लुइँटेल, २०६३:१२५) । त्यसैले लेखकले यही जातिगत विशेषतालाई आफ्नो कृतिमा अभिव्यक्त  गरेको हुन्छ । यस विशेषतालाई नै टेनले प्रजातिगत विशेषतालाई व्यक्त गर्दछ । त्यसैले आफ्नो समाजमा रहेका अन्य समूह र वर्गको प्रजातिगत विशेषतालाई पनि आफ्नो साहित्यमा व्यक्त गर्दछ । लेखकमा भएको जातिको संस्कृति, परम्परा, धर्म, रीतिरिवाजलाई उसले आफ्नो कृतिमा कुनै न कुनै रूपमा व्यक्त गरेको हुन्छ । टेनले प्रजातिको रूपमा सहज वंशानुगत विशेषता स्वाभाव, शारीरिक संरचना आदिको व्याख्या गरेका छन् ।

१९ औं शताब्दीमा लोकप्रिय भएको प्रजातिगत अवधारणालाई टेनले नै प्रथम पल्ट समाजशास्त्री अध्ययनको लागि अगाडि बढाएका हुन् । यसरी कुनै पनि जातिमा भएको शारीरिक, मानसिक संरचना वंशानुगत विशेषताहरू नै प्रजातिगत विशेषता हुन् । त्यसैले साहित्यकारको समाज, त्यसका जातजाति र साहित्यिक कृतिमा भएका पात्रहरूका प्रजातिगत विशेषतालाई साहित्यको समाजशास्त्र अध्ययनको आधार बनाउन सकिन्छ ।

## २.४.२ युग र पर्यावरण

साहित्यको समाजशास्त्र अध्ययनको महŒवपूर्ण आधार युग र पर्यावरणलाई पनि लिइन्छ । युग भनेको लेखकले कृति रचना गर्दाको समय हो भने पर्यावरण त्यस बेलाको देशकाल र परिस्थिति हो । लेखक एउटा स्रष्टा मात्र नभएर द्रष्टा पनि हो । उसले आफ्नो समकालीन युगमा देखेका, भोगेका विषय र घटनालाई कृतिमा अभिव्यक्ति गर्छ । त्यस

युगमा भएका सामाजिक र भौगोलिक पर्यावरणको सापेक्षतामा कृतिको परिवेश सृजना गरेको हुन्छ । त्यसले कुनै पनि साहित्यकारले आफ्नो कृतिमा युग र पर्यावरणलाई कुनै न कुनै रूपमा समाहित गरेको हुन्छ ।

टेनका अनुसार युग भनेको तत्कालीन समय हो । त्यसैले कुनै कृतिको अध्ययन गर्दा लेखक बाँचेको युगमा भएको सामाजिक मूल्यमान्यता र त्यसमा रहेका समस्या र विश्वासलाई खोजी गर्नुपर्दछ । टेनका अनुसार प्रत्येक युगमा एक न एक प्रधान विचार स्थापित भएको हुन्छ । यो एउटा यस्तो बौद्धिक साँचो हो । जसको सदियौंसम्म पनि जिवित रहने क्षमता हुन्छ । (शर्मा र लुइँटेल, २०६३:१२९) । यसबाट के प्रष्ट हुन्छ भने एउटा कुनै युगमा स्थापित भएको मान्यता साहित्यिक कृतिमा प्रतिविम्बित भएको हुन्छ । टेनका विचारबाट के पुष्टि हुन्छ भने कुनै पनि युग वा कालमा त्यस समाजको आफ्नै विचार र मान्यता हुन्छ । कुनै पनि युगमा प्रत्येक समाजले विभिन्न विचारहरूमध्ये एउटा विशिष्ट विचारलाई ग्रहण गरेको हुन्छ । ती विशिष्ट विचार नै प्रमुख भएर समाजमा स्थापित भएर साहित्यमा अभिव्यक्त हुन्छ किनभने लेखकले आफ्नो युगको महŒवपूर्ण विचारलाई कृतिमा अभिव्यक्त गरेको हुन्छ । कतिपय अवस्थामा भने जुनसुकै युगका मान्याहरू एकैनासको नभई परिवर्तनशील पनि हुन्छन् त्यसकारण सबै साहित्यकारको युग एकै किसिमको हुँदैन । तर पनि कुन युगमा कस्तो विचार प्रधान थियो भन्ने कुराको खोजी नगरी समाजशास्त्र अध्ययन गर्दा त्यो अध्ययन अपुरो हुन्छ त्यसकारण साहित्यको समाजशास्त्र अध्ययन गर्दा लेखकले कृतिमा व्यक्त गरेको युगका अध्ययन गर्नुपर्छ । टेनले पर्यावरणलाई परिवेशका रूपमा व्याख्या गरेका छन् । साहित्यकारमा साहित्यको सिर्जना गर्दा पर्यावरणले पनि प्रभाव पार्दछ । प्रत्येक साहित्यकारले जन्मदेखि आफ्नै वरिपरिको पर्यावरणबाट प्रभाव ग्रहण गर्दछ । यी प्रभावहरूपछि उसका साहित्यिक कृति मार्फत् अभिव्यक्तका रूपमा क्रियाशील हुन्छन् र यिनैका परिचालनबाट उसले साहित्यको साधना गर्छ (शर्मा र लुइँटेल, २०६३:१२९) । यसबाट के देखिन्छ भने लेखकले आफ्नो वरिपरिको पर्यावरण प्रभावलाई साहित्यमा अभिव्यक्त गर्दछ ।

प्राकृतिक परिवेशलाई प्रमुख र सामाजिक परिवेशलाई गौण ठान्दै टेनले मानिस संसारमा कहिले पनि एक्लो हुँदैन उसको वरिपरि प्रवृत्ति र समाज हुन्छ । उसका आदिम

प्रवृत्ति तथा प्रजातिगत विशेषतः भौतिक सामाजिक परिस्थितिहरू घटनाहरूबाट प्रभावित हुन्छन् (पाण्डेय, १९८९:१२५) । जलवायु वातावरण जस्ता प्राकृतिक परिवेशले व्यक्तिको स्वभाव निर्माण हुने र त्यही स्वभावको अभिव्यक्ति साहित्यमा पर्न जाने हुनाले उनले प्राकृतिक परिवेश र मानव स्वभाव बिच कार्यकारण सम्बन्ध हुन्छ भनेका हुन् । टेनले प्राकृतिक परिवेशलाई जोड दिएर सामाजिक परिवेशलाई वास्ता नगरको उनको विचारबाट प्रष्टिन्छ त्यसकारण साहित्यको समाजशास्त्र अध्ययन गर्दा प्राकृतिक परिवेशका साथै राजनीतिक सामाजिक परिवेश र आन्तरिक परिवेशलाई पनि अध्ययनको मुख्य आधार बनाउनु पर्दछ ।

## २.४.३ विश्वदृष्टि

साहित्यको समाजशास्त्र अध्ययनमा विश्वदृष्टिको अवधारणा अघि सार्न विद्वान लुसिए गोल्डम्यान हुन् । उनका अनुसार साहित्यका कृति सामूहिक चेतना वा निर्वैयक्तिक चेतनाको अभिव्यक्ति हो किनभने यसमा लेखकको विश्वदृष्टि निजी संरचना मात्र नभएर यसमा उसको वर्गको अन्य व्यक्तिको पनि सहभागिता हुन्छ (पाण्डे, १९८९:१४८) । त्यसैले विश्वदृष्टि एक व्यक्तिको विचार नभएर एउटा वर्ग वा समूहको जीवन जगतप्रतिको दृष्टि हो । विश्वदृष्टि एक व्यक्तिले विकास गर्ने नभएर सामाजिक र ऐतिहासिक विकाससँगै कुनै वर्ग वा समूहमा विकास हुन्छ । समाजमा रहेको विभिन्न व्यक्तिहरूको विचार मान्यता चाहना आदिको अन्तर्सम्बन्धबाट नै विश्वदृष्टिको विकास हुन्छ । संसार र जीवन जगतलाई हेर्ने, बुझ्ने साझा दृष्टि नै विश्वदृष्टि हो । समाजका विभिन्न कर्महरू, विभिन्न क्रियाकलापमा संलग्न हुन्छन् । उनीहरूको सामाजिक, आर्थिक, राजनीतिक क्रियाकलाप भिन्न-भिन्न प्रकारको हुन्छ । यिनै व्यक्ति वर्ग र समूहको सामूहिक वैचारिक दृष्टिकोण नै विश्वदृष्टि हो ।

साहित्यकारले यिनै वर्ग वा समूहका विश्वदृष्टिलाई कला र साहित्यको माध्यमद्वारा कृतिमा कल्पना र यथार्थको संयोजन गरी अभिव्यक्त गर्दछ । कुनै पनि कृतिमा लेखकको विचार तथा चेतनाको अभिव्यक्ति हुन्छ । उसको विचार उसको समाजका व्यत्ति वर्ग वा समूहको विचार चिन्तन र क्रियाकलापबाट प्रभावित हुन्छ त्यसकारण साहित्यमा व्यक्त विचारलाई लेखकको वर्ग र उसको समाजका अन्य व्यक्तिहरूको विचारसँग गोडेर हेरिनु

पर्दछ । यसरी सामूहिक चेतना नै विश्वदृष्टि भएकाले साहित्यको अध्ययनको आधार विश्वदृष्टिलाई बनाउनु महŒवपूर्ण मानिन्छ ।

## २.४.४ संस्कृति

साहित्यलाई संस्कृतिको रूप मान्ने विद्वान लियोलावेन्थल हुन् । संस्कृति भनेको मानिसका जीवनका अनुभव, ज्ञान, कला, नैतिकता, रीतिरिवाज, परम्परा आदि हुन् । जुन मानिसले आफ्नो पुर्ख्यौली सम्पत्तिका रूपमा प्राप्त गरको हुन्छन् । यो पुरानो पुस्ताबाट नयाँ पुस्तामा हस्तान्तरण भएर सर्दछ । यसरी हस्तान्तरित भएर सर्ने धर्म, परम्परा, आस्था, विश्वास र लोकाचार नै संस्कृति हो । संस्कृति एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदा कतिपय परिवर्तित हुन्छन् भने कति जस्ताको तस्तै रहन्छन् कि त अतितका गर्भमा विलय हुन्छन् र कति पुनर्निमाण हुन पुग्दछन् त्यसैले संस्कृति लिखित दस्तावेज नभएर जीवन अनुभव हो । रेमण्ड विलियम्स समाजसँगै संसकृतिको र विभिन्न रूपको सम्बन्धलाई विचार गरेर समाज र संस्कृतिको परिवर्तनको बोध गर्ने लेखक नै महŒवपूर्ण हुन्छ (पाण्डेय, १९८९:१६१) । साहित्यकारले आफ्ना संस्कृति र समाजका भिन्न-भिन्न प्रकारका संस्कृतिलाई पनि आफ्नो कृतिमा साहित्यको माध्यमद्वारा व्यक्त गरेको हुन्छ । त्यसैले कुनै साहित्यिक कृतिको अध्ययन गर्दा संस्कृतिलाई आधार बनाउनु पर्छ । लेखकको आफ्नै खालको संस्कृति हुन्छ र उसले आफू बसेको समाजमा अरु विभिन्न जाति जनजातिहरूको संस्कृतिलाई पनि प्रत्यक्ष रूपमा देखेको हुन्छ । यसरी उसले आफूले भोगेको र देखेको संस्कृतिलाई संयोजन गरी कृतिमा अभिव्यक्त गर्दछ । त्यसकारण समाजमा भएका यी संस्कृतिहरू साहित्यमा के कसरी आएका छन् ? कुन समयमा कस्तो संस्कृति विद्यमान थियो भन्ने कुरा बुझ्नका लागि संस्कृतिलाई साहित्यको अध्ययनको आधार बनाउनु पर्दछ ।

## २.४.५ कार्यकारण

साहित्यको समाजशास्त्रका प्रारम्भकर्ता इपिलि टेनले नै कृतिमा कार्यकारणको खोजी हुनुपर्ने धारणा ल्याएका हुन् । कला साहित्य सामाजिक घटना र तथ्यहरू नै हुन् तर ती घटना र तथ्यहरूका बीच कार्यकारण सम्बन्ध हुन्छ भन्ने धारणा टेनको छ । साहित्यकारले समाजमा भएका यथार्थ घटनालाई तथा तथ्यलाई साहित्यमा अभिव्यक्त गरेको हुन्छ ।

साहित्यमा व्यक्त भएका घटना घट्नुको पछाडि कुनै न कुनै कारण अन्तर्निहित भएका हुन्छन् । साहित्यकारले त्यस्ता घटना तथा तथ्यलाई आफ्नो कल्पना र प्रतिभाले मानवीय यथार्थमा परिणत गरेको हुन्छ । यस क्रममा लेखकले आफ्नो विचार र तर्कहरू पनि प्रस्तुत गरेको हुन्छ । विचार र तर्कका माध्यमद्वारा लेखकले घटना घट्नुको कारण पनि उल्लेख गरेको हुन्छ । साहित्यकाले वस्तु तथ्यको मात्र चित्रण नगरी मानवीय यथार्थको पनि चित्रण गर्दछ । यसरी अनुभूति र कल्पनाको प्रयोग गर्दा घटना घट्नुको कारणहरू आफ्ना विचार वा तर्कमा प्रस्तुत गर्दछ । त्यसैले कार्यकारणलाई साहित्य अध्ययनको आधार बनाउनु पर्दछ । जलवायु वातावरण जस्ता प्राकृतिक परिवेशले व्यक्तिको स्वभावको निर्माण हुने र त्यही स्वभावको अभिव्यक्ति कला साहित्य पर्न जाने सन्दर्भलाई टेनले मानव स्वभाव नयाँ प्राकृतिक परिवेशका बिचको कार्यकारण मानेका छन् त्यसैले यही कारण साहित्यमा अन्तर सम्बन्धित भएर आउने हुनाले कार्यकारणलाई साहित्यको अध्ययनको आधार बनाउनु पर्छ ।

## २.४.६ भाषाशैली

भाषा मानिसको आफ्नो अनुभव र अनुभूति वा विचारको सम्प्रेषण गर्ने साधन हो । यो मौखिक र लिखित रूपमा प्रयोग हुन्छ । भाषा समाजमा प्रयोग हुन्छ । भाषा सामाजिक वस्तु हो । भाषाको माध्यमबाट नै समाजमा व्यक्ति, वर्ग र समूहको सम्पर्क स्थापित भएको हुन्छ त्यसैले समाज र भाषाको घनिष्ट सम्बन्ध हुन्छ । विभिन्न देश जाति, लिङ्ग, धर्म समूहको अरु आफ्नै प्रकारको भाषा हुन्छ । भाषाको माध्यमबाट नै उनीहरूले आफ्नो पहिचान बनाएका हुन्छन् । भाषाका प्रकार पनि धेरै हुन्छन् । भाषालाई सामाजिक भौगोलिक र प्रयोजनपरक भेदका आधारमा छुट्याउन सकिन्छ त्यसकारण एउटा साहित्यकारले आफ्नो कृतिमा सामिाजक क्रियाकलापका आधारमा आफ्नो पात्रको परिचय दिने सक्ने खालको भाषा प्रयोग गर्दछन् । आख्यान भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ । उपन्यासमा कथ्य र लेख्य दुवै भाषाको प्रयोग आवश्यकता अनुसार हुन्छ (बराल र एटम, २०६६ : ३९) साहित्यमा विभिन्न सामाजिक, भौगोलिक, वर्ग, जात, धर्म र लिङ्गका पात्रहरूको प्रयोग हुन्छ न एक सफल साहित्यकारले ती पात्रअनुसारको भाषिक दायित्व निर्वाह गरेको हुन्छ । लेखक आफ्नो वैयक्तिक भाषाको पेसाबाट नाघेर अनेक जातजातिको, अनेक भुर्गाभ भएको सभ्य, असभ्य, शिक्षित र

अशिक्षित भाषासम्म फैलन पुग्दछ त्यसैले उसले विभिन्न भाषागत विशेषता बोकेका पात्र अनुकूलको भाषा प्रयोग गरेको हुन्छ ।

साहित्यमा प्रयोग भएका पात्रले आ-आफ्नै परिवेश सुहाउँदो भाषा बोल्दछन् । यद्यपि लेखकले साहित्यमा प्रायः मानक भाषाको प्रयोग गर्दछ । लेख्य भाषा मानक भए पनि साहित्यलाई जीवन्त बनाउन र पात्रको यथार्थ परिचय दिन कृतिमा मौलिकता थप्न पात्र अनुसारको भाषा प्रयोग भएको हुन्छ । यसले कृतिमा रोचकता थप्ने भएकोले साहित्यमा भाषालाई महŒवपूर्ण मानिन्छ ।

शैली भाषालाई प्रस्तुत गर्ने तौरतरिका हो । उपन्यासमा रहेको घटनावलीको संयोजनलाई उपन्यासकारले आ-आफ्नै रूचि, सक्षमता र कौशलअनुसार प्रभावकारी बनाउने गर्दछन् । शैली प्रत्यके लेखकपिच्छे फरक-फरक हुनाले जति लेखन हुन्छन् त्यति नै शैली पनि हुन्छ । निजत्वको विशिष्ट रूप नै शैली हो (प्रधान, २०४३:९) ।

उपन्यास रचनाका दृष्टिले शैली फरक-फरक हुन्छन् । वर्णनात्मक, विश्लेषणात्मक अलोचनात्मक आत्मकथात्मक आदि शैलीका परिकारले उपन्यासमा नै विविधता ल्याई दिन्छ (प्रधान, २०४३:९) । उपन्यासहरू एउटै विषयवस्तुका आधारमा लेखिए पनि शैलीगत भिन्नताको कारणले फरक-फरक देखिन्छन् (प्रधान, २०४३:९) । शैलीको परिचय भाषा प्रयोग, कथावस्तुको सङ्गठन चरित्रचित्रण र विषयवस्तुको शृङ्खलाबद्ध प्रस्तुतीकरणमा पाइन्छ (उपाध्याय, २०४४:१७२) । शैली रचनाको यस्तो प्रकार हो जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिले विचलन पनि हुन्छ । शैलीगत अनिर्मिततामा औपन्यासिक रूपात्मकताको कल्पना गर्न सकिँदैन (प्रधान, २०४३:९) । त्यसैले कुनै पनि उपन्यास विश्लेषण गर्ने शैली अनिवार्य तत्व मानिन्छ ।

### २.४.७ अनुभूतिको संरचना

अनुभूतिको संरचनाको मान्यतालाई स्थापना गर्ने विद्वान रेमण्ड विलियम्स हुन् । एउटा साहित्यकारले आफ्नो मान्यता र विचारलाई कृतिमा उसले गरेको अनुभूतिको आधारमा व्यक्त गरेको हुन्छ । समाजमा भएका घटना वा विषयवस्तु लेखकले प्रत्यक्ष रूपमा देखे भोगेको र अनुभव गरेको हुन्छ । त्यसबाट प्रभावित भएर लेखकले अनुभूतिको

माध्यमबाट आफ्नो विचार कृतिमा प्रस्तुत गर्दछ । लेखक एउटा समाजको उपज भएकाले समाजमा भएका कच्चा पदार्थलाई ग्रहण गर्दछ । ती भौतिक पदार्थलाई आफ्नो कला र सिर्जनशीलताका साथै कल्पनाको प्रशोधन गरी कृतिमा अभिव्यक्त गर्दछ । यो कार्य उसको अनुभूतिले गर्दा भएको हो । आम मानिसमा समाजका घटना र विषयवस्तुप्रति अनुभूति जागृत हुन्छ । त्यो अनुभूति केवल क्षणिक हुन्छ । लेखकले जस्तो कल्पना र सिर्जनशीलताको क्षमताले रङ्ग्याउन सक्दैन । यो दक्षता केवल एउटा साहित्यिक व्यक्तिले मात्र पाएको हुन्छ । कुनै वस्तु वा घटनाको तत्कालीन अध्ययन र अनुभूतिको माध्यमले त्यसको संवेदनालाई उतार्ने काम साहित्यकारले मात्र गर्न सक्छ । सामान्य मानिसमा यो कार्य दीर्घकालीन हुँदैन ।

साहित्यकारले समाजबाट वस्तु, विषय र यथार्थ घटनाहरू कच्चा सामग्रीको रूपमा लिने गर्दछ । त्यसलाई आफ्नो अनुभूतिले परिमार्जन गरी विचारको रूपमा परिणत गरी कृतिमा व्यक्त गर्दछ । कृतिमार्फत पाठक रसमाज सामु प्रसारण गर्दछ । साहित्यकारले आफ्नो अनुभूतिलाई साहित्यद्वारा समाजमा प्रसारण गर्ने काम कृतिका पात्र, भाषा र संवादको माध्यमले गर्दछ । जसमा पात्र, भाषा र संवादको प्रयोग गरेर विषय र घटनाप्रतिको अनुभूतिलाई मूर्त रूप दिन्छ । यति मात्रै नभएर साहित्यकारले साहित्यबाट पाठक र समाजले गरेको अनुभूतिलाई पनि ग्रहण गर्दछ । यसरी लेखक कृति र पाठकका बिचमा निरन्तर दोहोरिने विचारको प्रक्रियालाई अनुभूतिको संरचना भनिन्छ त्यसैले साहित्यकार पाठक र समाजको धारणा तथा मान्यतालाई बुझ्नका लागि अनुभूतिको संरचनालाई साहित्यको समाजशास्त्र अध्ययनको आधार बनाउनु महŒवपूर्ण मानिन्छ ।

## २.५ निष्कर्ष

साहित्यको समाजशास्त्रको प्रमुख उद्देश्य समाजसित साहित्यको सम्बन्ध खोजी गर्नु हो । साहित्य समाजको ऐना भएकाले साहित्य र समाजको सम्बन्ध प्रगाढ रहन्छ । साहित्यको समाजशास्त्रले समाजमा प्रचलित राजनीतिका, आर्थिक, सांस्कृतिक, धार्मिक आदि पक्षको खोजी गर्दछ । साहित्यकारको प्रजातिगत विशेषता, कृति सृजना गर्दाको युग र लेखक बाँच्दाको समय, वातावरण कस्तो थियो भन्ने कुराको विश्लेषण गर्दछ । तत्कालीन सामाजिक व्यवस्थाको गहिराइसम्म पुगेर अध्ययन गर्दछ । साहित्य सिर्जना हुँदाको राजनीतिक, सामाजिक र आर्थिक क्रियाकलापको जानकारी दिन्छ । साहित्यकारले व्यक्त

गरेको विचार तथा अभिव्यक्ति र कृतिमा प्रयुक्त पात्रको माध्यमद्वारा भाषा र संस्कृतिको ज्ञान प्राप्त हुन्छ । तत्कालीन भाषा र भाषिकाको खोजी साहित्यको समाजशास्त्रले गर्दछ ।

साहित्यको समाजशास्त्रको माध्यमद्वारा समाजको समग्र पक्षको विश्लेषण गर्न सकिन्छ । यसबाट समाजमा रहेका विभिन्न जातजाति, वर्ग, समुदाय, विचार, चिन्तन, चेतना, सामाजिक, राजनीतिक र आर्थिक पक्षको अध्ययन विश्लेषण गर्न सकिन्छ तर समाज र साहित्यको सम्बन्ध जटिल हुने भएकोले यसको विश्लेषण आफैँमा जटिल मानिन्छ । यसै सम्बन्धमा साहित्यको समाजशास्त्रको अध्ययन गर्ने सजिलो पार्नको निम्ति समाजशास्त्री टेनले समाजशास्त्रको सिद्धान्त विकास गरेका छन् । यसमा प्रमुख रूपमा दुई सिद्धान्त पाइन्छ । दर्पण सिद्धान्त जसले साहित्यलाई समाजको दर्पण मानेर बाहिरी पक्षको विश्लेषण गर्छ । दोस्रो मीमांशवादी सिद्धान्त जसले समाजको आन्तरिक पक्षको विश्लेषण गर्छ । यसका अतिरिक्त साहित्यको समाजशास्त्रलाई मार्क्सवाद, फ्रायडवाद र संरचनावादका मान्यतासँग निकट राखेर विश्लेषण गरेको पाइन्छ । मुख्यतः साहित्यको समाजशास्त्र साहित्यमा समाजको खोजी गर्ने शास्त्र भएकोले समाजमा रहेका प्रजाति, युग र पर्यावरण, विश्वदृष्टि, संस्कृति, कार्यकारण, भाषाशैली र अनुभूतिको संरचना जस्ता समाजको हरेक परिवेश तथा समग्र पक्षलाई समेट्न सक्ने मापदण्डका आधारमा समाजशास्त्रको विश्लेषण गर्नु महŒवपूर्ण युक्तिसङ्गत देखिन्छ ।

# परिच्छेद : तिन

# साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा लिलाम उपन्यासको विश्लेषण

## ३.१ परिचय

यस अध्ययनमा उपन्यासकार जगदीश घिमिरेको जीवनीको सङ्क्षिप्त परिचय र **लिलाम** उपन्यासको समाजशास्त्र विश्लेषण गर्ने क्रममा प्रजाति, युग र पर्यावरण,

विश्वदृष्टि, संस्कृति, कार्यकारण, भाषाशैली र अनुभूतिको संरचनालाई सैद्धान्तिक आधार मानी विश्लेषण गरिएको छ ।

### ३.१.१ जगदीश घिमिरेको जीवनीको सङ्क्षिप्त परिचय

जगदीश घिमिरे नेपाली साहित्यको क्षेत्रमा सामाजिक यथार्थवादी उापन्यासकारका रूपमा परिचित छन् । उनको जन्म पिता इन्द्रप्रसाद घिमिरे तथा माता पद्मकुमारी घिमिरेका छैंटौ पुत्रका रूपमा वि.सं. २००२, चैत्र २८ गते रामेछाप जिल्लाको मन्थलीमा भएको हो । उच्च मध्यमवर्गीय ब्राम्हण परिवारमा जन्मेका घिमिरेले बाल्यकालमा कुनै आर्थिक बाधा व्यवधान झेल्नु परेन । घिमिरेका प्रारम्भिक शिक्षादीक्षा आफ्नै घरबाट भएको हो । उनका पिताले आफ्ना सन्तानहरूका लागि घरमै राम्रो पढ्ने व्यवस्था मिलाएका थिए । पिता न्यायधीश भएकाले उनी पनि पिताको कर्म क्षेत्र जलेश्वर गए र त्यहींँको मा.वि. विद्यालयबाट शिक्षा आर्जन गरे । त्यसपछि उनले वि.सं.२०१० मा सल्यान र वि.सं.२०१२ मा नेपालगञ्जमा अध्ययन गरे । यसरी विभिन्न स्थलमा स्थानान्तरण हुँदै वि.सं.२०१७ मा काठमाडौंको पद्मोदय हाईस्कुलबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका हुन् (गौतम, २०६२:६) । त्यसपछिको घिमिरेको उच्च शिक्षा वि.सं. २०१८ सालमा पब्लिक साइन्स कलेजबाट सुरु भए पनि विज्ञान विषयलाई बिचमै छाडेर २०२४ मा चयन गरेको डी.बी. कलेजमा भर्ना भए । यसै कलेजबाट घिमिरेले स्नातक पूरा गरे । उनले कोलम्बो प्लानअन्तर्गत भारतको पटना विश्वविद्यालयबाट वि.सं. २०२९ मा समाजशास्त्रमा स्नातकोत्तरसम्मको शिक्षा हासिल गरेका छन् (पौडेल, २०५६:१०) । औपचारिक अध्ययन बाहेक घिमिरेले प्रशस्तै स्वअध्ययन समेत गरेको देखिन्छ ।

जगदीश घिमिरे नेपाली साहित्यका बहुआयामिक प्रतिभा हुन् । साहित्य र समाजका विविध क्षेत्रमा प्रत्यक्ष सहभागी भएर कार्य गरेका घिमिरेको व्यक्तित्वलाई साहित्यिक र साहित्येत्तर गरी अध्ययन गर्न सकिन्छ । साहित्यिक व्यक्तित्वतर्फ अध्ययन गर्दा घिमिरेले नेपाली साहित्यको इतिहासमा वि.सं.२०२० को दशकदेखि साहित्य यात्रामा लागेको देखिन्छ। साहित्यका क्षेत्रमा कथा कविता उपन्यास नाटक निवन्ध संस्मरण आदि विधामा कलम चलाएको देखिन्छ । थुप्रै पुस्तककार कृति र फुटकर रचनाहरू प्रकाशित गराईसकेका घिमिरेका साहित्यक व्यक्तित्वहरूमा कथाकार व्यक्तित्व, कवि व्यक्तित्व, उपन्यासकार

व्यक्तित्व, नाटककार व्यक्तित्व, अनुवादक व्यक्तित्व आदि रहेका देखिन्छ भने साहित्येत्तर व्यक्तित्वमा लेखक व्यक्तित्व, राजनीतिक व्यक्तित्व, पत्रकार व्यक्तित्व, सामाजिक व्यक्तित्व आदि रहेका देखिन्छ ।

नेपाली साहित्यको क्षेत्रमा वि.सं. २०२०/०२१ बाट फुटकर लेख रचना प्रकाशित गराए र घिमिरले साहित्य यात्रा सुरु गरेको देखिन्छ । साहित्यको विविध विधामा कलम चलाएका घिमिरेको उपन्यास लेखनको थालनी भने वि.सं.२०२४ बाट भएको देखिन्छ । उनले आफ्नो जीवन कालमा तिनवटा उपन्यास लेखेका छन् । उनका प्रकाशित उपन्यासहरू **लिलाम** (२०२७), **साबिती** (२०३२) र **सकस** (२०६९) हुन् । उनका यी उपन्यासहरूमा सामाजिक, आर्थिक, नैतिक ऐतिहासिक, राजनीतिक र मनोवैज्ञानिक पक्षहरूको उद्घाटन गरेका पाइन्छ । घिमिरेले आफ्ना उपन्यासमा समाजमा सुनेका देखेका र भोगेका यथार्थ घटनाहरूको आलोचनात्मक ढङ्गले वर्णन गरेका छन् (गौतम, २०२२:२०) । समग्रमा उनका उपन्यासहरूले समाजमा घट्ने यथार्थ घटनालाई जस्ताको त्यस्तै रूपले चित्रण गरेकाले घिमिरेलाई सामाजिक यथार्थवादी उपन्यारकारका रूपमा चित्रण गरिन्छ ।

## ३.२ साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा लिलाम उपन्यासको विश्लेषण

**लिलाम** सामाजिक विषयवस्तुमा आधारित घिमिरेको पहिलो उपन्यास हो । समाजमा चलिआएका रूढिवादी परम्परा, अन्धविश्वास, जातीय वर्गीय विभेद राजनीतिक खिचातानी, धर्म संस्कृति जस्ता कुरालाई यस उपन्यासले समेटेको छ । यसरी सामाजिक पक्षको चित्रण गरिएको यस **लिलाम** उपन्यासलाई समाजशास्त्रका निम्न सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ :

- प्रजाति
- युग र पर्यावरण
- विश्वदृष्टि
- संस्कृति
- कार्यकारण

- भाषाशैली
- अनुभूतिको संरचना

## ३.२.१ प्रजाति

समाजको स्वरूप भिन्नाभिन्नै हुने भएकाले हरेक समाजको निर्माण विभिन्न प्रजाति मिलेर बनेको हुन्छ । उनीहरूको आ-आफ्नै मूल्य मान्यता रहेका हुन्छन् । यसले समाजमा हरेक प्रजातिको परिचय दिएको हुन्छ । **लिलाम** उपन्यासमा मूलतः उत्तरपूर्वी नेपालको तामाकोशी, सुनकोशी र तटिय क्षेत्रमा बसोवास गर्ने ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र जस्ता विभिन्न जातजाति र उनीहरूको सामाजिक सांस्कृतिक पक्षहरू प्रजातिका आएका छन् (पृ.३०) ।

उपन्यासमा उच्च जातिमा गनिएका ब्राह्मण क्षेत्रीको समाज र निम्न जातिमा गनिएका मिजार, दमाई, सुनुवार, माझी, तामाङ, मगर, सार्की, थारू, दमाइ अठपरियको समाज आएका छन् । ब्राह्मण क्षेत्रीको समाजमा जातीय, वर्गीय विभेद र निम्न जातिको मानिसलाई आफ्ना अधिनमा राख्ने प्रवृत्ति देखिन्छ भने निम्न जातिको समाजमा एक छाक खान र राम्रो लगाउन गर्ने सङ्घर्ष र डर, त्रास जस्ता प्रवृत्तिहरू देखिन्छ । उपन्यासको सुरुदेखि अन्तसम्मै उच्च जातिहरूबाट निम्न जातिका बहादुरेको परिवार, विजुलेको परिवार र दलवीरेको परिवारले पाएको दुःख कष्ट र पीडालाई मार्मिक रूपमा प्रस्तुत गरेको देखिन्छ । ऋण र धन केही पनि नभएको बहादुरेलाई समाजका ठालु वर्गले ऋण तिर्न बाध्य बनाउनु, विजुलेकी छोरी पम्फाले धनप्रसाद पाध्य र मंगलध्वज क्षेत्रीको खेलौना हुनु परेको छ भने माइलीले पनि करवीर साहुको खेलौना हुन बाध्य भएको घटनाले उपन्यासमा समाजले स्वीकार नगरेको जातीय भेदभाव र त्यसले भित्र्याएको नकारात्मक प्रवृत्तिहरू खडा भएका छन् । यसलाई जातीय विभेदको दृष्टिले हेर्ने कुराहरू प्रजातिका रूपमा आएका छन् । “माइली ! मेरो यात्रो काम बन्छ, तँ एकपटक डाक्टर साबसँग …एकछिन बसिदे मात्रै, यसै गफ गरे, जे गरे पनि नरिसाउनु नि … डाक्टर साबलाई म नै …एउटा फुली दिउँला …बिन्ती … ! (पृ.४४) ।

माथिको घटनाले माइली जस्ता सोझा सोझा नेपाली करवीर साहुको खेलौना बन्नु परेको प्रष्ट हुन्छ । समाजमा रहेका माथिल्लो व्यक्तिले तल्लो जातिका व्यक्तिमाथि गरेको शोषण दमन अन्याय अत्याचार जस्ता यथार्थ घटनामाथि उपन्यासकारले आलोचना गरेका छन् (पृ.६८) । उपन्यासमा मूलतः उच्च जाति र निम्न जाति गरी दुई जातिको उल्लेख पाइन्छ । उच्च जातिमा गनिएका साहु महाजनहरूले विनाकसुर विभिन्न बहाना बनाएर बहादुर जस्ताको सर्वस्व **लिलाम** बनाउन लागेको घटना उपन्यासमा प्रमुख रूपमा आएको छ । मर्न बेलामा बहादुरेको बाबुले “रिन धन केही पनि छैन नानी ...राम्ररी गरेर खाएसा” (पृ.२६) भनेको थियो । तर यस अर्थमा बहादुरे कुनै पनि ऋण नभएको व्यक्ति देखिन्छ तर “बाबुको मृत्यु भएको दुई वर्ष नपुग्दै गाउँभरि साहूहरू देखा पर्न थाल्छन् । जग्गाको तिरो तिरेको बहानामा तालुकदारले बहादुरेलाई बाबु मर्नुभन्दा अगाडि पाँच वर्षको र बाबु मरेदेखि यता दुई वर्षको गरी जम्मा सात वर्षको साँवा, ब्याज र ब्याजको पनि स्याज तिर्न बाध्य बनाएको छ । बहादुरेको अशिक्षित गरिबी र सोझापनको फाइदा ठालु वर्गले षड्यन्त्रमूलक ढङ्गले लिएका छन् । बहादुर यसको विरोध गर्न सक्दैन किनभने ऊ निम्न जातको निर्धा थियो, गरिब थियो, अबोध थियो अर्थात् एउटा प्राण भरिएको भकुण्डो थियो जसले जसरी खेलायो त्यसरी खेल्नु पर्दथ्यो ।

**लिलाम** उपन्यासमा परापूर्वदेखि चलिआएको आर्थिक अवस्थालाई पनि प्रजातिगत मूल्य दिएका छन् । यस उपन्यासमा मूल रूपमा दुई आर्थिक वर्गका मानिस भेटिन्छन् । मध्यम वर्ग र निम्न वर्ग । मध्यम वर्गमा मंगलध्वज क्षेत्री, धनप्रसाद पाध्य, तालकुदार, जिम्वाल करवीर साहु, महेशप्रसाद पर्छन् भने निम्न वर्गमा बहादुरे मिजारको परिवार विजुलेको परिवार र दलवीरेको परिवार पर्छन् । मध्यम वर्गमा रहेका मंगलध्वज ......लगायतको आर्थिक अवस्था समृद्ध देखिन्छ । जसले आफ्नो परिवारमा सुख सयल गरेर समय लिएका छन् । उनीहरू पञ्चायतकालीन समयमा दुई चार पैसा खेलाएर समयअनुसार चल्न सकेका छन् । आफ्नो घरमा तल्ला वर्गका व्यक्तिहरूलाई नाकेरचाकर गर्न लगाउँछन् । “झन्डै मुन्टिएको भङ्सिमा रिङने गाई खाने भए जाने थिएन भुल भयो बर्खामासमा !” (पृष्ठ ३७) । खडपुले साहुँला बहादुरे र दलवीर जस्ता निम्न आर्थिक अवस्था भएका व्यक्तिलाई एक दुई खरया बढी दिएर काम गर्न लगाएकोबाट मध्यम वर्गीय भन्ने प्रष्ट हुन्छ । बहादुरे, विजुले र दलवीरको परिवार निम्न आर्थिक अवस्था भएका कारण अशिक्षित, गरिव छन् ।

यसैको कारणले पञ्चायत कालीन समयमा खुलेर चल्न सक्दैनन् । एक पेट खान र परिवारका तत्कालीन आवश्यकता पूरा गर्न मध्यम वर्गको थिचोमिचो सहेर बसेका छन् । मध्यम वर्गीय ठालुहरूको भारी बोकेर नोकर चाकर गरेर । मन्थली धारमा माछा मारेर आफ्नो जीवन यापन गर्छन् । यही आर्थिक अवस्थाका कारण उनीहरू निम्न वर्गीय भन्ने पृष्टि हुन्छ ।

निम्न आर्थिक अवस्था भएको विजुले धनप्रसाद पाध्य र मंगलध्वजको भकुण्डो भएको छ जसले जता हिर्कायो त्यतै जाने र आफ्नो केही निर्णय छैन । छोरी पम्फालाई धनप्रसादले गर्भवती तुल्याउँदा समेत बोल्न सकेको छैन । लाहुरे पाडी पाउने न्यूमा ऊ मख्ख छ । “हवस हजुर ! मैले सब बुझेको छु । म त हजुरकै दास हुँ । हजुरले मर्जी भए भन्दा यो वाहेक यो दमाईले केही गर्ने छैन (पृ. ५१) । कमजोर आर्थिक अवस्था भएको विजुले लाहुरे पीडी सितै पाएपछि पम्फालाई गाउँबाट भगाएर सम्पन्नमा बन्ने तर्खरमा छन् ।

धनप्रसाद आर्थिक हिसाबले बलियो भएको मध्यम परिवारको व्यक्ति हो । अशिक्षित विजुलेलाई फकाएर लाहुरी पाडी गोठमा बाँध्न लगाएर आफूले गरेका कुकृत्य पचाउने दाउमा छ । पम्फालाई भोग गरेर लाहुरे पाडी दिनु करवीर साहुलो बहादुरेको माइली छोरीलाई खेलौना बनाएर फुली बनाई दिने प्रलोभन देखाएको छ । बहादुरे र दलवीरेलाई खडपु साहुले काम गरेको भन्दा बढी ज्याला दिएर भारी बोक्न लगाएको छ । यी सन्दर्भहरू नियाल्दा खडपुले साहु, धनप्रसाद मित्रध्वज, महेशप्रसाद जिम्बाल आदि मध्यम वर्गीय परिवारको पृष्टि हुन्छ ।

यसरी यस **लिलाम** उपन्यासमा जाति, र उक्त जातिय संस्कार सामाजिक आर्थिक, शारीरिक मानसिक संरचनालाई विभिन्न वर्ग र तहमा रहेका विचार र चिन्तनका माध्यमबाट प्रजातिगत विशेषता झल्काइएको छ ।

## ३.२.२ युग र पर्यावरण

**लिलाम** उपन्यासको युग र पर्यावरणलाई युग र पर्यावरण गरी दुई भागमा बाँडेर अध्ययन गर्नुपर्ने हुन्छ । युग भनेको तत्कालीन समय हो र पर्यावरण भनेका तत्कालीन

स्थान वा परिवेश हो । उपन्यासमा राणकालीन युग, प्रजातन्त्रकालीन युग, काङ्ग्रेस युग र पञ्चायतकालीन युगका घटना प्रसङ्गहरू आए पनि मुख्यतः २०२७ साल पूर्वका पञ्चायतकालीन घटनाहरू बढी आएाक छन् । त्यसैले यस उपन्यासको तत्कालीन समय भनेको २०२४ सालको समय हो । यतिखेर सर्वव्याप्त अन्याय र अत्याचारको विरोधमा लेखिएको **लिलाम** उपान्यसाको युगगत सन्दर्भ पञ्चायतकालीन देखिन्छ ।

नेपालको पञ्चायती व्यवस्थाले नेपाली जनतमा गरेको शोषण, दमन र उत्पीडनलाई उपन्यासले रोचक ढङ्गबाट अगाडि सारेको छ । ऋण र धन केही नभएको बहादुरेको सर्वस्व **लिलाम** भएको छ । बहादुर र विजुले जस्ता गरिब निमुखा नेपाली जनताहरूमाथि उठ्न पनि सकेका छैनन् । त्यसको विरोध पनि गर्न सकेका छैनन् । बहादुरेको बाबुले मर्न बेलामा “रिन धन केही पनि छैन नानी राम्ररी गरेर खाएस” (पृ.२६) भनेको थियो । तर गाउँका ठालु वर्गले जग्गाको तिरो तिरेको न्यूमा ब्याजको स्याज गरेर घर जग्गा नै **लिलाम** बनाएको घटनाले बहादुरेको जीवनमा भुकम्प ल्याएको छ । खडपु साहुको ऋण तिर्न नसक्ने डरले दलवीरे जस्ता गरिब रोसी खोलामा डुब्नु परेको यथार्थ घटना उपन्यासमा चित्रित छ । पम्फा र माइलीलाई शारीरिक शोषण गरे पनि घरपरिवारले आवाज उठाउन सकेका छैनन, रामबहादुर थारू पिटिएर बस्नु परेका आदि जस्ता सन्दर्भहरू पञ्चायतकालीन युगगत परिवेशलाई देखाएको छ ।

दलीय स्वार्थ बोकेको महेश प्रसाद ठेकेदारले माझीहरूलाई गरेको व्यवहार घाट आफैँ तर्दा समेत पैसा बुझाउनु पर्ने घटनाहरूले पनि पञ्चायतकालकै झल्को दिएका छन् । “घाट मात्रै हो र, मैले ठेक्का लिएको ? जम्मै कोशी पो त ! यस सेरोफेरोमा कोशी तर्ने प्रत्येक जन्तुले मलाई ‘ट्याक्स’ बुझाउनुपर्छ” (पृ.२५) ।

माथिको प्रसङ्गले पञ्चायतकालीन युगमा नेपाली जनताहरू शोषकहरूबाट शोषित हुनु परेको यथार्थ घटनालाई उपन्यासले मार्मिक ढङ्गबाट चित्रण गरेको छ । अतः मूल रूपमा तत्कालीन समयको पञ्चायतकालीन अवस्था, काङ्ग्रेसी युग र त्यसले ल्याएको अन्याय र अत्याचार नै कालिक परिवेशको रूपमा रहेको छ ।

स्थागत परिवेशका दृष्टिले यस उपन्यासको केन्द्र स्थान रामेछाप मन्थली रहेको छ । उपन्यासको प्रमुख पात्र बहादुरेको घर तामाकोशीको किनारमा रहेकाले स्थानगत परिवेशको मूल रूपमा तामाकोशी र यसको आसपासको क्षेत्रलाई मानिन्छ । यहाँको मुख्य थलो मन्थली घाट हो । यही घटामा घाट नजिकका गाउँलेहरूलाई तार्नु र माछा मार्नु माझीहरूको काम रहेको देखिन्छ । तामाकोशीको आसपासका क्षेत्रमा रहेका माझी जातका साथै अन्य बाहुन, क्षेत्री, आठपहारिया, सुनुवार, तामाङ, सार्की, मगर, दमाई कामीहरू र उनीहरूका घर भएकाले उपन्यासमा मुख्य स्थानको रूपमा मन्थली घाटलाई मानिन्छ । मन्थलीबाट पछिको अर्को स्थान काठमाडौं पूर्व ओखलढुङ्गातिर जाने पहाडी मूल बाटोमा पर्ने अन्य घाटहरू हो । यो बर्खामा बाहुनहरू खुर्कोट साँघुबाट हिँड्छन् त्यसैले यो घाट हिउँदमा बढी चल्ती हुने गर्छ । तराईतिर जाँदा पनि घाट तर्नुपर्छ । बाबुको एक्लो छोरो भएकाले बहादुरेले बाबुकै जाति वर्षको दुईचारा पटक दिनकोपालो बहादुरेले पनि पाएको थियो ... (पृष्ठ २३) ।

अन्य स्थानहरूमा काठमाडौं रोशीखोला, सल्यान, भाढभाउँ, दुम्जा वेंशी, नेपालथोक स्थानगत रूपमा आएका छन् । "स्वास्नीलाई यौटा आठ हाते छिटको गुन्यू ज्याला वापत दिएर लोग्नेलाईं वर्षभरि भारी बोकाउन पाइने मौका कसैगरी पनि उम्कनु दिनु हुँदैन ... । चलनचल्तीको भन्दा सवाइ बढी ज्याला दिएर पनि पसल भर्नेपर्छ, न काठमाडौं भरिया पठाउनु नै पर्छ (पृ.३६) । उल्लिखित प्रसङ्ग खडपुलेसाहुको पसलको समान भर्न बहादुर र दलवीरे जस्ता निम्न आयस्तर भएका व्यक्तिहरू ज्यानको बाजी गरेर लुगाको भारी बोक्न काठमाडौं गएकाले स्थानगत परिवेशको रूपमा काठमाडौंको परिवेश चित्रित छ । त्यहाँबाट रोसी खोला हिँडेर आएको घटना र रोशी खोलाको एउटा जँघार तर्न नसकेर रातभरि चिसो सिरेटोमा बसेको रोशीको किनार परिवेशको रूपमा आएको । पारिपट्टी दुम्जावेंशीको नेपालथोक गाउँको चित्रण मार्मिक रूपमा गरिएको छ । बहादुरे र दलवीरे रातभरिको सिरेटोमा वास बसेका यी दुईले खोला कतिखेर घट्ला भन्ने कुरामा चिन्तित देखिन्छन् । विहानपख रोशी खोलाको जँघार तर्दा बहादुरे निस्कन सफल हुनु र दलवीरेको भारी बगाएकाले बहादुरे निस्कन सक्दैन । खड्पुले साहुको ऋण तिर्न नसकिने डरले रोशी खोलमा डुबेर मुर्न जस्ता घटनाले उपन्यासको कथावस्तुमा कौतुहलता सिर्जना गरेको छ । "मान्छे हात खोलामा डुबाएर पवित्र हुन्छन् । किरया खान्छन्, उसले त आधा जीउ डुबाएर भनेको थियो, "आउन्न ...हौ भारी नलिकन म ता ! आउनु नआउनु एकै हो (पृ.४०) ।

माथिको प्रसङ्गले दलवीरको निम्न आय स्तर भएकोले साहुको ऋण तिर्न नसकिने डरले रोशी खोलामै डुबेर मर्नु जस्ता घटनाले गरिबीको झल्को दिएको छ भने स्थानगत परिवेशका रूपमा रोशी खोलाको परिवेशको चित्रण गरिएको छ ।

यस उपन्यासमा रामेछापको मन्थलीघाट, त्यसका आसपाका क्षेत्र र अन्यमा काठमाडौं, रोशी खोला, सल्यान, भादगाउँ, दुम्जावेशी, नेपालथोक स्थानगत परिवेशको रूपमा चित्रित देखिन्छ भने युगगत सन्दर्भमा प्रजातन्त्रकालीन युग, पञ्चायतकालीन युगको प्रयोग गरिएको छ । उपन्यास, अत्याचार र त्यसले गरिब जनतामाथि ल्याएको विकृतपूर्ण अवस्थाको समय उपन्यासमा चित्रित छ । तत्कालीन समयको रूढिवादी अन्य परम्परा, जातीय विभेद, सामाजिक संस्कार, यौन विकृति यस उपन्यासका पर्यावरणीय सन्देशहरू हुन् ।

## ३.२.३ विश्वदृष्टि

यस **लिलाम** उपन्यासमा निम्न वर्गीय नेपाली समाजमा रहेको पञ्चायतकालनि समाज व्यवस्था, राजनीतिक चिन्तनले समाजमा ल्याएको गरिबी, उत्पीडन, यौन विकृति जस्ता समस्याहरू विश्वदृष्टिका रूपमा रहेका छन् । उपन्यासले तत्कालीन सामाजिक यथार्थलाई पनि चित्रण गरेको छ । उपन्यासमा देखिएका गरिबी, उत्पीडन, यौन विकृति आम नेपाली जनताहरूको समस्याको रूपाम आएका छन् । तर तत्कालीन समाजमा शिक्षा र चेतनाको अभाव भएकोले समाजमा निम्न वर्गहरूमा परेको आर्थिक समस्या र त्यसमा पनि नारीहरूको समस्या प्रष्ट रूपमा आएको छ ।

बहादुरे निम्न आयस्तर भएको पात्र हो । तत्कालीन पञ्चायतकालीन समाज व्यवस्थाले उसलाई थिचेको छ । बहादुरेले आफ्नो सोझो गरेर खाँदा पनि समाजमा ठालु वर्गको आँखाको तीर बनेको छ । न ऊ विद्रोह गर्ने नै सक्छ न त पञ्चायतकालीन समाजमा खुलेर बस्न नै । ऊ लाचार भएर बस्न बाध्य भएको छ । बाबुको मृत्युपछि ऋण धन केही नभएको बहादुरेले दुःखजेलो गरेर परिवार चलाएको थियो । “सुतिथाती मिलाएर अब उँभो लाग्न  सकिन्छ कि ।” भनेर के सोच्न मात्र आँटेको हुन्छ, **लिलाम**को सम्झना एकाएक उब्जेर उसको मन सनन् हुन्छ (पृ. ६) । आफ्नो सर्वस्व **लिलाम** हुने कुराले

बहादुरेका मनमा चर्को छटपटी मच्चिन थाल्छ । जहान परिवारले पनि थाहा पाउँछन् । चेतनाशून्य उनीहरूमा एक किसिमको ठूलै त्रास मचिन्छ । यही क्रममा बहादुरेको पारिवारिक स्थिति उसको विपन्नता त्यसले निम्त्याएको विद्रूपता, समाजले गरेको शोषण, समाजका मध्यम वर्गीय तालुकदार जस्ताको कुटिल चालले बहादुरेको सर्वस्व **लिलाम** भएको छ (पृ. ४६) ।

पञ्चायतकालीन समाज व्यवस्थामा दलवीरे जस्ता निमुखा नेपालीहरूले खइपुले साहुको ऋण तिर्न नसक्ने कारणले रोशी खोलामा भने बाध्य भएको छ । काम र मामका निम्ति भारी बोक्न गएको दलवीरे रोशी खोला तर्दा भारी बगाउनु र साहुको ऋणको डरले भारी भिक्न जाँदा डुबेर मुर्न जस्ता घटना मार्मिक रूपमा आएका छन् । “आइज जेठा ! आइजाउ दलवीर ! छोड्दे भारी छोड्दे ! अब भिक्न सकिँदैन । आइज भन्या खाला बढ्दै छ ।” बहादुरे चीत्कार  गर्छ । दलवीरे सुन्दैन । बेहतारा हात हल्लाएर मुख चलाएको मात्र देखिन्छ । बोलाएको भनेर ऊ जवाफ दिन्छ - “आउनँ ... हौ भारी नलिकन म ता ! आउनु नआउनु एकै हो” (पृ. ४०) । यसले नेपाली समाजमा रहेको गरिबी अवस्थाको यथार्थ चित्रण गरेको छ ।

यस उपन्यासमा तत्कालीन समयमा भएका राजनीतिक चिन्तनहरू पनि विश्वदृष्टिको रूपमा आएका छन् । तत्कालीन समयमा काङ्ग्रेस पार्टीको सरकार छँदा पार्टीको भरौंलो भएर महेशप्रसाद ठेकेदारले मनपरी तरिकाले तामाकोशी घाटमा ठेक्का असुल गर्नु, नेपाली सोझा साझा जनतामाथि अत्याचार गर्नु आदि विकृत अवस्था राजनीतिक व्यवस्थाले आएका छन् । यसले घाटको पैसा पनि बढेको छ । सर्वसाधारणहरू आफैँ तामाकोशी घाट तर्न समेत पाएका छैनन् । उपन्यासमा निम्न आयस्तर भएको नाम्ले बाहुनले गाईको ढाम्लोको भारी बोकेर आफैँ घाट तर्दा महेशप्रसादले बेइज्जत गरेर पैसा असुली गरेको घटनाले सर्वसाधारण नेपाली जनताहरू पञ्चायतकालीन समय व्यवस्था र राजनीतिक व्यस्थाले जिउँदै मर्नु परेको प्रष्ट हुन्छ । “घाट मात्रै हो र मैलो ढेका लिएको ? जम्मै कोशी पो त, यस सेरोफेरोमा कोशी तर्न प्रत्येक जन्तुले मलाई ट्याक्स बुझाउनु पर्छ ...” (पृ. २३) । यसबाट राजनीतिक कार्यकर्ताहरू देशको विकास गर्न भनेर आफ्नो खल्ती भर्न लागेको कुरा प्रष्ट हुन्छ ।

यस उपन्यासमा तत्कालीन समाजमा भएका यौन विकृति र त्यसले समाजमा ल्याएको नारी समस्या विश्वदृष्टिका रूपमा आएका छन् । विजुले निम्न आयस्तर भएको दमाई जातको व्यक्ति हो । ठूला बडाको घरमा लुगा सिलाएर उसले आफ्नो दैनानुदिनको खन खाँचो टारेको थियो । तर गाउँका धनप्रसाद पाध्य जस्ता स्वार्थी व्यक्तिले विजुलेकी छोरीमाथि शारीरिक शोषण गरेर गर्भवती तुल्याएको छ । अशिक्षित र निम्न आयस्तर भएको विजुलेलाई फकाई फुलाई लाहुरे पाडी दिने निहुँमा पम्फालाई डाँडो कटाउन बाध्य बनाएको छ (पृ. ५०) । त्यसैगरी करवीर साहुले बहादुरेकी माइती छोरीलाई एउटा फुली बनाई दिने बहानामा शारीरिक शोषण गरेको घटना उपन्यासमा आर्थिक रूपमा आएको छ । “म छँदै छु ! म त आफ्नै हुँ लाटी ... ” (पृ.४५) ।

यसरी उपन्यासमा निम्न वर्गीय नेपाली नारीहरूले गरिबीको कारणबाट यौनको सिकार हुनु परेका सामाजिक यथार्थवादी घटना उपन्यासले रोचक ढङ्गबाट चित्रा गरेको देखिन्छ । समग्रमा हेर्दा **लिलाम** उपन्यासमा तत्कालीन समाजमा पञ्चायतकालीन व्यवस्थाले ल्याएको विकृति, राजनीतिक खिचातानी, गरिबी, उत्पीडदन र यौन विकृति जस्ता समस्याहरू विश्वदृष्टिको रूपमा आएका छन् ।

### ३.२.४ संस्कृति

**लिलाम** उपन्यासमा प्रमुख रूपमा सामाजिक कुसंस्कार, बहुविवाह, अन्धविश्वास, लोक विश्वास संस्कृतिका रूपमा आएका छन् । उपन्यासमा पञ्चायतकालीन समयमा घटेका घटनाहरू र त्यस समयमा समाजमा रहेका कुसंस्कारहरूले जरो गाडेको देखिन्छ । यस उपन्यासमा प्रमुख रूपमा ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र जस्ता जातहरू आए पनि उनीहरूको जातीय संस्कार र संस्कृतिको वर्णन उपन्यासमा पाइँदैन । उपन्यासमा उच्च जातिले निम्न जातिहरूप्रति गर्ने शोषण दमन, अन्याय, अत्याचार, यौन विकृति जस्ता कुराहरू कुसंस्कारका रूपमा आएका छन् ।

उपन्यासमा करवीर साहुले दुई स्त्रीलाई विवाह गरेको बहुविवाहपूर्ण संस्कृति आएको छ । जेठी आमाबुबाले सानैमा डोली चढाएर ल्याएको र कान्छी आफूले वंशमा ल्याएको र घटनाले उपन्यासमा बहुविवाहको संस्कृति देखिन्छ । जेठीलाई छुट्याएर कान्छीलाई आफैँसँग राखेको घटना उपन्यासमा रोचक ढङ्गबाट चित्रित छ । उसले बहादुरेको माइली छोरीलाई फुलि बनाई दिने बहानमा खेलौना बनाएको घटना ज्वलन्त उदाहरण बन्न पुगेको छ । त्यसैले उपन्यासमा बहुविवाहको साथै शोषण दमन, अन्याय र यौन विकृतिका घटना प्रशस्त देख्न पाइन्छ । धनप्रसाद पाध्यले विजुलेको छोरी पम्फीलाई गर्भवती तुल्याएपछि विजुलेसँग सजिलो हुन लाहेभैंसी दिनु, मंगलध्वजले पाठीलाई खोर लगाउँदै “चाइन्जसुन्जो यो भैंसीको आँखा कौडे छ । कौडे भैंसी चाइन्जसुन्जो वर्ष दिनमा घरकामूल मान्छेलाई खान्छ अनि सर्वस्व गर्छ भन्ने वेद वाक्य तँलाई थाहा छैन ? चाइन्जसुन्जो यसको मस्तकको भूमरीले त झन् ठहरै पार्छ । यो शास्त्रको प्रमाण हो साक्षत हो (पृ.५३) ।

माथिको प्रसङ्गले हाम्रो समाजमा अझै पनि पञ्चायतकालीन समय र उक्त समयमा गरिब निमुखा जनतामाथि ठालु वर्गहरूले गर्ने शोषण कुसंस्कार, कुदृष्टि ज्वलन्त रहेको पुष्टि हुन्छ । यस्ता कुसंस्कारबाट निमुखा विजुलेहरूले पाएको पीडा सम्पूर्ण नेपालीबासीको पीडा भएको पुष्टि हुन्छ ।

**लिलाम** उपन्यासमा अन्धविश्वास र लोकविश्वासको विश्वासको संस्कृति पनि देखिन्छ । करवीर साहुले पैसा नदिएको निहुँमा रामबहादुर थारूलाई मरणासन्न पारेर चुट्न

र मुद्दा जित्नका लागि कमला माईमा पाठी भाक्नु जस्ता घटनाले उपन्यासमा लोक विश्वासपूर्ण संस्कृतिको चित्रण गरेको देखिन्छ । यस्तो घटनाले अझै पनि समाजमा जरो गाडेको  देखिन्छ । यो अशिक्षित र परम्परित समयमा नेपाली समाजमा देखिएको अन्धविश्वास पूर्ण विकृति हो । बहादुरेको सर्वस्व **लिलाम**, गाउँका ठालु वर्गले गराए पनि बदलिँदो समयसँग परवर्तन हुन नसक्दा आफ्नै काखकी छोरी अलच्छिनी रहेछे । जन्मना साथै **लिलाम** गराई । यो त बोक्सी रहिछ ! (पृ.४९) । यस्ता घटनाले उपन्यासमा सामाजिक अन्धविश्वासपूर्ण संस्कृतिलाई भित्र्याएको देखिन्छ । उपन्यासाा पखाला चलेमा झाँक्रीद्वारा फुकफाक गराएर भाले काटेपछि बिरामी सन्चो हुन्छ भन्ने अन्धविश्वासपूर्ण संस्कृति रहेको छ । झाँक्रीले फाकफुक गरेर गौडाहरूमा भूत प्रेत बोक्सी डंकिनी पिचास पिचासनी मसानहरू कौचा वायुहरू सबै मन्सायपछि "पेटमा सोला हान्न अलि घटेको छ" (पृ.८०) । यस्ता अन्धविश्वास कुसंस्कार जस्ता घटना उपन्यासमा वर्णित भएकाले उपन्यासका पात्रहरू परम्पराबाट माथि उठ्न नसकेको देखिन्छ ।

यसरी **लिलाम** उपन्यासमा सामाजिक कुसंस्कार, बहुविवाह, लोकविश्वास, अन्धविश्वास र त्यसले समाजमा ल्याएको विकृतिपूर्ण संस्कृति रहेको देखिन्छ । साथै जातीय भेदभाव शोषण दमन यौनविकृति जस्ता कुसंस्कारहरू पनि संस्कृतिका रूपमा चित्रित भएको देखिन्छ ।

### ३.२.५ कार्यकारण

**लिलाम** उपन्यासको घटनाहरू घटित हुनका पछाडि कारणहरू अन्तर्निहित भएर आएका छन् । यसको प्रारम्भदेखि अन्तसम्म बहादुरेको सर्वस्व **लिलाम** हुने विषयलाई यस उपन्यासले ध्वनित गरेको छ । यस उपन्यासमा प्रस्तुत भएको प्रासङ्गिक घटनाहरूले पनि मुख्य कथावस्तुलाई विस्तार गर्न सहयोग गरेको छ ।

बहादुरेको जीवनमा घटेको प्रमुख घटना उसको सर्वस्व **लिलाम** गर्नमा केन्द्रित छ । बाबुले मर्ने बेलामा "रिन धन केही छैन नानी ...राम्ररी गरेर खाएस (पृ.२६) भनेको थियो । यस अर्थमा बहादुरे केही पनि ऋण नभएको देखिन्थ्यो । तर बाबुको मृत्यु भएको दुई वर्ष नपुग्दै गाउँभरि साहुहरू देखा पर्न थाल्छन् । जग्गाको तिरो तिरेको बहानामा तालुकदारले

बहादुरेलाई बाबु मर्नुभन्दा अगाडिको पाँच वर्षको र बाबु मरेदेखि यता दुई वर्षको गरी जम्मा सात वर्षको साँवा ब्याज ब्याजको पनि स्याज तिर्न बाध्य बनाएको छ । आफूसँग तिरो तिरेको कुनै प्रमाण नभएको र भएका एक दुईवटा कागज पनि तालुकदारले अर्कै कागज हो भनी राखेकाले बहादुरे ऋण तिर्न बाध्य भएको छ ।

बहादुरेको जीवनमा प्रमुख घटना घट्नुको कारण बहादुरेको अशिक्षित, गरिबी र सोझोपन नै देखिन्छ । समाजका मै हुँ भन्ने ठालु वर्गले षड्यन्त्रपूर्वक ढङ्गले सोझो बहादुरेलाई ऋण नभए पनि ऋण तिर्न बाध्य बनाएको छ । बहादुरे यसको विरोध गर्न सक्दैन किनभने ऊ निर्धो थियो गरिब थियो अबोध थियो अर्थात् ऊ एउटा प्रण भरिएको भकुन्डो थियो जसले जसरी खेलायो त्यसरी खेलिनु पर्थ्यो । यसले गर्दा उसको घरजग्गा **लिलाम** हुने भएको छ ।

यस उपन्यासमा आएका अन्य सहायक घटनाहरूले पनि प्रमुख घटनालाई नै विस्तार गरेको देखिन्छ । उपन्यासमा विजुलेकी छोरी पम्फाको घटनाले महŒवपूर्ण पाएको छ । गाउँका ठूला बडा भनाउँदाहरूले आफ्नो भोगविलासको साधन विजुलेकी छोरीलाई बनाएका छन् । आफ्नो कर्तुत खुलल र समाजमा तिरस्कार होइएला भन्ने डरले विजुलेलाई आफ्नो वशमा पार्न धनप्रसाद पाध्यले रोजा लाहुरे भैंसी दिएको छ । "धेरै चाकरी गरिसे तैँले, जो हो, अघि हाम्रो पिता पुर्खादेखि तेरा पिता पुर्खाले जो हो, मैले थाहा पाउँदादेखि हाम्रो लुगा सिउने कटुवाल तैं होस् जो हो, यो एउटा थोरे यै असारमा ब्याउने, के हो ? आफ्ना गाउँ ठाउँमा हिचित मिलाएर बस्नु पर्छ (पृ.५०) । यस घटनाले धनप्रसादले गाउँमा तिरस्कार भइएला र पम्फीको पेटको बच्चका बाबु हुन् नपरोस् भन्ने कारण रोजा पाडी दिएर गरिबको मुखमा बिर्को लगाएको छ ।

यो घटना घट्नुको प्रमुख कारण विजुलीको निम्न आयस्तर र अशिक्षित नै देखिन्छ । गरिबहरू राम्रोसँग खान र लगाउन पाएपछि आफूमा अरुले गरेको शोषण छन् । बिर्सन बाध्य हुने हाम्रो नेपाली समाजको घटनालाई उपन्यासले मार्मिक ढङ्गबाट चित्रण गरेको देखिन्छ ।

उपन्यासमा प्रासाङ्गिक घटनााहरूले पनि प्रमुख घटनालाई विस्तार गरेको देखिन्छ । प्रासङ्गिक घटनाहरूका रूपमा महेश प्रसादले मनपरि तरिकाले तामाकोशी घाटमा ठेक्का असुल गर्नु । काङ्ग्रेस पार्टीको नेताको भरैटे भएर सोझा जनतामाथि अत्याचार गर्नु, दलवीरेलाई खड्पुले साहुको समान लिएर आउँदा खोलाले बगाउनु, खड्पुले साहुको ऋण तिर्न पर्ने डरले ढलवीरे रोसी खोलामै डुबेर मर्नु, करवीर साहुले बहादुरेकी छोरी माइलीमाथि शारीरिक शोषण गर्नु, धनप्रसाद पाध्य र मंगध्वज क्षेत्रीले पम्फी दमिनीलाई खेलौना बनाउनु, पम्फीको बच्चाको बाबु धनप्रसादको छोरोलाई बनाउने भनेर मंगलध्वजले षड्यन्त्र गर्नु, भैंसी सित्तैमा पाएपछि विजुलेले पम्फीलाई डाँडो कटाउनु, त्यसपछि धनप्रसाद र मंगलध्वले विजुलेलाई चोरीको मुद्दा लगाउनु र उपन्यासको अन्ततिर बहादुरेले महेशप्रसादलाई नसाको सुरमा ए बाहुन ! तेरो बाबुको सर्वस्व **लिलाम** हुने भो आज बढाबढ गर्न त मर्लास .......! बल्ल चित्त शान्त भो मेरो (पृ.९९) आदि जस्ता घटनाहरू प्रासङ्गिक घटना हुन् ।

यी घटनाघटित हुनुको कारण तत्कालीन पञ्चायतकालीन अवस्था, राजनीतिक अवस्था र त्यसले समाजमा ल्याएको वर्गीय, जातीय विभेद नै हो । यसले गर्दा समाजमा गरिब निमुखा खुलेर हिँड्न बोल्न सकेका छैनन् । विहान बेलुकाको छाक टार्न धौ धौ परेको अवस्थामा बहादुरे जस्ता पात्रहरूको घरजग्गा **लिलाम** भएको छ । यसो हुनुको कारण देशमा प्रजातन्त्र आईसके पनि समाजमा शोषण दमन अन्याय अत्याचार गर्ने अझै जिवितै रहेको प्रष्ट हुन्छ ।

यस उपन्यासमा प्रमुख रूपमा बहादुरेको सर्वस्व **लिलाम** हुने घटना र त्यसले उसको परिवारमा ल्याएको छटपटी र अन्य सहायक तथा प्रासङ्गिक घटनाले उपन्यासको कथावस्तु विस्तार गरेको छ । यसरी हेर्दा उपन्यासका घटनाहरू एक अर्कोमा कार्यकारण देखिन्छ । एउटा घटना घट्न एउटा कारण बनेर आएको छ । यी सबै घटनाहरू घट्नुको प्रमुख कारण तत्कालीन समयको पञ्चायती व्यवस्था, गरिबी, अशिक्षा नै रहेको देखिन्छ ।

### ३.२.६ भाषाशैली

**लिलाम** निम्नवर्गीय नेपालहरूको सामाजिक जीवनको यथार्थ चित्रण गरेको उपन्यास भएकाले यसको भाषा सरल, सहज र स्वाभाविक देखिन्छ । यस उपन्यासमा घिमरिले

कहीँकतै अभिधामूलक भाषाको प्रयोग गरेका छन् भने कतै व्यङ्ग्यातमक भाषाको प्रयोग गरेका छन् । उपन्यासमा झर्रा नेपाली शब्दहरूको प्रयोग गरिएको पाइन्छ । यस्ता झर्रा नेपाली शब्दहरूमा जडौरी, सुतथाती, लाम्टा, गर्जौ ओहो, आठपाँच घाटबारे भुडो पोतारी भाढे ऐभ्फेरू पाटी जर्रा फाँचा पद्सो मुर्कट्टा खकन घात तिहनु, राँडाराडी आदि प्रयोग भएका छन् भने प्यान्ट, पाकेट, होटल, इन्च, टेपरेकर्ड सोर्स, भ्यासेक्टोमी फीस व्यारोमिटर एफ.पी.एम आदि अङ्ग्रेजी शब्दको पनि प्रयोग भएको छ । भाषालाई रोचक र यथार्थ बनाउनको लागि प्रयोग भएका झर्रा नेपाली शब्द तत्सम तद्भव र अनेकौं आगन्तुक शब्द टुट्टा, फिफिलिस, सेवा, घाजाँच, ओध्रो, एक्वारै आदि नयाँ शब्दको प्रयोग गरिएको छ । यस्ता नयाँ शब्दहरूको प्रयोगले भाषामा मिठास ल्याएको छ । **लिलाम** उपन्यास जुन पृष्ठभूमिमा खडा गरिएको छ । त्यही पृष्ठभूमिबाट त्यहाँका पात्रहरूले बोल्ने भाषाको प्रयोग भएकाले यसको भाषा कृत्रिमताबाट मुक्त छ । उपन्यासमा प्रयोग भएका झर्रा शब्दहरू पात्रअनुसार सुहाउँदो र सान्दर्भिक देखिन्छन् ।

यस उपन्यासमा च्वाप्प-च्वाप्प झवाम्म च्यार्र टुकुक्क लग्लगी ट्वार्र सुरूक्क-सुथुक्क सुँक्क, सुक्क स्वाइँ स्वाइँ तुरुक्क, उकुसमुकुस, ढ्वाक्-ढ्वाक आदि अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको छ । जसले गर्दा उपन्यासको भाषालाई मिठास पूर्ण बनाएको छ । उपन्यासमा मरेपछि डुमै राजा, ढिडोलाई निस्तै, कि गरी खानू, कि मरी जानू जस्ता उखान र अक्क न वक्क शरणको मरण छन्दन बन्द, भालेका डाक, रमिता हेर्नु, उठीवास लाग्नु देशको निम्ति मर्नु, किरिया खानु, बेचैनी हुनु, मार हान्नु, जीउले थेग्नु, सुनको टुक्रा जस्ता टुक्काको प्रयोग गरिएकाले उपन्यास रोचक र जीवन्त बनेको छ । उपन्यास भाषा प्रयोगको दृष्टिले परिष्कृत देखिए पनि पात्रहरूले प्रयोग गरेका कयौं वाक्यहरू अपूर्ण देखिन्छन् । वाक्य अपूर्ण भए पनि उपन्यास पढ्दा अनुमानका भरमा पनि बुझ्न सुक्ने खालका देखिन्छन् ।

उपन्यासमा कतै-कतै व्यक्तिगत थेगोको प्रयोग गरिएको छ भने सामान्य आलाङ्कारिता र विम्लनलाई पनि भाषाले अङ्गीकार गरेको छ । थेगोको प्रयोगले उपन्यासलाई स्वभाविक र सान्दर्भिक बनाएको छ ।

"कटुवाल थोरे किनिछस् चाइञ्जसुञ्जो बाबै (पृ.५२)

"सधैंभरि राख्न पाउँ भन्छस् भने पनि नाइँ छैन, दोषी भैंसी पालेर सांरै हुन्छन् भने पनि लौ । चाइञ्जसुञ्जो ... ई चाइञ्जसुञ्जौ" (पृ.५०) ।

"धेरै चाकरी गरिस् तैले, जो हो अति हाम्रा पिता पुर्खादेखि जो हो" पृ.५०

"सोझालाई पाएर चाइञ्जसुञ्जो गर्दैनौ त काट्न हुदैन गाँठे" (पृ.५०) ।

उपन्यासमा प्रश्नवाचक चिन्ह (?) विस्मयादिवोधक (!) चिन्हको पनि प्रयोग गरिएको छ । कहीँकतै कर्ता, कर्म र क्रियाको मेल भएको छैन । यो उपन्यास भाषा प्रयोगका दृष्टिले सफल देखिन्छ । नयाँ-नयाँ नेपाली शब्दहरूको प्रयोग तत्सम, तद्भव र आगन्तुक शब्दका साथै उखान टुक्का र विभिन्न थेगोको प्रयोगले उपन्यास सरल, सहज र स्वभाविक बनेको छ ।

**लिलाम** उपन्यासमा घिमिरेले व्यङ्ग्यात्मक शैलीको प्रयोग गरेका छन् । प्रमुख पात्र बहादुरेको जीवनमा घटेका सुख-दुःखलाई समेटिएको छ । उपन्यासको सुरुमा बहादुरेले जीवनमा बितेका घटनाहरूलाई पूर्वदीप्ति शैलकि माध्यमबाट प्रस्तुत गरेको छ । बहादुरे र उसका परिवारका संवादहरूले बिचमा प्रश्रय पाएका छन् । उपन्यासमा प्रासङ्गिक घटनाका पात्रहरू बिच संवादात्मक शैली अपनाइएको भए पनि उपन्यासले तत्कालीन पञ्चायती शासन व्यवस्थाको चर्को दमन, विकृति, विसङ्गतिलाई नेपाली समाजको यथार्थ परिवेशका माध्यमाबाट व्यङ्ग्य प्रहार गरेको छ । उपन्यासमा "पुग्या छैन । आज एक दिन, अलि राम्ररी खान देऊ -न । भए रक्सी देउ ..." (पृ. ८४) । "उसको आँखा रसाएकोछ, मुटु रसाएको छ" (पृ. ८५) । "आखिर यो जरोले ज्यान लिइरै छाड्ने भो, ऊ अब जर्रालाई सम्झन्छ" ( पृष्ठ ८९) । जस्ता समानान्तरता वाक्य, स्वास्नी बुझ्छे, रामबहादुरसँग परेछ भनाभन" (पृष्ठ ४२) । जस्ता विचलनयुक्त वाक्य तथा थुप्रै आलङ्कारिक वाक्यको प्रयोगले उपन्यासमा अनुप्रासीय चमत्कार सिर्जना भएको छ ।

समग्रमा घिमिरेको **लिलाम** उपन्यासको भाषा सरल सहज र स्वाभाविक देखिन्छ । उपन्यासमा प्रयोग भएका अभिधामूलक, व्यङ्ग्यात्मक भाषाको प्रयोगले रोचकता थपेको छ । शैलीका दृष्टिले उपन्यासमा व्यङ्ग्य घटेका घटनालाई पूर्वदीप्ति शैलीको माध्यमबाट प्रस्तुत

गरिएको छ । साथै पात्र भाषाको प्रयोगमा संवादात्मक शैलीको प्रयोग गरिएको छ । उपन्यासमा प्रयुक्त उखान टुक्काको प्रयोगले भाषा मिठासपूर्ण रहेको देखिन्छ ।

### ३.२.७ अनुभूतिको संरचना

यस **लिलाम** उपन्यासमा अनुभूतिको संरचनालाई हेर्दा घिमिरेले तत्कालीन समाजमा भएका यथार्थ पक्षलाई देखाएको छ । सामाजिक रूढ्रिवादी मान्यता, निम्नवर्गीय नेपाली समाज, जातीय भेदभाव, पञ्चायतकालीन समस्या देखापरेका राजनीतिक खिचातानी जस्ता समस्याहरूलाई यथार्थ ढङ्गबाट चित्रण गरेका छन् । यी समस्या समाजमा विद्यमान भएकाले सबैको लागि प्रत्युपादक हुन्छन् भन्ने कुरा बुझ्न नसक्ने पात्रहरू यस उपन्यासमा छन् । यसलाई लेखकले यथार्थवादी कोणबाट हेरेका छन् ।

**लिलाम** उपन्यासले ग्रामीण समाजमा बसोवास गर्न निम्न वर्गीय पात्रहरूको जीवनमा घटेका यथार्थ घटनालाई मार्मिक रूपमा प्रस्तुत गरेको छ । उपन्यासको प्रमुख पात्र बहादुरेको ऋण नभए पनि गाउँका ठालु वर्गले जर्बजस्ती ऋण बोकाएर ऋण तिर्न बाध्य बनाएको घटना हाम्रो समाजको यथार्थ घटना हो भन्ने पुष्टि हुन्छ । समाजका सम्मुनत वर्गका व्यक्तिहरूले शैक्षिक, आर्थिक र जातीय रूपमा पिछडिएका जनतामाथि गरेको थिचोमिचो र त्यसले निम्न वर्गमा कस्तो प्रभाव पार्छ भन्ने कुरालाई यथार्थवादी ढङ्गबाट प्रस्तुत गरेको छ । बहादुरे, विजुले, दलवीर जस्ता सोझा साझा मानिसलाई धनको लोभ देखाएर भकुण्डो बनाएका छन् । विजुलेको छोरीलाई खेलौना बनाउनु । रहस्या खुल्ला भनेर लाहुरे भैंसी दिनु बहादुरेकी माइली छोरीलाई फुलि बनाई दिउँला भन्ने लोभ देखाउँदै शारीरिक शोषण जस्ता कुराहरूलाई **लिलाम** उपन्यासमा सामाजिक यथार्थवादी ढङ्गबाट चित्रण गरेका छन् । “टाढादेखि पाल्नु भएको ...थकाइ लागेको होला म गोडा मिच्न माइलीलाई पठाई दिन्छु” (पृ.४५) ।

उपन्यासमा प्रयुक्त यस्तो घटनाले हाम्रो समाजमा माइली जस्ता कयौं गरिबहरू धनीहरूको गोडा मिच्ने गरेको घटनालाई उपन्यासले यथार्थवादी ढङ्बाट चित्रण गरेको छ ।

अनुभूतिको संरचनाले समाजका बाह्य यथार्थका साथ साथै पात्रको अन्तर्मनको यथार्थलाई पनि प्रकट गरेको छ । केवल बाह्य क्रियाकलापको अनुभूतिले मात्र एउटा

उपन्यासको समाजको पूर्ण पयार्यलाई अभिव्यक्त गर्न सक्दैन । अतः सामाजिक यथार्थलाई पूर्ण र विश्वासिलो रूपमा प्रस्तुत गर्नुलाई उपन्यासका पात्रहरूको मानसिकतालाई पनि उद्घाटन गर्नुपर्ने हुन्छ । त्यसैले **लिलाम** उपन्यासको प्रमुख पात्रहरूको मानसिक यथार्थलाई उद्घाटन गर्नु युक्तिसङ्गत देखिन्छ ।

यस उपन्यासको प्रमुख पात्र बहादुरेमा आन्तरिक द्वन्द्व रहेको देखिन्छ । मर्ने बेलामा बाबुले "रिन धन केही पनि छैन नारी ...राम्ररी गरेर खाएस" (पृ.२६) भनेको थियो तर गाउँका तालुकहरूले बाबु मरेपछि जालझेल गर्दै सात वर्षको साँवा ब्याज र ब्याजको स्याज तिर्न बाध्य बनाएको घटनाले बहादुरेको मानसिकता आन्तरिक द्वन्द्व खडा भएको छ । आफ्नो सर्वस्व **लिलाम** भोलि हुँदैन भन्ने डरले ऊ र उसको परिवारमा छटपटी चलेको छ ।

"थाहा छ ? भोलि **लिलाम** हुन्छ ..." बहादुरे आफ्नै ... झैं सेतीलाई भन्छ (पृ.१३) । यसले बहादुरे र उसको परिवारमा भुकम्प ल्याएको छ ।

"रिन खाएर तिर्न नसकेपछि **लिलाम** हुन्छ थाहा छ ? हाम्ले रिन तिर्न सकेनौ..." (पृ. १४) ।

"लि...ला...म..." खुईय गर्दै बहादुरे बर्बरायो ।

"लि...ला...म... सेती पनि बर्बराई" (पृ.१९) ।

भोलि सर्वस्व **लिलाम** हुने घटनाले गर्दा बहादुरेको परिवारमा निर्दा परेको छैन । झनै बहादुरे त सहन नसकेर आत्महत्या गर्न भनेर सुनकोशी गएको छ । उसको एकमनले आत्महत्या गरूँ भन्छ गर्ने समेत तम्सेर खोलाको किनारमा जान्छ तर जहान छोराछोरीको मायाले मर्न सक्दैन । ऊ घर फर्केर आएको छ । उसमा रहेको मानसिक छटपटीले लट्ठी, खुकुरी तयार अवस्थाा राखेको देखिन्छ । विजुलेमा पनि आन्तरिक द्वन्द्व छ । धनप्रसाद पाध्यले दिएको लाहुरे पाडीको आँखामा खोज छ भनेपछि पाडी राख्ने कि नराख्ने भन्ने विषयमा द्वन्द्व खडा भएको छ । चाइन्जसुन्जो यो भैंसीको आँखा कौडे छ (पृ.५३) । यसले विजुलेको मनमा द्वन्द्व खडा भएको छ । राखे भने आफै मर्ने योग, नराखु भने कसरी पुऱ्याई दिनु । धनप्रसाद पाध्य र मंगलध्वज क्षेत्रीका बिचमा बीस मुरी खेत कसको भागमा पार्न भन्ने निम्ति आन्तरिक द्वन्द्व खडा भएको देखिन्छ । यसले दुवैमा कलह सिर्जना भएको छ ।

समग्रमा यस उपन्यासमा अनुभूतिको संरचनाले कृतिभित्र प्रयुक्त सामाजिक स्थिति एवम् पात्रहरूको मानसिकतालाई प्रस्तुत गरेको छ । लेखकले देखे भोगेका घटनालाई प्रस्तुत गर्ने क्रममा आएका पात्रहरूको यथास्थिति एवं ती पात्रहरूको मानसिक अन्तर्द्वन्द्व जस्ता विषयलाई अनुभूतिको संरचनाभित्र खोजिएको छ ।

## ३.३ निष्कर्ष

साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा **लिलाम** उपन्यासको विश्लेषण गर्ने क्रममा प्रजाति, युग र पर्यवरण विश्वदृष्टि, संस्कृति, कार्यकारण, भाषाशैली र अनुभूतिको संरचनालाई प्रमुख आधार मानी विश्लेषण गरिएको छ ।

**लिलाम** उपन्यासमा विभिन्न जातजातिहरू र उनीहरूको जातिय विशेषताहरूले प्रजातिगत मूल्य झल्केको छ । उपन्यासमा ब्राह्मण क्षेत्री, वैश्य, शुद्र जस्ता विभिन्न जातजाति र उनीहरूको सामाजिक, आर्थिक, सांस्कृतिक चालचलनहरू उपन्यासमा देखिन्छ । यी जातजातिहरू कोही आर्थिक रूपमा सम्पन्न देखिन्छन् भने कोही विपन्न भएर अरुको भरमा जीवन गुजारा चलाउनु परेको यथार्थ घटनालाई उपन्यासले चित्रण गरेको छ । उच्च वर्गका व्यक्तिहरूले निम्न वर्गका व्यक्तिहरूलाई भकुन्डो बनाएको घटना मार्मिक बन्न पुगेको देखिन्छ । साथै उपन्यासमा उच्च वर्गहरूको थिचो मिचोको विरोध नगरी समाजमा निम्न वर्गहरू अपहेलित भएर बस्नु परेको यथार्थलाई उपन्यासले चित्रण गरेको छ । यस उपन्यासको युग र पर्यवरणलाई हेर्दा युगगत सन्दर्भ २०२७ भन्दा पूर्वको पञ्चायतकालीन घटना आएको देखिन्छ भने तत्कालीन समय भनेको २०२४ तिरको देखिन्छ । यतिखेरको समयमा नेपाली जनताहरूले भोग्नु परेको दुःख कष्ट पिडा आदिको कारुणिक परिवेशलाई उपन्यासले चित्रण गरेको छ । स्थानका रूपमा रामेछापको मन्थली, काठमाडौं, सल्यान, रोसीखोला आदिमा घटित घटनाहरूलाई चित्रण गरेको देखिन्छ । त्यस्तै लिलाम उपन्यासको विश्वदृष्टिलाई हेर्दा तत्कालीन साजमा भएको सामाजिक विकृति गरिबी उत्पीडन यौन विकृति जस्ता समस्यालाई यथार्थवादी ढङ्गले चित्रण गरेको देखिन्छ । साथै तत्कालीन समाजमा शिक्षा र चेतनाको अभावले समाजका निम्न वर्गहरू उच्च वर्गसँग दबिनु परेको देखिन्छ । निम्न वर्गका नारीहरूले एक छाक खान र एक छुम्रो लगाउन यौन व्यापारमा तल्लीन हुनु परेको देखिन्छ । उपन्यासले समाजमा देखिएको सामाजिक कुंसस्कार विकृति र

अन्धविश्वास पूर्ण संस्कृतिको पनि चित्रण गरेको देखिन्छ । झाडापखला लागेमा धामी झाँक्री डाक्नु, भैसीको आँखा कौडे छ भन्नु, मुद्दा जित्नको लागि कमलामाईमा पाठी भाकल गर्नु, आदि घटनाले यसलाई पुष्टि गर्छ । त्यस्तै लिलाम उपन्यासको बहादुरे अशिक्षित गरिबी र सोझो भएकाले डालु वर्गहरूले घरजग्गा लिलाम बनाएको घटनाले नै बहारीको जीवनमा विभिन्न घटनाहरू सृजना भएको देखिन्छ ।

उपन्यासको भाषाशैली सरल सहज र पात्रअनुसारको नै देखिन्छ तत्सम, तद्भव र झर्रा नेपाली शब्दहरूको प्रयोग पनि उपन्यासमा सान्दर्भिक नै देखिन्छ । अनुकरणात्मक शब्द उखान टुक्का र थेगोको प्रयोगले उपन्यासको भाषाशैलीलाई रोचक बनाएको छ । कहिकतै व्यङ्ग्य शैलीको प्रयोग गरेतापनि बहादुरेको जीवनमा घटेका घटनालाई उपन्यासले पूर्वद्वीप्ती शैलीको माध्यमबाट चित्रण गरेको छ । उपन्यासको अनुभूतिको संरचनालाई हेर्दा तत्कालीन समाजको यथार्थ पक्षनै देखिन्छ । सामाजिक रुढीवादी मान्यता, निम्न वर्गीय नेपाली समाज, जातीय भेदभाव, पञ्चायतकालीन समयमा नेपाली जनताले भोग्नु परेको समस्या र यसकारण पात्रको मनमा उत्पन्न भएको मानसिक द्वन्द्वलाई नै अनुभूतिको संरचनाले चित्रण गरेको छ ।

अन्तमा घिमिरेको लिलाम उपन्यासमा देखिएको समाजशास्त्र र समकालीन नेपाली समाजमा देखिएको सामाजिक घटनाहरूलाई समाजशास्त्रका दृष्टिले विश्लेषण गर्दा उस्तै रहेको छ भन्ने निष्कर्ष पुग्न सकिन्छ ।

# परिच्छेद : चार

# साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा साबिती उपन्यासको विश्लेषण

## ४.१ साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा साबिती उपन्यासको विश्लेषण

यस अध्यायमा **साबिती** उपन्यासको समाजशास्त्र विश्लेषण गर्ने क्रममा प्रजाति, युग र पर्यावरण, विश्वदृष्टि, संस्कृति, कार्यकारण, भाषाशैली, अनुभूतिको संरचनालाई सैद्धान्तिक आधार मानी विश्लेषण गरिएको छ ।

### ४.१.१ प्रजाति

**साबिती** उपन्यासमा ब्राहमण क्षेत्री, शुद्र जस्ता विभिन्न जातजाति र उनीहरूका जातीय विशेषता, समाज प्रजातिका रूपमा आएका छन् । उपन्यासमा 'म' पात्र ब्राह्मण जातिको पात्र हो । शिक्षित मध्यम वर्गीय परिवारको 'म' पात्रको जातीय कर्म र संस्कारगत कार्यहरू उपन्यासमा कतै उल्लेख छैन । 'म' पात्र लेखक आफैँ भएकाले आफूले देखे भोगेका सामाजिक विकृति र विसङ्गतिलाई विद्रोह गरेका छन् । 'म' पात्र ब्राहमण जातिको भए पनि तत्कालीन राजनीतिक क्षेत्रमा देखा परेको विकृतिपूर्ण अवस्थाबाट दिक्क भएर रक्सी खाएका छन् । जातिगत कर्मका आधारमा रक्सी खाने कान्छासँग मिलेर माछा मार्ने काम गरेको 'म' पात्रले जातीय संस्कार र कर्म बिर्सेको छ । "माछाको स-सानु थुपो अँगेनाको डिलमा छ । कान्छो सिलमा माछा उन्दै पनि छ । हामी मरिनखोलाको माछा पोल्दै, खाँदैछौं घरवाला रक्सी सँग" (पृ.१४) । उपन्यासमा 'म' पात्र तत्कालीन समाजको विकृति अवस्था, यौन व्यापार, राजनीतिक खिचातानीसँग रुष्ट भएर त्यसैको विरोध गरी समाज सुधार तर्फ लागेको छ । 'म' पात्र तत्कालीन समाजको शिक्षित तर वेरोजगारी युवा हो । समाजमा रहेको विकृति, ढिलासुस्ती, वेरोजगारी, यौनादुरावस्थाप्रति आक्रोश व्यक्त गर्दै मानिसले समाजमा सामाजिक मूल्य मान्यता जातीय संस्कार र संस्कृति जस्ता कुरा बिर्सदै गएको कुरालाई 'म' पात्रले वैचारिक रूपमा प्रस्तुत गरेको छ ।

उपन्यासमा झुप्रे कामी जातको व्यक्ति हो । उसको घर जिम्वाल सापको घरभन्दा तलतिर खरले छाएको छ । झुप्रेका घर अगाडि आरन रहेकाले जातमा शुद्र (कामी) रहेको पुष्टि हुन्छ । झुप्रे कामीको आर्थिक अवस्था ज्यादै न्यून रहेकाले उसले आरनको काम गर्छ र उसकी श्रीमती विष्टहरूको घर दैलो कुरे विहान बेलुकाको छाक टार्छे । "बाली र विष्टको दयाको भरमा छ महिला खान्छ, छ महिना सिस्नाको खोले खान्छन् आधापेट" (पृ. ७) । यो जातको कर्म र संस्कार परम्परादेखि यही नै चलिआएको उल्लेख छ । सामान्य आय स्तर भएको झुप्रे कामी अशिक्षित भएकोले छोराछोरी सातजना रहेका छन् । छोराछोरीलाई विहान बेलुका खुवाउन समेत धौ धौ परेको झुप्रे र झुप्रीनीमा परेको भोकको लगाइले सम्पूर्ण गरिबी नेपालीको प्रतिनिधित्व गरेको छ । झुप्रे गरिब भए पनि जातीय संस्कार रक्सी खाने काम उसले बिर्सेको छैन । घरमा खान नभए पनि रक्सी खाएर श्रीमती छोराछोरीलाई हुर्काउने काम गरेको छ । "जिम्वाल साएपले बक्स्या मकैको च्याख्ला भाका छोराछोरीले स्वात्तै निलिहाले म पनि त भोकै छु" (पृ. ६) । यसबाट झुप्रे अशिक्षित निम्न आयस्तर भएको, रिसको झोकमा रक्सी खाएर श्रीमती छोराछोरीलाई पिट्न शुद्र जातको पुष्टि हुन्छ । यसबाट झुप्रै कामीको जातिगत, विशेषता झल्केको छ ।

उपन्यासमा क्षेत्री जातिको रूपमा रहेको जिम्वाल र उसको परिवार सामाजिक संस्कार र शिक्षित रहेको देखिन्छ । जातिगत संस्कार उपन्यासमा उल्लेख नभए पनि शिक्षित भएकोले झुप्रे कामीले रक्सी खाएर श्रीमती, छोराछोरीलाई गरेको दुर्व्यवहारको विरोध गरेको छ । "बजिया झुप्रे डाङरा, किन लिन्छस ए तेरी आमाको ज्यान ? (पृ. ५) यसबाट जिम्वाल समाजमा भर्द्र सम्पन्न समाजमा शोषण दमनप्रति बोल्न कुलीन जातको देखिन्छ । उसले कतै पनि जाँड रक्सी खाएर कसैको नराम्रो गरेको छैन । समाजमा कामीहरूले घरमा रडाको झिक्दा सम्झाउने बुझाउने, डर देखाउने काम गरेको छ । "आजदेखि फेरी यसरी कुटेको थाह पाएँ भने डाँडो कटाइदिन्छु कि झ्यालखाना पुऱ्याइ दिन्छु" (पृ. ६) । यसबाट जिम्वाल जातिगत विशेषता झल्केको देखिन्छ ।

उपन्यासमा परापूर्वकालदेखि चलि आएको आर्थिक अवस्थालाई पनि उपन्यासकारले प्रजातिगत मूल्य दिएका छन् । यस उपन्यासमा मूल रूपमा दुई आर्थिक अवस्था भएका मानिस भेटिन्छन् : मध्यम वर्ग र निम्न वर्ग । उपन्यासमा मध्यम वर्गको रूपमा जिम्वाल

साहेप, म पात्र, कान्छो, डाक्टर, नर्स देखिन्छन् भने निम्न वर्गमा झुप्रे कामीको परिवार, ऊ आमा, छोरी र ठूल्दीदी जस्ता पात्र देखिन्छन् ।

उपन्यासमा निम्न वर्गीय परिवारको रूपमा झुप्रे कामीको परिवार साथै उपन्यासमा प्रयुक्त ऊ, आमा, छोरी र ठूल्दीदी जस्ता पात्रले निम्न वर्गको प्रतिनिधित्व गरेका छन् । झुप्रे कामी निम्न आय स्तर भएको व्यक्ति हो । गरिब भएकै कारणले ऊ अशिक्षित छ । घरमा विहान बेलुकाको छाक टार्न विष्टहरूको दैलो कुर्न पर्ने अवस्था छ (पृ. ७) । झुप्रेको घरमा श्रमिान् श्रीमती र छोराछोरी गरी ९ जनाको परिवार रहेको छ । सम्पत्तिको नाममा एउटा झुप्रो खरले छाएको घर र आरन रहेको छ । छोराछोरी धेरै भएकाले शिक्षादीक्षा त परै जाओस् राम्रोसँग खान र लगाउने अवस्था पनि छैन । यसबाट झुप्रे कामीको परिवार निम्न वर्ग भन्ने पृष्टि हुन्छ । झुप्रे र झप्रीनी बिचमा भोकको लडाइले अधिकांश नेपाली गरिबहरूको प्रतिनिधित्व गरेका छ । “जिम्वाल साएपले वक्स्या मकै भोका छोराछोरीले स्वात्तै निलिहाले । म पनि त भोकै छु गरिपखर ...आज रक्सी खाएर आएर मलाई माछु भनेर पानीपेटमा हिर्कायो मेरा आमा ...” (पृ. ६) ।

माथिको प्रसङ्गले झुप्रीनी घरमा छोराछोरीलाई अर्कोले दिएको मकैको च्याखला खुवाउने गर्छे भने झुप्रे चाहिँ रक्सी खाएर श्रीमती छोराछोरीलाई जिउँदै जलाउन खोज्छ । यसबाट निम्न वर्गीय व्यक्तिहरू खान लगाउन नभए पनि आफू रक्सी खाएर मोज गर्ने छोड्दैनन् भन्ने पुष्टि हुन्छ । श्रीमती झुप्रीनी अशिक्षित भएकै कारणले वर्षै पिच्छे भुँडी बोकको छे । त्यसको स्याहार छैन । खान लगाउने छैन । विचरा, झुप्रिनीको चोलो छैन, छाती छैन करङै करङ । किक्लिक्क हाडहरू । यो हाडै हाडको मुमताज हो (पृ. ६) । यसबाट झुप्रे र झुप्रीनीको परिवार निम्न वर्गीय भन्ने पुष्टि हुन्छ ।

उपन्यासमा निम्न वर्गीय पात्रको रूपमा ऊ, आमा छोरी र ठूल्दीदी जस्ता पात्रहरू चित्रित छन् । यी पात्रहरूले निम्नवर्गीय नेपाली नारी जातिको प्रतिनिधित्व गरेका छन् । समाजमा आफ्ना दैनिक गुजारा चलाउन वेश्यावृत्ति गर्ने यी पात्रहरू निम्न स्तरका पात्रहरू हुन् गरिब भएकै कारणले आफूहरू शरीर बेच्न बाध्य भएको घटना उपन्यासको बाह्रै परिच्छेदमा चित्रित छ । उपन्यासमा यी पात्रहरूको शरीर बाखीको जीउसँग थोत्रा गाडीसँग तुलना गरिएको छ । “आमा ...छोरी... नयाँ इज्जित ...पुरानु इन्जिन ... ओभरहल ...

ग्रहक…सुइ…प्यासेन्जर … फ्री …प्यासेन्जर … म… समाज … सरकार … स्वतन्त्र … न्याय …कानून … अस्मिता … नैतिकता … दुर्गन्ध … रक्सी … पसल … ओभरलोडलाई ट्राफिकले सजाय गर्छ" (पृष्ठ ४६) ।

यसबाट माथि उल्लिखित पात्रहरू जीवन गुजारा गर्न, आफ्ना आवश्यकता पूरा गर्न यौन व्यापार गर्ने बाट निम्न वर्गीय भन्ने पुष्टि हुन्छ ।

उपन्यासमा मध्यम वर्गको रूपमा 'म' पात्र, जिम्वाल साहेप, कान्छा, डाक्टर, नर्स आदि चित्रित छन् । उपन्यासमा मध्यम वर्गको रूपमा म पात्र चित्रित छ । ऊ मध्यम वर्गको भएकोले शिक्षित छ । तत्कालीन समाजमा देखा परेका सामाजिक विकृति विसङ्गतिप्रति सङ्घर्ष गरेको छ । तत्कालीन समाजमा देखा परेको राजनीतिक अस्थिरताले निम्त्याएको पेसागत विकृति, शैक्षिक वेरोजगारी, चाकरी चाप्लुसीमाथि 'म' पात्रले उपन्यासको सुरुदेखि नै खुलेर विरोध गरेको छ । नेपाली समाजमा एक छाक खान र एकसरो लगाउन धौ धौ परेको अवस्थाप्रति म पात्रले आक्रोश गरेको छ । "बाख्रीको जीउ पचास रुपियाँमा पाइन्छ र आइमाईको जीउलाई त्यति पनि पर्दैन, तिमीहरूको यस राज्य व्यवस्थामा थुक्क" (पृ. २२) । यसबाट 'म' पात्रले तत्कालीन समाजमा देखा परेको विकृति र विसङ्गतिको खुलेर विरोध गरेकोले ऊ मध्यम वर्गीय व्यक्तिको रूपमा पुष्टि हुन्छ ।

उपन्यासमा डाक्टर, नर्स मध्यम वर्गको रूपमा चित्रित छन् । मध्यम वर्गकै भएकाले डाक्टर, नर्स भएर जनताको सेवा गरेका छन् । त्यस्तै जिम्वाल, कान्छो पनि मध्यम वर्गको रूपमा आएका छन् । उपन्यासमा मध्यम वर्गीय जिम्वालले झुप्रे कामीलाई खाद्यान्न सहयोग गरेको छ । कान्छाले 'म' पात्र बिग्रेर बसेको अवस्थामा सम्झाउँदै केही काम गर्नुपर्छ भन्दै सङ्केत गरेको छ ।

यसरी यस **साबिती** उपन्यासमा विभिन्न जात, उक्त जातीय विशेषता, सामाजिक आर्थिक र मानसिक संरचनालाई विभिन्न वर्ग र तहमा रहेको विचार र चिन्तनका माध्यमबाट प्रजातिगत विशेषता झल्काइएको छ ।

### ४.१.२ युग र पर्यावरण

**साबिती** उपन्यासको युग र पर्यावरणलाई युग र पर्यावरण गरी दुई भागमा बाँडेर अध्ययन गर्नुपर्ने हुन्छ । युग भनेको तत्कालीन समय हो र पर्यावरण भनेको तत्कालीन स्थान वा परिवेश हो । यस उपन्यासले तत्कालीन नेपालमा बढ्दै गएको आर्थिक, सामाजिक, राजनीतिक विकृति तथा दोस्रो विश्वयुद्धले जन्माएको सन्त्रासलाई प्रष्ट्याउने कोसिस गरेको छ (पृ. ५०) । यसैगरी उपन्यासमा "म दोस्रो महायुद्धपछि जन्मे अर्थात् महायुद्धको घाउँमाथि पलाएँ । मेरो जरा महायुद्धमा गाडिएका छन् । म महायुद्धको कलमी विरूवा हुँ । म आफ्नो विखालु वीर्यबाट अर्को पुस्ता जन्माउन चाहान्न" (पृ. ३५) । भन्ने भनाइबाट यस उपनयासको युग भनेको विश्वयुद्धले ल्याएको जर्जरता र विकृतिपूर्ण अवस्थाको समय भन्ने देखिन्छ ।

कालगत सन्दर्भबाट हेर्दा यो उपन्यास २०२५/०२७ तिर प्रकाशित भएको देखिन्छ । यतिखेरको समयमा समाजमा देखिएको राजनीतिक विकृति, विसङ्गति, शैक्षिक वेरोजगार, ढिलासुस्ती आदिको समस्याले गर्दा उपन्यास २०२६ भन्दा अगाडिको पञ्चायतकालीन समयको मान्न सकिन्छ ।

स्थानगत परिवेशका दृष्टिले हेर्दा यस उपन्यासको केन्द्रस्थान काठमाडौं उपत्यका र यहाँ घटेका घटनाहरूको चित्रणमा केन्द्रित छ । मुख्य परिवेश काठमाडौं भए पनि सहरिया मानिस, बौद्धिक युवा वर्ग, पेसागत विकृति, नारी शोषण तत्कालीन राज्य व्यवस्थाको विकृतिलाई उपन्यासले उजागर गरेको छ । उपन्यासमा आंशिक रूपमा भारत तथा विश्वकै परिवेश चित्रण भएको छ (पृष्ठ ५३) । उपन्यासमा घटेका विभिन्न घटनाहरू प्रायः उपन्यासकारले देखे भोगेकै रूपमा आएका छन् । सामाजिक विकृति विसङ्गति, ढिलासुस्ती, यौनदुराचार भ्रष्टचार र सांस्कृतिक दुरावस्थाको परिवेश उपन्यासमा चित्रित छ । समाजमा ठूलाबडाहरूले निमुखा व्यक्तिमाथि गर्ने अन्याय र अत्याचारको सही रूप नै उपन्यासको परिवेशको रूपमा आएको छ ।

यो उपन्यासले निम्नवर्गीय नेपाली समाजमा रहेका झुप्रे कामी र झुप्रीनी बिचमा भएको भोकको लडाइँलाई गरिबीको चरम रूपमा प्रस्तुत गरेको छ । झुप्रेले भोकको भोकमा

झुप्रिनीलाई पिट्नु र झुप्रिनीको मृत्यु हुनाले उपन्यासमा कारूणकितापूर्ण वातावरण सिर्जना भएको छ (पृष्ठ ६) । उपन्यासकार स्वयम् आफूले अनुभव गरेको आत्मवृत्तान्त यस उपन्यासको मूल परिवेश हो । भोक र शोकका लागि जीउ बेच्नु पर्ने बाध्यता भएका ऊ, आमा, छोरी, ठूल्दीदी जस्ता पात्रले गर्नु परेको वेश्यावृत्तिले नारीहरूको दयनीय अवस्थाको चित्रण गरेको छ (पृष्ठ ४५) । डाक्टर र विरामीमाथि गरेको दुर्व्यवहार पूर्ण साथै पुलिसले 'म' पात्रलाई सेवा नदिएर उल्टै पैसा खोसेको अवस्थाले उपन्यासमा विकृतपूर्ण वातावरण साथै खण्डित मानवताको दुःखत वातावरण सिर्जना भएको छ (पृष्ठ ५३) ।

समग्रमा यस उपन्यासको युगगत सन्दर्भ दोस्रो विश्वयुद्धको जर्जरतापूर्ण अवस्था हो भने तत्कालीन समय भनेको २०२६/०२७ तिरको पञ्चायतकालीन अवस्था हो । स्थानको रूपमा काठमाडौंको परिवेश चित्रित भए पनि उपन्यासमा शोषण, दमन, अन्याय, अत्याचारपूर्ण साथै खण्डित मानवताको दुःखद वातावरण सिर्जना भएको छ ।

### ४.१.३ विश्वदृष्टि

यस **साबिती** उपन्यासमा नेपाली वर्गीय समाजको चित्रण, पेसागत विकृति, शैक्षिक वेरोजगारी राजनीतिक शोषण दमनले लेखक तथा लेखन पेसामा संलगन पेसाकर्मीहरूको जीवनमा ल्याएको समस्या विश्वदृष्टिको रूपमा आएको छ । उपन्यासले तत्कालीन सामाजिक यथार्थलाई पनि चित्रण गरेको छ । उपन्यासमा देखिएको सामाजिक शोषण, दमनले नारी समस्या देखिएको छ । उपन्यासमा ऊ आमा, छोरी, ठूल्दीदी वर्गीय पात्र हुन् । भोक र तीर्खा मेट्नको लागि यी पात्रहरूले शरीर व्यापार गर्नु परेको दयनीय अवस्थाले आम नेपाली नारी समस्याको प्रतिनिधित्व गरेको देखिन्छ । नारीका शरीरसँग थोत्रा गाडी, बाखीको जीउसँग तुलना गरिनुले तत्कालीन नेपाली समाजमा सामन्ती युगमा रहेको पुष्टि हुन्छ । “वैतरणी नदी हो यो नयाँ वाडी । आज कति मुमुक्षुहरू पारी उर्त यसलाई तरेर” (पृ. ४७) । यसले तत्कालीन समयमा देखिएका शोषण दमन आदिले नारीहरू पिल्सिनु परेको घटना पुष्टि हुन्छ ।

उपन्यासमा तत्कालीन समाजमा देखिएको विकृति विसङ्गति भ्रष्टचारले देशमा निम्त्याएको शैक्षिक वेरोजगारी र लेखन पेसामा संलग्न पेसाकर्मीहरूको समस्या पनि विश्वदृष्टिको रूपमा आएको छ । उपन्यासमा 'म' पात्र माध्यम वर्गीय नेपाली समाजमा हुर्केको व्यक्ति हो । पेसामा लेखक भए पनि त्यसको उचित मूल्य नभएकाले उसले चाहे जसरी जीवन सञ्चालन गर्न सकेको छैन । तत्कालीन समयमा देखिएको राजनीतिक सङ्क्रमण र त्यसले शिक्षित युवा वर्गमा पारेको नकारात्मक असर 'म' पात्रको माध्यमबाट प्रस्तुत गरिएको छ । विरामी भएर अस्पतालको बेडमा भर्ना भएको 'म' पात्र माथिबाट फोन आएको भरमा अस्पतालबाट गलहत्तीनुले तत्कालीन राजनीतिक सङ्क्रमणको तीखो व्यङ्ग्य गरेको छ (पृष्ठ १२) । उपन्यासमा समाजमा रहेको भ्रष्टचार, राजनीतिक शोषण आदिको विद्रोह गर्ने नसकेर गरिब निमुखा, शिक्षितहरू पछाडि पर्नु परेको घटना पुष्टि हुन्छ ।

उपन्यासमा तत्कालीन समाजमा भएका शोषण दमन पनि विश्वदृष्टिको रूपमा आएका छन् । समाजमा देखा परेको विकृति र त्यसले ल्याएको सङ्क्रमणकालीन अवस्थाले 'म' पात्र समाजका टाठाबाठा र आफ्नै नातागोता समेतबाट शोषण भएको घटना उपन्यासमा चित्रित छ । यसले समाजमा गरिब निमुखा, जनताहरू आफ्नै नातागोता समेतबाट जोगिन मुस्किल भएको यथार्थ घटनालाई उपन्यासले चित्रण गरेको छ । "म हेरिबस्छु आफ्नो सिनुको लागि लुछाचुँडी तिनै आँखाले ... । तर पख है, के देखें यो पत्याई नसक्नु ... ती मेरो मुटु कलेजोका निम्ति झुत्ती खेल्ने कुकुर ब्वाँसा, स्याल, गिद्ध त मेरा आफन्त पो रहेछन्" (पृ. ४९) ।

उपन्यासमा समाजमा देखा परेका सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक समस्या र त्यसले समाजभित्रका विकृति र विसङ्गतिलाई पनि विश्वदृष्टिको रूपमा प्रस्तुत गरेको छ । उपन्यासको अन्तिम परिच्छेदमा उपन्यासकारले

"मान्छेसँग केही हैन अब
हारिसकेको छ पाण्डवले झैं
सबै थोक युगको जुवामा
जाल साजीमा" (पृ. ५७) ।

यसबाट समाजमा अब मान्छेसँग केही नभएको र त्यसले सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक सङ्कट खेप्नु परेको कुरालाई प्रष्ट पारेको छ ।

समग्रमा हेर्दा **साबिती** उपन्यासमा तत्कालीन समाजमा भएका विकृति विसङ्गति, राजनीतिक सङ्क्रमण र त्यसले भित्र्याएको शैक्षिक वेरोजगारी, शोषण, दमन, अन्याय, अत्याचार, सामाजिक, आर्थिक, सांस्कृतिक समस्याहरू विश्वदृष्टिका रूपमा आएका छन् ।

### ४.१.४ संस्कृति

**साबिती** उपन्यासमा समाजमा देखिएका शोषण दमन जस्ता विकृतिपूर्ण सामाजिक कुसंस्कार साथै लोकविश्वासपूर्ण संस्कृति रहेको छ । उपन्यासमा ग्रामीण समाजमा बसोवास गर्न गरिब जनतामाथि धनी वर्गहरूले गरेको शोषण दमन र कुसंस्कारले जरो गाडेको छ । उपन्यासमा सुकिला लुगा लगाउने गुण्ठाहरूको इज्जत भएको तर आफ्नो गरेर खाने सोझा नेपालीहरूको इज्जत नभएको विकृत सामाजिक कुसंस्कार उपन्यासमा चित्रित छ (पृष्ठ १) । उपन्यासको 'म' पात्र विरामी भएर बेडमा सुतेको अवस्थामा पैसा र आफन्त नभएकाले नर्सहरूको रुखो व्यवहार सहनु परेको छ । यसले पनि हाम्रो समाजको विकृतिपूर्ण संस्कृतिको चित्रण गरेको छ । "यी तपाईंको डिस्चार्ज टिकेट । आज तपाईं जानु" (पृष्ठ १२) । यसले तत्कालीन समाजमा भएको विकृतिपूर्ण संस्कारको सङ्केत गरेको छ ।

झाडापखाला लागेमा धामी झाँक्री लगाउनु पर्ने सामाजिक संस्कार साथै लोक विश्वासपूर्ण संस्कृति पनि उपन्यासमा देखिन्छ । नानी हगी मर्न लाग्यो । झाँक्री डाकौं न भोली" (पृ.१५) । उल्लिखित लोक विश्वासले गर्दा अशिक्षित, गरिब, निमुखा अकालमै मर्नु पर्ने अवस्थालाई उपन्यासले समेटेको छ । पखाला लागेमा झाँक्री, बोलाउनु पर्ने, रातो भाले र चाइनीज वुशट चाहिने प्रसङ्गले अझै पनि हाम्रो समाजमा यस्ता सामाजिक अन्धविश्वास र लोकविश्वासपूर्ण संस्कृति हावी रहेको पृष्टि हुन्छ ।

उपन्यासमा जातीय संस्कृति साथै निम्न वर्गीय नेपाली समाजका नारीहरूले जीवन गुजारा गर्न शरीर बेच्नु परेको घटनालाई विकृतिपूर्ण संस्कृतिको रूपमा चित्रण गरेको छ । उपन्यासमा जातीय संस्कृति पनि देखिन्छ । परिच्छेद दोस्रोमा देखापरेको झुप्रे शुद्र जातको कामी हो । घरमा आरन राखेर विष्टहरूको दैलो चाहार्न उसको परम्परा देखिन्छ । धार्मिक

परम्पराअनुसार रक्सी वैवाहिक कार्यमा समेत प्रयोग गरिने सगुन भएकोले उपन्यासमा झुप्रे रक्सीमा मात्तिएको छ (पृष्ठ ५) । निम्नवर्गीय नेपाली समाजमा नारीहरू समाजका भोग्य वस्तु भएका छन् । ऊ, आमा छोरी र ठूल्दीदी जस्ता पात्रहरूले जीवन सञ्चालन गर्ने शरीर बेच्नु पर्ने नीच कार्य गर्न समेत पछि हटेका छैनन् । "वेश्यालय कुनै पनि देश र समाजको उन्नति नाप्ने कसी हो" (पृ.४५) । यसबाट कुनै पनि देशको विकास कतिसम्म भएको छ साथै त्यहाँका नारीहरूको जीवनस्तर कस्तो रहेको छ भन्ने विकृतिपूर्ण संस्कारको चित्रण माथिको उदाहरणबाट प्रष्ट हुन्छ ।

यसरी **साबिती** उपन्यासमा विकृतिपूर्ण सामाजिक कुसंस्कार, लोकविश्वास, जातीय संस्कृति, अन्धविश्वास, परम्परागत धार्मिक संस्कारले नेपाली समाजमा पारेको असरलाई संस्कृतिगत रूपमा चित्रण गरिएको छ ।

### ४.१.५ कार्यकारण

**साबिती** उपन्यासको घटनाहरू घटित हुनुका पछाडि कारणहरू अन्तर्निहित भएर आएका छन् । उपन्यासले नेपाली समाजमा देखा परेको आर्थिक असमानता, धनी, गरिब बिचको विभेद, सम्पूर्ण शोषण दमनमाथि विद्रोह गर्ने तम्सेको एउटा शिक्षित मध्यम वर्गीय परिवारको सङ्घर्षको कथालाई 'म' पात्रको केन्द्रीयतामा अगाडि बढाइएको छ । जुन घटना 'म' पात्रको केन्द्रीयतामा अगाडि बढाएको छ । उपन्यासमा 'म' पात्रले जीवनमा भोगेको र अनुभव गरेको घटनाहरू नै प्रमुख भएर आएका छन् ।

'म' पात्र शिक्षित भएर पनि जीवनमा केही गर्न नसक्नु उपन्यासको प्रमुख घटना हो । 'म' पात्रको जीवनमा यस्तो घटना घट्नुको कारण तत्कालीन नेपालको राज्यावस्था हो । युवावस्थामा आफू कम्युनिष्ट समाजको छापामार युद्धमा लागेको तर यसले समाजमा झनै विकृति भित्र्याएकाले उसले जीवनमा केही गर्न सकेको छैन । आफूसँग पढेलेखेका साथीहरूले जीवनमा प्रगति गरेका तर आफू छापामार युद्धमा लागेर विचल्ली भएको कारण नै 'म' पात्रको जीवनमा शुन्य भएको हो । यसकै कारण शिक्षित भएर वेरोजगारी बस्नु परेको छ । विपन्न र निरूपाय 'म' पात्र बिरामी भएर अस्पतालमा भर्ना भए पनि माथिबाट फोन आएको भरमा अर्को बिरामीलाई बेड खाली गरिदिनु पर्ने अवस्था आएको छ । यसको

कारण अस्पतालकी हेपाहा नर्सको व्यवहार समेत खप्नु परेको छ । यो सबै घटना घट्नुको प्रमुख कारण वर्तमान अवस्थाको राजनीतिक द्वन्द्व नै हो भन्ने प्रष्ट हुन्छ ।

उपन्यासमा 'म' पात्र आर्थिक अवस्थाको कमजोरीमा परेको साथै आफूलाई समाजका टाठाबाठा भनाउँदा र आफ्नो नातागोताबाट शोषण गरिएको घटना दोस्रो घटनाको रूपमा आएको छ ।

'म' पात्रको जीवनमा दोस्रो घटना घट्नुको कारण पहिलो विश्वयुद्धले समाजमा ल्याएको जर्जरपूर्ण अवस्था र समाजमा देखिएको आर्थिक, सामाजिक विकृति र विसङ्गति नै हो । यसले समाजमा आफ्नै मान्छेबाट आफ्ना मान्छेहरू ठगिन पुगेको घटना उपन्यासमा आएको छ । आर्थिक अवस्थाको सङ्कट परेको अवस्थामा सहयोग गर्नुपर्ने अवस्थामा आफ्नै नातागोताले समेत नछोडेको घटनाले समाजको संरचना भत्काउने काम गरेको छ । यसको प्रमुख कारण पनि समाजमा देखिएको आर्थिक सङ्कट हो ।

उपन्यासमा अन्य सहायक घटनाहरूले पनि प्रमुख घटनालाई नै विस्तार गरेको छ । नेपाली समाजमा देखिएको गरिबीपनका कारण नेपाली नारीहरू जीवन निर्वाह गर्न शरीर बेच्नु परेको घटना उपन्यासमा चित्रित छ । यसको प्रमुख कारण समाजमा देखा परेको पञ्चायतकालीन अवस्था र त्यसले समाजमा ल्याएको विकृति नै हो । यसको कारण झुप्रे कामी जस्ता पात्र गरिबीको रेखाबाट माथि उठ्न सकेका छैनन् भने ऊ आमा, छोरी, ठूल्दीदी जस्ता पात्रहरू एक छाक खान र एक झुम्रो लगाउन देह व्यापार गर्नु परेको यथार्थवादी घटनालाई उपन्यासले चित्रण गरेको छ ।

समग्रमा यस उपन्यासमा 'म' पात्रले जीवनमा केही गर्न नसक्नु र गरिबीको सङ्कटमा होमिनुको प्रमुख कारण देशमा बढ्दो राजनीतिक अस्थिरता नै हो । यसकै कारण 'म' पात्रले जीवनमा दुःख कष्ट भोगेको छ । साथै उपन्यासमा चित्रित नारीहरू पनि जीवन धान्नैको निम्ति शरीर बेच्न बाध्य भएका छन् । यी सब घटनाहरू घट्नुको कारण तत्कालीन समयमा देखिएको राजनीतिक अस्थिरता र पञ्चायती शोषण नै हो भन्न सकिन्छ ।

### ४.१.६ भाषाशैली

**साबिती** उपन्यासमा सरल, सहज र स्वाभाविक किसिमको भाषा प्रयोग गरिएको छ । उपन्यास 'म' पात्रको केन्द्रीयतामा अगाडि बढेकाले उसले देखेको र अनुभव गरेको कुरालाई व्यक्त गर्न पात्रअनुसारको भाषाको प्रयोग गरिएको छ । उपन्यासमा सामान्य गाउँ घरमा बोल्ने कथ्य भाषाको साथ साथै उच्च खानदानका व्यक्तिहरूले बोल्ने उच्च आदरार्थी भाषाको समेत प्रयोग गरिएको छ । "राष्टे पञ्चायतमा पुगेपछि मन्त्री हुन त कुनै चुनाव पनि जित्न पर्दैन" (पृ.१५) । जस्ता कथ्य भाषाको प्रयोग र उच्च आदरार्थी भाषा "हजुर उभिइसेस जुन द्वारलाई शोभायमान गरिसेको छ" (पृ.२०) । साथै उपन्यासमा कतै गालीपूर्ण बजिया, डाङ्रा, थारू जस्ता भाषाको प्रयोग गरिएको छ (पृ.६) ।

उपन्यासमा प्रयोग भएका झर्रा नेपाली शब्द र अङ्ग्रेजी शब्दले मिठास थपेको छ । उपन्यासमा सरल वाक्यका साथै संयुक्त वाक्यको प्रयोग गरिएको छ । उपन्यासमा कतै व्यङ्ग्य उक्तिको बाहुल्य रहेको देखिन्छ । उपन्यासमा अनुकरणात्मक शब्द गल्याम्म, छवात्त, स्वाँ, स्वाँ, भक्लक्क, लुखुरलुखुर, टुसुक्क प्रयोग पाइन्छ भने सेट, ब्यालेन्स, प्यान्ट, ब्याक फ्री प्यासेन्जर जस्ता आगन्तुक शब्दको प्रशस्तै प्रयोग भेटिन्छ । कवितात्मक भाषाको प्रयोग साथै त, नि जस्ता निपता शब्दको प्रयोगले उपन्यासको भाषा मिठासपूर्ण देखिन्छ ।

**साबिती** चेतनाप्रवाह शैलीमा लेखिएको उपन्यास हो । यस उपन्यासमा उपन्यासकारले कथांशलाई पनि कविताांशमा समाहित गर्दै नवीन शैली प्रस्तुत गरेका छन् ।

"मान्छेसँग केही पनि छैन अव
हारिसकेको छ पाण्डवले झै
सबैथोक युगको जुवामा जालसाजीमा" (पृ.५७) ।

उपन्यासमा घिमिरले नवीनता थप्नको लागि (...) ....चिन्हको समेत प्रयोग गरेका छन् । यो उनको प्रस्तुतिमा नवीन शैली हो ।

"हिड्दै ...उड्दै ... हिड्दै ...उड्दै ... हिड्दै
... उड्दै छु भरारात पट्टाइ लगेका देख्नु
अन्धकारमा ..." (पृ.५८)

साबिती उपन्यासमा नेपाली गद्य साहित्यलाई सबल तुल्याउन मधत गरेको छ । "म क्रान्तिको बाटोमा नलागेको होइन - तर त्यो दुर्गम मार्गमा हिँड्नै सकिनँ - अगुवा हुन त परै जाओस् - जुन मैले सपना देखेको थिएँ - पछुवा पनि हुन सकिन (पृ.२) ।

प्रस्तुत उपन्यास चेतनाप्रवाह शैलीमा आरम्भ भएको घिमिरेको नवीन उपन्यास हो । यसको सुरुदेखि अन्त्यसम्मै चेतनाप्रवाह शैलीको प्रयोग छ । कथन शैलीमा व्यङ्ग्ययुक्ति आएको छ (पृ. ६५) त्यसैले **साबिती**लाई नेपाली साहित्यमा चेतना प्रवाह शैली प्रस्तुत गर्ने उपन्यास मान्न सकिन्छ ।

## ४.१.७ अनुभूतिको संरचना

यस **साबिती** उपन्यासको अनुभूतिको संरचनालाई हेर्दा घिमिरेले तत्कालीन समाजमा भएका यथार्थ पक्षलाई देखाएका छन् । समाजमा हुने ढिलासुस्ती नारी समस्या, जातीय भिन्नता, शैक्षिक वेरोजगार, धनी र गरिब बिचको भेद, तत्कालीन समाजका यथार्थ पक्ष हुन् । यी समस्याहरू समाजमा विद्यमान भएकाले सबैका लागि साझा समस्या बनेका छन् ।

उपन्यासकार स्वयम् 'म' पात्रका माध्यमबाट उपस्थिति भएर जीवनमा देखे भोगेको सामाजिक विकृति र विसङ्गतिलाई टपक्क टिपेर जस्ताको तस्तै ऐनाको रूपमा प्रस्तुत गरेका छन् । उपन्यासमा रहेको झुप्रे कामी जातको व्यक्ति हो । त्यस्तै जिम्वाल क्षेत्री जातको । झुप्रे रक्सी खाएर आफ्नो घरमा दैनिक रडाको मचाउँछ भने जिम्वाल पढेलेखेको शिक्षित मध्यम वर्गीय भएकोले गरिब निमुखा झुप्रेलाई सम्झाउने काम गर्छ । यी दुई जातमा देखिएको जातीय भिन्नता हो । समाजको यथार्थ पक्ष हो । "किन ल्याइथिस त बजिया डाङ्रा" (पृ.५) । यसबाट निम्न वर्गीय नारीहरू आफ्नै परिवारबाट शोषित पीडित बन्न पुगेको यथार्थलाई उपन्यासले चित्रण गरेको छ ।

उपन्यासले नेपाली समाजमा गरिबी र यसका कारण उत्पन्न विसङ्गतिपूर्ण जीवन बाँच्न बाध्य भएका नेपालीहरूको यथार्थ घटनालाई प्रस्तुत गरेको छ । "म सँग एउटै मात्र कट्टु छ, नुहाउँदा लुगा फेर्दा वा इमर्जेन्सी पर्दा लगाउने । लिखा परेको हुनाले यसलाई अहिले थन्काएको छु" (पृ.२५) । यसबाट एउटा गरिबले जिन्दगीमा गरेको सङ्घर्ष र दुई

छाक खान र एकसरो लगाउन धौ धौ परेको दयनीय अवस्थालाई यथार्थवादी ढङ्गबाट चित्रण गरेको छ ।

यस उपन्यासमा नारी समस्या पनि अनुभूतिको रूपमा आएको छ । उपन्यासमा चित्रित निम्नवर्गीय ऊ, आमा, छोरो, ठूल्दीदी जस्ता पात्रहरूले दैनिकी गुजारा गर्न देहव्यापार गर्नु परेको घटना यथार्थवादी घटना हो । साथै नारीलाई भोग्यवस्तु मान्ने हाम्रो समाजको विकृतिपूर्ण सोचाइले उपन्यासमा विकृति पैदा गरेको छ । "बाखीको जीउ पचास रुपियाँमा पाइन्छ र आइमाईको जीउलाई त्यति पर्दैन तिमीहरूको यस राज्यव्यवस्थामा थुक्क" (पृ.२२) । यसबाट नारीहरू भनेका भोग्यवस्तु हुन् जसको मूल्य छैन भन्ने हाम्रो समाजको यथार्थलाई व्यङ्ग्यात्मक ढङ्गबाट चित्रण गरेको छ ।

उपन्यासमा प्रथम विश्वयुद्ध लगत्तै दोस्रो विश्वयुद्धको आगमनले समाजमा अशान्ति र त्रासको वातावरण सिर्जना गरेको छ । "म सँग मुख रैनछ बोल्न खोज्दा थाहा पाएँ । डण्डीभित्रबाट टुलु-टुलु हेर्ने कैदीका एक जोर आँखा मात्र रहेछन्, मसँग" (पृ.४९) । भन्नुले तत्कालीन राज्य व्यवस्थाबाट वाक् स्वतन्त्रता हनन भएको र आफ्नो आँखा अगाडि जतिसुकै अन्याय भए पनि टुलुटुल हेरिरहनु परेको 'म' पात्रको यथार्थ घटनालाई उपन्यासकारले सामाजिक ढङ्गबाट चित्रण गरेको छ ।

अनुभूतिको संरचनाले समाजका वाह्य यथार्थका साथ साथै पात्रको अर्न्तमनको यथार्थलाई पनि प्रकट गर्दछ । केवल वाह्य क्रियाकलापको अनुभूतिको मात्र एउटा उपन्यासको पूर्ण यथार्थ अभिव्यक्ति गर्न सक्दैन । सामाजिक यथार्थलाई पूर्ण र विश्वासिलो रूपमा प्रस्तुत गर्नेलाई उपन्यासका पात्रहरूको मानसिकतालाई पनि उद्घाटन गर्नुपर्ने हुन्छ त्यसैले **साबिती** उपन्यासको प्रमुख पात्रहरूको मानसिकतालाई उद्घाटन गर्नुपर्ने हुन्छ ।

यस उपन्यासको प्रमुख पात्र 'म' को मानसिकता आन्तरिक द्वन्द्वमा फसेको छ । समाजमा बढेको विकृति र विसङ्गतिप्रतिको बढ्दो आक्रोशले 'म' पात्रमा द्वन्द्व सिर्जना भएको छ । उपन्यासको चौंथो परिच्छेदमा उपन्यासकार आफूले जीवनमा केही गर्न नसकेको हीन भावना प्रस्तुत गरेकोले उसमा आन्तरिक द्वन्द्व खडा भएको छ । आफूसँग पढेका साथीभाइले प्रगति गरेको तर आफू समाजको बिग्रँदो राजनीतिक अवस्थाको मूक दर्शक

मात्रै भएकोले 'म' पात्रमा द्वन्द्व सिर्जना भएको छ । "तिमीले केही इलम गर्नु पऱ्यो । उँभो लाग्ने मेलो । तिमीसँग पढेकाहरू कति ठूला मान्छे भैसके" (पृ.१८) । यसबाट 'म' पात्रमा आन्तरिक द्वन्द्व सिर्जना भएको छ । साथीहरूले जीवनमा प्रगति गरेका वा आफूले केही गर्न नसकेर भौतारिएर हिँडेको प्रसङ्गबाट पुष्टि हुन्छ ।

समग्रमा यस उपन्यासमा अनुभूतिको संरचनाले कृतिभित्र प्रयुक्त सामाजिक स्थिति एवम् पात्रको मानसिकतालाई प्रस्तुत गरेको छ । लेखकले देखे भोगेका घटनालाई प्रस्तुत गर्ने क्रममा आएका पात्रहरूको यथास्थिति एवं ती पात्रहरूको मानसिक अन्तर्द्वन्द्व जस्ता विषलाई अनुभूतिको संरचनाभित्र खोजिरहेको छ ।

## ४.२ निष्कर्ष

साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा साबिती उपन्यासको विश्लेषण गर्ने क्रममा प्रजाति, युग र पर्यवरण, विश्वदृष्टि, संस्कृति कार्यकारण, भाषाशैली, र अनुभूतिको संरचनालाई प्रमुख आधार मानी विश्लेषण गरिएको छ ।

उपन्यासमा विभिन्न जातजाति र उनीहरूको जातीय विशेषताहरूले प्रजातिगत मूल्य झल्किएको छ । उपन्यासमा ब्राह्मण, क्षेत्री, शुद्र जस्ता विभिन्न जातजाती र उनीहरूको सामाजिक, आर्थिक सांस्कृतिक, रितिरिवाज, चालचलन आदिका आधारमा जातीगत विशेषता देखिन्छ । 'म' पात्र जातमा ब्राह्मण भएपनि जाड रक्सी सेवन गरेकाले उसले विकृति जातीय संस्कारलाई प्रस्तुत गरेको देखिन्छ भने झुप्रे कामी जातको शुद्र भएकाले घरमा आरन राखेको छ । अशिक्षित भएको कारण वर्षेनी बच्चा जन्माउने तर राम्रोसँग पालन पोषण गरेको देखिदैन । जाँड रक्सी सेवन गरेर उल्टै परिवारमा रडाँको मञ्चाएको छ । यसले झुप्रे कामीको जातिगत विशेषता झल्केको देखिन्छ । त्यस्तै क्षेत्री जातिको रूपमा रहेको जिम्वालको परिवार शिक्षित सुस्कृत देखिन्छ । समाजमा झुप्रे कामी जस्तालाई सम्झाउने बुझाउने काम जिम्वालबाट भएको छ । यसबाट उपन्यासमा पात्रहरूको जातिगत विशेषता झल्किएको देखिन्छ । उपन्यासमा निम्न आर्थिक अवस्था भएका पात्रहरूको समाज र मध्यम आर्थिक अवस्था भएका पात्रहरूको समाज उनीहरूको भाषासंस्कृत र संस्कारले छुट्टिएको छ । यस उपन्यासको युग भनेको विश्वयुद्धले ल्याएको

जर्जरता र विकृतिपूर्ण अवस्थाको समय हो । यसले गर्दा समाजमा युवाहरू बेरोजगार भएर बस्नु परेको छ । कालगत सन्दर्भबाट हेर्दा २०२६ भन्दा अगाडिको पञ्चायतकालीन समय मान्न सकिन्छ । यतिखेरको समयमा समाजमा राजनीतिक विकृति, विसङ्गति शैक्षिक वेरोजगारले ग्रस्त देखिन्छ । त्यस्तै स्थानगत परिवेशका दृष्टिले काठमाडौँ उपत्याकार र यहाँ घटेका घटनालाई लिन सकिन्छ । साबिती उपन्यासले नेपाली निम्न वर्गको चित्रण पेशागत विकृति, राजनीतिक शोषण दमन जस्ता विकृतिपूर्ण अवस्थालाई विश्वदृष्टिको रूपमा चित्रण गरिएको छ । यसले समाजको यथार्थलाई झल्काएको देखिन्छ ।

उपन्यासमा समाजमा देखिएको विकृति विसङ्गति, कुसंस्कार साथै लोक विश्वासपूर्ण संस्कृति रहेको देखिन्छ । समाजमा हुने खानेलाई हेर्ने दृष्टिकोण र गरिबहरूलाई हेर्ने दृष्टिकोणबाट नै समाजको संरचना विग्रेको छ । झाडापखला लागेका धामी झाँक्री डाक्नु पर्ने सामाजिक कुसंस्कार रातो भाले चाइनीज वुशट दिनुपर्ने अन्धविश्वास साथै निम्न वर्गका नारीहरू जीवन चलाउन शरीर व्यापार गर्नुपर्ने विकृतिपूर्ण कुसंस्कार र अन्धविश्वासलाई संस्कृतिको रूपमा चित्रण गरिएको छ । उपन्यासमा घटनाहरू एकपछि अर्को घट्नुको पछाडि कारणहरू अन्तरनिहित भएर आएको देखिन्छ । समाजमा देखिएका राजनीतिक खिचातानी विश्वयुद्धको जर्जरतापूर्ण अवस्था शोषण दमन जस्ता घटनाले 'म' पात्र शिक्षित भएपनि जीवनमा केही गर्न नसक्नु उपन्यासको प्रमुख घटना हो । यो घटना घट्नुको कारण समाजमा देखिएको विकृति अवस्था नै हो भन्ने कुरा प्रष्ट हुन्छ ।

उपन्यासको भाषाशैली सरल सहज र स्वाभाविक देखिन्छ । उपन्यासमा कथ्य भाषाको साथै उच्च खानदानीहरूले प्रयोग गर्ने भाषाको प्रयोग सान्दर्भिक नै छ । उपन्यासमा प्रयोग भएका झर्रो नेपाली शब्द तद्भव, आगन्तुक शब्दहरूले भाषालाई मिठासपूर्ण बनाएको छ । साथै अनुकरणात्मक शब्द उखान टुक्का र थेगोको प्रयोगले पात्रहरूको स्वाभाविकतालाई झल्काएको छ । त्यस्तै चेतनाप्रवाह शैलीको प्रयोग गरी लेखिएको यस उपन्यासको शैलीले कथाशंलाई पनि कवितामा समाहित गर्दै उपन्यासलाई नवीन शैलीमा प्रस्तुत गरेको छ । अनुभूतिको संरचनालाई हेर्दा सामाजिक यथार्थनै देखिन्छ । नेपाली समाजमा हुने गरेको नारी समस्या जातीय भिन्नता शोषण दमन आदि घटनाले समाजको संरचना भत्काएको छ । अझै झुप्रे कामीको व्यवहारले निम्न वर्गहरू जाँड रक्सी

खाएर घरमा रडाको मच्चाउने यथार्थघटनालाई उपन्यासले चित्रण गरेको छ । साथै समाजमा घटित घटनाहरूले पात्रको मनमा उत्पन्न मानसिक द्वन्द्वलाई पनि अनुभूतिको रूपमा चित्रण गरेको देखिन्छ ।

अन्तमा घिमिरेको साविती उपन्यासमा देखिएको समाजशास्त्र र समकालीन नेपाली समाजमा देखिएको सामाजिक घटनाहरू समाजशास्त्रका दृष्टिले उस्तै रहेका छन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

# परिच्छेद : पाँच

# साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा सकस उपन्यासको विश्लेषण

## ५.१ साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा सकस उपन्यासको विश्लेषण

यस अध्यायमा **सकस** उपन्यासको समाजशास्त्र विश्लेषण गर्ने क्रममा प्रगति, युग र पर्यावरण, विश्वदृष्टि, संस्कृति कार्यकारण, भाषाशैली, अनुभूतिको संरचनालाई सैद्धान्तिक आधार मानी विश्लेषण गरिएको छ ।

### ५.१.१ प्रजाति

**सकस** उपन्यासमा मधेशी जनजाति र पहाडी जनजाति युवायुवतीहरूले मान्ने सामाजिक मान्यता साथै हिन्दु परम्पराअनुसार चलि आएको ब्राह्मण जातिको जातिगत विशेषता, सामाजिक मूल्यहरू प्रजातिका रूपमा आएका छन् । **सकस** उपन्यासमा रहेको शरद पहाडी जनजाति समुदायमा हुर्केका युवा हो । जड्याँहा बाबु र आमा यौन विकृतिमा फसेकाले एक्लो जीवन बिताउन पुगेको छ । कुमारी मधेशी जातकी स्त्री हो । मधेशी समुदायमा हुर्केकी कुमारीले काठमाडौं बसेर पढेकी छे । ऊ आफ्नो सबैभन्दा बढी रक्षा गर्ने बाबुबाट बलात्कृत भएकी पीडित नारी हो । उपन्यासमा शरद र कुमारी दुई जातको उल्लेख भए पनि उनीहरूको जातीय कर्म र संस्कृतिगत कार्यहरू कतै उल्लेख छैन । हाम्रो समाजले स्वीकार नगरेको तर आधुनिक समय अनुरूप यी दुईले विवाह गरेका छन् ।

उपन्यासमा मधेशी जनजाति युवती र पहाडी जनजाति युवक शरदले जीबाको शरणमा जीवन निर्वाह गरेका छन् । “हामीले जीबाको सक्दो सेवा गऱ्यौ । तिनताका जीबा थला परे र उनलाई अचानक पक्षघात भयो । आधा अङ्ग चलेन । बोली लटपटियो कुदाएर अस्पताल पुऱ्याऔं । अलि सुधार भएपछि घर ल्यायौं” (पृ.३६) ।

माथिको प्रसङ्गबाट जीबाको जीवन बितेपछि शरद र कुमारीले जीबालाई गरेको सहयोग एउटा छोराबुहारीले गर्ने जस्तो देखिन्छ । धेरै सन्तान भएर पनि सन्तान सुख

नपाएका जीबालाई कुमारी र शरदले पुऱ्याएको सहयोग हाम्रो समाजमा एउटा असल छोरा बुहारीले गर्ने जस्तो देखिन्छ । यसैबाट कुमारी र शरदको प्रजातिगत विशेषता झल्केको छ ।

उपन्यासमा हिन्दु धर्म परम्पराअनुसार चलि आएको जातिगत विशेषता, धर्म संस्कृतिलाई पनि उपन्यासकारले प्रजातिगत मूल्य दिएका छन् । जीबाका बाबु ब्राह्मण जातिका मानिस थिए । ब्राह्मण भएकै कारणले छोरा (जीबा) लाई पण्डित बनाएर हिन्दु धर्म परमपराको रक्षा गर्ने तीनधारा पाठशालामा भर्ना गर्नु ब्राह्मण जातिको जातिगत विशेषता हो । "अब तँ याँ बाट ठूलो पण्डित भएर मात्रै निस्कनु । पण्डितहरूमा पनि सूर्य जस्तै चम्किनु । तेरो पाण्डित्यको तेजका अघि अरु पण्डितहरू तारा जस्तो बिलाऊन" (पृ.५१) । यसबाट ब्राह्मण जातिको जेठो छोराले पण्डित्याइँ गरेर जातीय संस्कार, कर्मकाण्डको पालना गर्नुपर्ने प्रष्ट हुन्छ । यसैबाट ब्राह्मण जातिको जातीय संस्कार छुटिन्छ । त्यस्तै ब्राह्मण जातिमा जेठो छोरालाई ढिकुराको पुजारी भन्ने चलन रही आएको छ । आमाबाबु मरेपछि मरेको प्रेतात्मकालाई बास बस्न अलि पर माटोको ढिकुरी बनाई किरिया बस्दा हरेक दिन त्यसलाई पूजा गर्ने र दसौं दिनमा टाउकोले हानेर भत्काउने अग्रधिकार जेठो छोरालाई हुन्छ त्यसैले जेठो छोरालाई ढिकुराको पुजारी भनिन्छ (पृ.४५) । यसबाट पनि ब्राह्मण जातिको जातीय संस्कार झल्केको देखिन्छ । त्यस्तै शाहवंशीय परिवारमा बाबुको मृत्युपछि छोरो राजा हुने वंश परम्परालाई पनि उपन्यासकारले प्रजातिगत मूल्य दिएका छन् । तत्कालीन समयमा राजा नरभूपाल शाहको मृत्युपछि पृथ्वीनारायण शाह राजा हुनुका साथै पृथ्वीनारायणको मृत्युपछि प्रतापसिंह राजा हुनाले वंशीय परम्पराअनुसार जेठो छोरा राजा भएको पुष्टि हुन्छ ।

उपन्यासमा परापूर्वकालदेखि चलि आएको आर्थिक अवस्थालाई पनि घिमिरेले प्रजातिगत मूल्य दिएका छन् । यस उपन्यासमा मूल रूपमा दुई आर्थिक वर्गका मानिस भेटिन्छन् । मध्यम वर्ग र निम्न वर्ग । यस उपन्यासको मध्यम वर्गमा जीबाको परिवार पर्छ भने निम्न वर्गमा शरद र कुमारी जस्ता पात्रहरू पर्दछन् । जीबाको परिवार आर्थिक हिसाबले मध्यम वर्गीय रहेको छ । जसको सम्बन्ध प्रत्यक्ष रूपमा हुने खाने व्यक्तिहरूसँग निकट छ । जीबाले मध्यम वर्गीय भएकै कारणले शरद र कुमारी जस्ता निम्न वर्गीय पात्रहरूलाई शरण दिएका छन् । साथै शरदलाई स्कुलमा भर्ना गरेर फिस तिरी दिनु, किताब, कपी किनी दिनु

र स्कुलमा पढ्ने राम्रो व्यवस्था मिलाउनु जस्ता घटनाले जीबाको परिवार मध्यम वर्गीय भन्ने पुष्टि हुन्छ ।

शरद यस उपन्यासमा निम्न वर्गीय पात्रको रूपमा रहेको देखिन्छ । आमा र बाबुविहीन एक्लो टुहुरो शरद सैलुङबाट काठमाडौं झरेको विपन्न परिवारको युवा हो । पारिवारिक स्थिति कमजोर भएकै कारणले शरदकी आमाले यौन धन्दा गरेकी छे । "एक दिन मलाई लिएर आमा यौटा ट्रकमा चढिन् 'ट्रक काठमाडौं' गयो । उनी त्यसको ड्राइभरसँग सिनामंगलको डेरामा पसेपछि फर्किनन् । उनले मलाई बासँग चिनजान गराइन् "ठुले चिनिस तेरो बालाई" (पृ.१८) यसबाट शरद निम्नवर्गीय परिवारमा हुर्केको निमुखा देखिन्छ । बाको दुर्व्यवहार र आमाको यौन विकृति पश्चात मृत्युपछि पूर्वमन्त्री जीबाको आश्रममा हुर्केका शरदलाई जीबाले धर्मपुत्रको रूपमा स्वीकार गरेर स्कुलदेखि क्याम्पससम्म पढाउनुले शरद निम्न वर्गीय भन्ने पुष्टि हुन्छ । त्यस्तै उपन्यासकी नारी चरित्र कुमारीको परिवार निम्नवर्गीय परिवार हो । मधेशी भूमिमा हुर्केकी कुमारीलाई कुमारीको आमाले अर्काको भाँडा माझेर पारिवारिक गुजारा चलाएको देखिन्छ । यसबाट कुमारीको परिवार ज्यादै निम्न आर्थिक अवस्थाको देखिन्छ । "यो मेरो छोरी हो । यसलाई यसैको राक्षसबापले बलात्कार गरेको आज थाह पाए दैया जे दैया" (पृ.५) । कुमारीका घर परिवार एकता निम्न वर्गीय त्यसमा पनि बाको बलात्कारी सिकार बनेकी कुमारीलाई देवजीले पुनः स्थापना गृहमा राखेर पढाइ लेखाइ गरेको घटनाबाट पृष्टि हुन्छ ।

उपन्यासमा मध्यम वर्ग भएकै कारणले जीबाले तत्कालीन राजनीतिक थिचोमिचोको प्रतिवाद गरेको छ । उपन्यासमा तत्कालीन समयमा देखिएको राणा शासनको विध्वंशात्मक प्रवृत्ति र विद्यार्थीहरूले त्यसको प्रजातन्त्र ल्याउन राणा शासनको विरोध गरेको घटनाले पनि जीबा मध्यम वर्गीय भएको पुष्टि हुन्छ । आफ्ना बाबुले पढ्न पढाए पनि देश र जनताको सेवामा लागेको जीबा तत्कालीन समयको राजीतिक बुझ्ने शिक्षित परिवर्तनशील देखिन्छन् । यसबाट पनि उनी मध्यम वर्गीय पुष्टि हुन्छ । तर शरद र कुमारी जस्ता पात्रहरूले माओवादी द्वन्द्व र मधेश आन्दोलनका विरूद्ध बोल्न सकेको छैनन् । उल्टै शरदको अपहरण र छोरी शान्ति र कुमारीको बलात्कारले निम्न वर्गहरू आफूमाथि भएको अन्यायको विरूद्ध उठ्न सक्दैनन् भन्ने पुष्टि हुन्छ ।

समग्रमा **सकस** उपन्यासमा आएका तिनवटै पात्रहरू मध्यम र निम्नस्तरका छन् । कुमारी र शरद निम्न वर्गको देखिन्छन् भने ब्राह्मण जातिको जीबा र उसको परिवार मध्यम देखिन्छ । यसरी उपन्यासमा विभिन्न जातजाति, उक्त जातीय संस्कार, सामाजिक, आर्थिक, शारीरिक र मानसिक संरचनालाई विभिन्न वर्ग र तहमा रहेका विचार र चिन्तनका माध्यमबाट प्रजातिगत विशेषता झल्काइएको छ ।

## ५.१.२ युग र पर्यावरण

**सकस** उपन्यासको युग र पर्यावरणलाई युग र पर्यावरण गरी दुई भागमा बाँडेर अध्ययन गर्नुपर्ने हुन्छ । युग भनेको तत्कालीन समय हो र पर्यावरण भनेको तत्कालनि स्थान वा परिवेश हो । यस उपन्यासमा पृथ्वीनारायण शाहदेखि राणा शासन हुँदै २०६२/०६३ सम्मका घटनाहरू आएका छन् त्यसैले यस उपन्यासले अढाई सय वर्षे समयको युगलाई प्रस्तुत गरेको छ । यो उपन्यास २०६२/०६३ को आन्दोलन पश्चात २०६८/०६९ तिर लेखिएको भए तापनि यस उपन्यासको युग भनेको त्यसभन्दा अगाडिको समय हो ।

**सकस** उपन्यासले शाहकालदेखि राणा शासन काल हुँदै प्रजातन्त्रकाल, एकतन्त्रीय पञ्चायती शासन, विद्यार्थी आन्दोलन हुँदै माओवादी विद्रोह, मधेश आन्दोलनका ऐतिहासिक घटनालाई समयगत परिवेशको रूपमा चित्रण गरेको छ । उपन्यासले विगतदेखि आजसम्मको शासनगत समस्या राजनीतिक उतारचढावलाई जीवन्त चित्रण गरेको छ । यस बेला राणाहरूको हुकुमी शासन भएको र शासनको विरूद्ध लाग्दा १९९७ सालमा घटित शहिद काण्ड, २००७ को प्रजातन्त्रकालीन समय आएपछि नेपाली जनताहरूले पाएको **सकस**लाई उपन्यासको मार्मिक रूपमा चित्रण गरेको छ । २००७ सालपछि एक दशकको अवधि हुन नपाउँदै पुन अर्को एकतन्त्रीय शासन पञ्चायत व्यवस्था लागु भएको देखिन्छ । साथै उपन्यासले काङ्ग्रेस काल, विद्यार्थी आन्दोलन, माओवादी आन्दोलन, मधेश आन्दोलन आदि जस्ता राजनीतिक र सामाजिक परिवेशलाई उपन्यासले विषयवस्तुको रूपमा समेटेको छ ।

उपन्यासमा द्वन्द्वकालमा माओवादीले मच्चाएको आतङ्क र त्यसको प्रतिकारमा उत्रेको नेपाली सेनाको द्वन्द्वले तत्कालीन समयका सोझा-सोझा नेपालीहरूले पाएको दुःख कष्ट र पीडालाई यथार्थ रूपमा चित्रण गरेको छ । उपन्यासमा चित्रित रामेछाप र मन्थली वरिपरिका जनताहरू सेना र माओवादी दुवैको त्रासमा बाँच्नु परेको तथ्यलाई पनि समयगत रूपमा चित्रण गरेको छ । उपन्यासमा रहेको प्रमुख पात्र शरदको माध्यमबाट समग्र नेपालीहरूको पीडालाई चित्रण गर्न सकिन्छ । "यौटाले बूटले मेरो बंगारामा एक किक दियो र म ढलें । मलाई आफ्नो टाउको टुक्रा टुक्रा भएर छरिए जस्तो लाग्यो । एक लङ बंगारा हल्लिए । जिब्रो काटियो । मुखबाट रगत आउन लाग्यो । कता थुक्नु । टाउकोमा खोल र आँखामा पट्टि यथावत छ । तलमाथि पऱ्यो भने फेरि हान्ला भन्ने डर छ । घिन मानी मानी रगत निलें" (पृ.२५६) । यस्तो घटनाले तत्कालीन नेपाली जनताहरू माओवादी द्वन्द्व कालमा कसरी सेना र माओवादीकै चपेटामा पर्नु परेको थियो भन्ने प्रष्ट हुन्छ । यसरी **सकस** उपन्यासले अढाई सय वर्ष अघि देखिको इतिहास र वर्तमानको गञ्जागोल अवस्थाको चित्रणलाई कालिक परिवेशको रूपमा चित्रण गरेको छ ।

स्थानगत परिवेशका दृष्टिले नेपालको काठमाडौं, भक्तपुर, ललितपुर, जनकपुर, नेपालगञ्ज जस्ता सहर, सिराहा, मन्थली, रामेछाप, सिन्धुली आदि ग्रामीण स्थानको साथै भारतका विभिन्न सहर दिल्ली, बनारस, कलकत्ता आदिको स्थानगत परिवेशलाई चित्रण गरेको देखिन्छ । उपन्यासमा शरद सैलुङमा जन्मी काठमाडौं झरेको निम्न वर्गीय युवा हो । विद्यार्थीकालीन समयमा क्याम्पसमा अध्ययन गर्दा अत्यन्तै हैरानी पाएर काठमाडौंलाई छोडी मन्थली गएर बसोवास गरेको, मन्थलीको सेरोफेरो, स्थलगत परिवेशको रूपमा चित्रण हुनुका साथै माओवादी द्वन्द्वको चपेटामा चन्दा दिए वापत जेल जीवन बिताएको शरदले पछि जनकपुरमा सरी बसेको घटनाले पनि उपन्यासमा स्थानकै चित्रण गरेको देखिन्छ । यहाँ पनि तत्कालीन समयको मधेशी पहाडी बिचको आन्दोलनले पहाडीलाई खेद्न लागेको घटना मार्मिक रूपमा आएका छन् । "म बाटो हिँड्दै थिएँ । एक हूल मधेश केटाहरूले मलाई घेरेर पिटपाट गरे । हिन्दीमा भने - "जा तेरो पहाडमा । यहाँ किन बस्छस् हाम्रो मधेशमा" पृ.(२८७) ? त्यस्तो घटनाले गर्दा उपन्यासले तत्कालीन समयमा भएको जनकपुरको साम्प्रदायिक द्वन्द्वलाई पनि स्थानको दृश्यावलोकनका रूपमा चित्रण गरेको देखिन्छ । उपन्यासले परिवेशको रूपमा तराई, मधेश, पहाड तिनै प्रदेशका वन पाखा खोलानाला, लेक,

बेंसी आदिको स्थानलाई कार्य थलो बनाएको देखिन्छ भने प्राकृतिक सांस्कृतिक चित्रण, चालचलन, संस्कृति परम्परा, रूढीवादी मान्यताले पनि परिवेशको चित्रण गरेको देखिन्छ । त्यस्तै काठमाडौंको खुला मञ्च, दरबार, क्याम्पस, टुँडिखेल, नर्सिङ होमलाई समेत स्थानगत रूपमा चित्रण गरेको छ । त्यस्तै धार्मिक मन्दिरहरूमा पशुपति गृह्यश्वरी, दक्षिणकाली, जानकी मन्दिर जस्ता धार्मिक तथा सांस्कृतिक स्थानले प्रश्रय पाएको ठाउँहरू, विभिन्न नेपालका वनजङ्गल, नदीनाला, ताल तलैया, बजारहरू आदिको सुन्दर दृश्यलाई पनि स्थानको रूपमा चित्रण गरेको देखिन्छ ।

समग्रमा **सकस** उपन्यासले व्यापक परिवेश, व्यापक कथावस्तुलाई समेटेको छ । उपन्यास २०६८/०६९ तिर लेखिएको भए पनि यसले शाह कालदेखि राणाशासन काल हुँदै २०६२/०६३ को जनआन्दोलन, मधेश आन्दोलनको घटनालाई मुख्य युगको रूपमा चित्रण गरेको छ । स्थानका रूपमा काठमाडौंका भक्तपुर, ललितपुर साथै रामेछाप, मन्थलीको सेरोफेरो र विभिन्न धार्मिक तथा सांस्कृतिक स्थलहरूलाई मुख्य पर्यावरणीय सन्दर्भका रूपमा चित्रण गरेका छन् ।

### ५.१.३ विश्वदृष्टि

यस **सकस** उपन्यासमा समाजमा देखिएको शोषण दमन, यौन विकृतिल नारी समस्या, तत्कालीन पृथ्वीनारायण शाहदेखि राणा शासन काल हुँदै २०६२/०६३ सालको जनआन्दोलन र मधेश आन्दोलन र त्यसले नेपाली जनतामाथि ल्याएको ज्यादतिपूर्ण विकृति, विसङ्गति, दमन, विश्वदृष्टिको रूपमा आएको छ । उपन्यासले तत्कालीन सामाजिक यथार्थलाई पनि चित्रण गरेको छ । उपन्यासमा देखिएको यौन विकृति, नारी समस्या, आम नेपाली नारीहरूको समस्या बन्न पुगेको छ । साथै तत्कालीन राजनीतिक अस्थिरता र सत्ताको खिचातानी, राणाशासन कालमा देखिएको सामन्ती संस्कार, सती प्रथा आदिलाई उपन्यासले मार्मिक रूपमा चित्रण गरेको छ ।

**सकस** उपन्यासको प्रमुख पात्र शरदको बाबु श्रीमती बटुल्दै हिँड्ने, सुरा सुन्दरीहरूको भोगमा रमाउने गरेकाले तत्कालीन समाजमा यौन विकृतिलाई प्रस्तुत गरेको

छ । यसले गर्दा एकातिर घरपरिवारको विचल्ली भएको देखिन्छ भने अर्कोतिर समाजको संरचना बिग्रेको छ । “लाहुरे हुँ भनेर बाटाका भट्टीहरूमा रासलीला गर्थे । पैसा बगाउँथे । रातभरिमा भट्टीवाल्नी, उसकी छोरी अथवा उसले सेवा गर्न राखेका तरूनीमध्ये यौटीलाई टिपेर हिँड्थे” (पृ.१७) । यस्तो घटनाले हाम्रो समाजमा रहेका यौन विकृति र त्यसले परिवारमा ल्याएको असरलाई प्रस्तुत गरेको छ । कुमारी आफ्नै बाबुबाट बलात्कृत भएकी मधेशी जनजाति युवतीले आफ्ना जीवनमा भोगेको यथार्थ घटनालाई पनि उपन्यासले चित्रण गरेको देखिन्छ । बाबुको यौन पिपासामा डुबेकी कुमारी र उसकी आमाले अर्कोको घरमा भाँडा माझ्ेको घटनाले समाजकै यथार्थतालाई झल्काएको छ । उपन्यासमा मधेशी जनजाति कुमारी र आमा बाबुविहीन शरदले जीबालाई गरेको सहयोग उपन्यासमा महŒवपूर्ण पक्षको रूपमा आएको छ । पूर्वमन्त्री समेत रहेका जीबा सम्पन्न परिवारका व्यक्ति हुन् । घरपरिवारभन्दा पनि देश र जनताको पक्षमा उभिएका राष्ट्रवादी व्यक्तित्व जीबालाई आफ्नै छोराछोरीले समेत बुढेसकालमा नहेर्नु तर शरद र कुमारीले छोराबुहारीको व्यवहार प्रस्तुत गरेकाले समाजमा बूढा बुढीलाई आफन्तले हेर्दैनन् तर अरुले हेर्छन् भन्ने कुरालाई यथार्थवादी रूपमा प्रस्तुत गरेको देखिन्छ ।

यस उपन्यासमा तत्कालीन समाजमा भएको माओवादी द्वन्द्वले सोझा साझा नेपाली जनताहरू पीडामा होएिका त्रासद्पूर्ण घटना विश्वदृष्टिको रूपमा आएको छ । माओवादीको नीति “महान मालेमा र प्रचण्ड पथअनुसार नेपाललाई एक दशकभित्र उत्तर कोरिया जस्तै महान देश बनाइ दिन्छौ” (**सकस** पृ.२२) भन्ने भनाइले देश सङ्कट ग्रस्ट बनेको छ । माओवादीको देश परिवर्तन गर्ने नीति र सरकारको प्रतिकारले स्थानीय बासिन्दा, बालक, बृद्ध, कर्मचारी, व्यापारी, श्रमजीवी सबै वर्गले माओवादीलाई चन्दा दिनु पर्ने, नदिए अपहरण होइने डर थियो । त्यस्तै चन्दा दिनेलाई सरकारले खोजी-खोजी थुन्ने यातना दिने घटनाले नेपाली जनताहरूले साह्रै हैरानी खेप्नु परेको थियो । उपन्यासमा शरदले माओवादीलाई चन्दा दिँदा पिटाइ खाएर डिप्रेसनमा पुगेको घटनाले प्रष्ट पार्छ । “होस फिर्दा मेरो मुख चौरमा जोतिएको थियो । उठ्न खोजें सकिनँ । मलाई दुई जनाले उठाएर कुर्सीमा राखे । राँगा, भैंसीलाई मार्न बञ्चरोको पासोले सिडाको जोर्नीमा हानेको देखेको थिएँ, सम्झें । भित्र तोड असह्य थियो” (पृ.२४४) । यस्तो घटनाले नेपाली जनताहरू चन्दा थिए सेनाबाट

नदिए माओवादीबाट **सकस** खेप्नु परेको बाध्यात्मक अवस्थालाई उपन्यासकारले विश्वदृष्टिको रूपमा चित्रण गरेका छन् ।

उपन्यासमा तत्कालीन समयमा भएको माओवादी द्वन्द्वको अन्त्यपछि मधेशमा देखा परेको साम्प्रदायिक द्वन्द्व र त्यसबाट नेपाली जनताहरूले खेप्नु परेको हैरानी पनि विश्वदृष्टिको रूपमा आएको छ । "म बाटा हिँड्दै थिएँ । एक हूल मधेशी केटाहरूले मलाई घेरेर पटापट पिट्ने लागे । हिन्दीमा भने, राजा तेरो पहाडमा । यहाँ किन बस्छस् हाम्रो मधेशमा" (पृ.२८७) । यस्तो घटनाले तराईका विभिन्न जिल्लाहरूमा पहाडीलाई मधेशीहरूले गरेको अमानवीय, पशुवत व्यवहारले प्रष्ट पार्छ । माओवादी द्वन्द्वमा मन्थलीबाट भागेर जनकपुर आउँदा साम्प्रदायिक द्वन्द्वले शरद र कुमारीले आफ्नै मधेशी साथीबाट अपहेलित हुनु परेको थियो । त्यस्तै लाल जस्ता मानवताहीन मधेशीबाट कुमारीको छोरी शान्तिको बलात्कारका साथै कुमारीमाथि बलात्कारको प्रयासको घटनाले पुष्टि गर्छ । "कुमारी तिमीले मलाई मोहनी लगाएकी छयौ" म स्तब्ध भएँ "रामराम ! भैयाजी के भन्नु भएको मैले तपाईंबाट यस्तो सुन्नुपर्छ भन्ने कल्पना पनि गरेकी थिइन" (पृ.१०) । माथिको घटनाले मधेशीहरू मुखमा राम राम भन्ने तर बगालीमा छुरा राख्ने व्यवहार लालको व्यवहारबाट प्रष्ट हुन्छ । उसले शरदको अपहरण आफैँ गरेको थियो र कुमारीसँग नजिक हुन खोजेर पनि ल्याएको थियो ।

उपन्यासमा तत्कालीन समयमा राणाहरूको क्रूर व्यवहार र त्यसको विरोधमा लाग्दा घटेको शहीद काण्ड, पञ्चायत शासनको विरूद्धा लाग्दा विद्यार्थीहरूले पाएको दुःख कष्ट पनि विश्वदृष्टिको रूपमा आएको छ । राणाकालीन समयमा नेपाली जनताहरूलाई राणाहरूले गरेको क्रूर व्यवहारको विरोध गर्दा शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द्र र गङ्गालाल श्रेष्ठ जस्ता नेपालीहरू सहिद हुनु परेको घटना सबैको दृष्टिमा झल्झली आउँछ । त्यस्तै महेन्द्र सरकारको एकतन्त्री पञ्चायत व्यवस्थाले केही पनि नेपालीहरू खुलेर हिँड्न सकेको अवस्था थिएन । "हाम्रो देशको एकतन्त्री जहानियाँ शासन पनि भारतमा शासन भने बेलायती थांग्रोमा अडिएको लहरो हो । थोग्रो ढलेपछि लहारा थेग्रिदैन । नेपालको राणाशासन विरूद्ध हामी सङ्घर्ष गरिरहेका छौं । तपाईंहरू जस्ता युवाहरूले हामीलाई साथ दिनुहोस् । हामी नेपालमा एक दुई वर्षभित्रै प्रजातन्त्र स्थापना गर्छौं (पृ.६१) । नेपालमा रहेको

यस्तो एकतन्त्री शासन विरूद्ध नेपाली विद्यार्थीहरूले आन्दोलन गर्दा विनाकसुर मर्नु परेको घटनाले माथिको प्रसङ्गलाई पुष्टि गर्छ ।

समग्रमा भन्दा **सकस** उपन्यासले तत्कालीन समयमा भएका शोषण, दमन, यौन विकृति, नारी समस्या, राणा शासनदेखि २०६२/०६६ सम्मको जनआन्दोलन, मधेश आन्दोलनले समाजमा ल्याएको विकृति र विसङ्गतिपूर्ण अवस्थालाई विश्व दृष्टिको रूपमा चित्रण गरेको छ ।

## ५.१.४ संस्कृति

**सकस** उपन्यासमा प्रमुख रूपमा पूर्वीय संस्कृति आएको छ । उपन्यासमा मधेशी जनजाति र पहाडी जनजाति बिचमा भएको अन्तर्जातीय विवाहको संस्कृति साथै ब्राह्मण जातिको जातीय संस्कृति र परम्परा, समाजमा देखिएका लोक विश्वास, कुप्रथा, कुसंस्कारहरू संस्कृतिको रूपमा आएको छ । उपन्यासमा मधेशी जनजाति कुमारी र शरद बिच भएको अन्तर्जातीय विवाह संस्कृतको रूपमा आएको छ । उपन्यासमा यी दुईका जातीय कर्म र संस्कृति कहीँ उल्लेख नभए पनि नेपाली संस्कृति र परम्पराअनुसार उमेर पुगेपछि युवायुवतीहरू मञ्जुर भएर गर्ने सामाजिक संस्कारलाई उपन्यासले संस्कृतिको रूपमा उल्लेख गरेको छ । एकान्तमा कुमारी र म आलिंगनबद्ध भयौं । आपसी चुम्बन फुके । मैले भनैं, “हामीले भगवानलाई साक्षी राखेर यो वाचा गरेका छौं । आजीवन कायम रहने छन्” (पृ.३४) ।

उपन्यासमा ब्राह्मण व्यक्तिको जातीय संस्कार र परम्परा पनि संस्कृतिको रूपमा आएको छ । हिन्दु धर्म परम्पराअनुसार छोरा नजन्मे स्वर्गको बाटो खुल्दैन भन्ने संस्कार र परम्परा रहेको पाइन्छ । “थानपति महादेउ । छोरा देऊ” (पृ.४५) । उपन्यासमा जीबाको बाबुको जेठी श्रीमतीबाट छोरीछोरी जन्मेपछि कान्छी श्रीमतीबाट पनि धेरै समय सन्तान भएनन् त्यसपछि थानपति महादेउसँग गएर छोरा माग्नु, हरिवेश पुराण लगाउनु जस्ता घटनाले ब्राह्मण जातिको परम्परागत संस्कृतिको पुष्टि गर्छ । उपन्यासमा हिन्दु धर्म परम्पराअनुसार बाबु आमाको मृत्यु हुँदा काजकिरिया गर्ने र तिथि श्राद्ध गर्ने जेठो छोरालाई ढिकुराको पुजारी भन्ने जातीय संस्कृतिलाई पनि परम्परागत संस्कृतिको रूपमा चित्रण गरेको

देखिन्छ । हिन्दु धर्म परम्पराअनुसार छोरालाई देवपुराण पढाउने, आफ्नो धर्म र संस्कृतिको रक्षा गर्ने संस्कृत पढाउने ब्राह्मण जातिको जातीय संस्कार पनि संस्कृतिको रूपमा आएको छ । उपन्यासमा जीबालाई जीबाको बाबुले काठमाडौंको तीनधारा पाठशालामा संस्कृत पढाउन लगेको घटनाले पुष्टि गर्छ । "अरु तँ यहाँबाट ठूलो पण्डित भएर मात्रै निस्कनू । पण्डितहरूमा पनि सूर्य जस्तै चम्किनू । तेरो पण्डित्यको तेजकर अघि अरु पण्डितहरू तारा जस्ता बिलाउनु" (पृ.५१) । यसले तत्कालीन समयमा ब्राह्मण जातमा छोरालाई आफ्नो धर्म परम्परा र संस्कृतिको रक्षा गर्ने संस्कृत पढाउनु पर्ने जातीय संस्कारले माथिका घटनालाई पुष्टि गर्छ ।

उपन्यासमा अरु लोक विश्वास, सती प्रथा जस्तो कुसंस्कार पनि संस्कृतिको रूपमा आएको छ । उपन्यासको प्रमुख पात्र शरद माओवादी द्वन्द्वको चपेटामा सेनाको पिटाइले आक्रान्त छ । उसलाई डिप्रेशन रोगले ग्रस्त पारेको बेलामा सी ई ई इ, फूऊ ऊ ऊ भरेर झारफुक गरेमा सन्चो हुन्छ भन्ने लोकविश्वास साथै आत्माबाट शान्ति पाउन र चिताएको मान्छे जीबालाई भेट्न अघोरी बाबाबाट वशीकरण मन्त्र लिएर मन्त्र जप्नु जस्ता अन्धविश्वास पनि संस्कृतको रूपमा आएको छ ।

ओं ह्राम् ह्रीम् ह्रूम ह्रौम् छः ।
उनका नाम मोहिनी मोहे जो जय संसार ।
बीच हथेली कपार ‼
जोन माने महाकाली की अना उसपर पडे वज्र का अरन ।
ओ ह्राम् ह्रीम् ह्रूम् ह्रैम् जीबाके आत्मा आ जा चापुण्डा हुम् फट् ‼

त्यस्तै उपन्यासमा राणा शासनको समयमा रहेको सती प्रथा जस्ता कुसंस्कार पनि संस्कृतको रूपमा चित्रण गरिएको छ । राजा मरे जेठो छोरा राजा हुने र रानी सती जानु पर्ने कुसंस्कारले त्यतिखेरको समय जकडेको देखिन्थ्यो । तत्कालीन समयमा राजा पृथ्वीनारायण शाहको मृत्यु पश्चात भारतीय राजपूत कन्या पटरानी नरेन्द्र लक्ष्मी बेहुली सिँगार गरेर सती गएको घटना उपन्यासमा चित्रित छ । "पटरानी नरेन्द्रलक्ष्मी बेहुलीको सिँगर गरेर अघि लागिन् । दशवटी भोग्यालाई सती जान सिँगारे सतीहरूको पूजा भयो पटरानी चिता चढिन । राजाको हाड छाला मात्र बाँकी रहेको खटिरा आएको कुहिएको

दुर्गन्ध जीउलाई अंकमाल गरेर आख चिम्लिन" (पृ.७७) । यस्तो कुसंस्कारले नेपाली समाजमा सती प्रथा जस्तो अमानवीय व्यवहारबाट मूक्त हुनुपर्छ भन्ने परम्परागत संस्कृतको व्यङ्ग्य गरेको छ ।

समग्रमा **सकस** उपन्यासमा मधेशी जनजाति र पहाडी जनजाति बिच भएको अन्तर्जातीय विवाह, हिन्दु धर्मअनुसारको संस्कार परम्परा, डिप्रेशन जस्तो रोग लागेमा झारफुक गर्ने लोकविश्वास, अघोरी बाबाको मन्त्रको पछि लागेर चिताएको कुरा पाउने अन्धविश्वास, सती जस्तो कुसंस्कार कुप्रथा आदि संस्कृतिको रूपमा आएका छन् ।

### ५.१.५ कार्यकारण

**सकस** उपन्यासका घटनाहरू घटित हुनुका पछाडि कारणहरू अन्तर्निहित भएर आएका छन् । उपन्यासमा मुख्य तिनवटा घटनाहरू प्रमुख पात्रको केन्द्रीयतामा अगाडि बढेको छ । यी तिनवटा घटनाहरू घटित हुनुको कारण तत्कालीन समयमा देखिएको राजनीतिक खिचातानी, शोषण, दमन, यौन विकृति नै हुन् ।

यस उपन्यासमा देवजीले शरदले लेखेको डायरी पढ्न लगाउनु । उसका बाल्यकालीन घटना फेला पर्नु, शरदलाई जीबाको संरक्षणमा लगाएर उसकी आमाले आत्महत्या गर्नु प्रमुख घटनाको रूपमा रहेको छ ।

शरदको जीवनमा यस्तो घटना घट्नुको प्रमुख कारण उसको पारिवारिक स्थिति नै हो । बाबु 'लाहुरे हुँ' भनेर बाटा बाटाको भट्टीमा रक्सी खाने जड्याँहा, कान्छी मात्रै ल्याउने प्रवृत्ति भएको कारण शरदको जीवनमा दुःख कष्ट भोग्नु परेको देखिन्छ । "उनलाई बर्को पनि बोक्नु पर्दैन्थ्यो । जतातातै भट्टी नै भट्टी थिएँ; कान्छी नै कान्छी थिए; रोजी छाडी थियो । सधैँ सुरासुन्दरी सहितको दशै नै दशै थियो । पैसा सकिएपछि चोरीको बाली टिप्न काठमाडौं जान्थे" (पृ.१७) । बुबाको यस्तो प्रवृत्ति र आमाको नयाँ बाबु खोज्ने प्रवृत्तिका कारण शरद काठमाडौंस्थित जीबाको आश्रममा धर्म पुत्रको रूपमा बस्न बाध्य भएको देखिन्छ । यसले एकतर्फ यौनको चरम रूपलाई देखाएको छ भने अर्को तर्फ समाजको संरचनालाई खलबल्याउने काम गरेको छ ।

यस उपन्यासमा शरदले विद्यार्थीकालीन समयमा विद्यार्थी राजनीतिमा भएको अराजक स्थितिको बोध गर्नु, आफू पनि राजनीतिमा होमिनु साथै कुमारीसँग वैवाहिक सम्बन्ध गाँस्नु दोस्रो प्रमुख घटना हो ।

शरदको जीवनमा दोस्रो घटना घट्नुको प्रमुख कारण तत्कालीन समयमा देखिएको राजनीतिक द्वन्द्व साथै कुमारीप्रतिको आकर्षण नै हो । शरद गाउँबाट भर्खर काठमाडौं आएको सोभ्रो, निम्न वर्गीय युवा हो । पारिवारिक स्थितिकै कारण जीबाको घरमा बसेर पढ्न अवसर प्राप्त गरेको छ । जीबा आफू विद्यार्थीकालीन समयमा राजनीतिमा लागेर बिग्रेको तर शरदलाई राम्रोसँगा पढाउने प्रतिबद्धताका साथ पत्रकारिता विषय पढाउन क्याम्पस पढाउँछन् । क्याम्पसमा कुनै पार्टीमा नलागेका सोभ्रा शरदलाई पार्टीका कार्यकर्ताका व्यवहार पटक्कै मनपर्दैन । "सबै पार्टीका पञ्च, कांग्रेस, कम्युनिष्ट सबैका दादा छन् । सबैले कुनै गुटमा नलागेको विद्यार्थीलाई कुटपिट गर्छन्" (पृ.२१) । यस्तो प्रवृत्तिले शरद पनि राजनीतिक पार्टीमा होमिनु पुग्नु र रक्तिम दादाको निकट भएको प्रसङ्ग उपन्यासमा मार्मिक रूपमा आएको छ । आन्दोलनकारीहरूले जसरी भए पनि पञ्चायत ढाल्नु थियो त्यसैले शरद पनि राजनीतिमा रक्तिम दादालाई साथ दिएको घटनाले ऊ पनि राजनीतिमा प्रष्टै रूपमा होमिएको प्रष्ट हुन्छ । राजा विरोधी नारा लागे - "वीरे चोर ! देश छोड; देश छाडे पञ्चायती व्यवस्था ! मुर्दावाद, मुर्दावाद ! पञ्चायती तानाशाही ! चल्दैन, चल्दैन" (पृ.२७) । यसरी शरद गाउँबाट काठमाडौंमा पढ्न थाल्दा वाध्यतावस पार्टीमा होमिनु परेको घटनाले उसलाई यस पार्टीको कार्यकर्ता बन्न बाध्य भएको छ ।

पत्रकारिता विषयमा डिप्लोमा गरेको शरद एक त युवा अवस्थामा प्रवेश गरेको अर्को देवजीको अन्तर्वार्तामा कुमारीलाई देख्नुले ऊ प्रतिको आकर्षण बढेको देखिन्छ । कुमारीको आकर्षक व्यक्तित्व र जीबालाई औषधी गर्ने सघाएको अवसरमा कुमारी र शरद बिचमा प्रेम बढ्दै जानु नै प्रमुख कारण बन्न गएको छ । "केटी पनि नराम्रा हुन्छन्, मुर्ख ! केटी त गुलाफको फूल हो, कोही बढी राम्रा बास्नादार हुन्छन्, केही कम ! त्यो बेग्लै कुरा हो । कुनै केटी नराम्री हुन्न । सक्छस् भने मुख फोरेर 'आई लभ यू' भन्ने गायत्री मन्त्र फुकिहाल" (पृ.३२) । यसरी कुमारीको आकर्षक व्यक्तित्वले गर्दा शरदले कुमारीलाई प्रेम प्रस्ताव राखेर विवाह भएको छ । यसको कारण युवावस्थामा विपरीत लिङ्गप्रति भएको आकर्षण नै हो ।

यस उपन्यासमा अन्य प्रसाङ्गिक घटनाहरूले पनि उपन्यासको प्रमुख घटनालाई नै विस्तार गरेको देखिन्छ । उपन्यासमा शाहकाल, राणाकाल, माओवादी द्वन्द्व, तराई आन्दोलनका घटनाहरू र आफ्नै बाबुबाट बलात्कृत भएर देवजीको आश्रममा पुगेकी कुमारीको कथा र जीबाले आफ्नो जीवनमा देखे भोगेका विभिन्न कालखण्डका घटनाहरू रहेको देखिन्छ । यसको प्रमुख कारण तत्कालीन अवस्थामा बढ्दो यौन विकृति हो । जसको परिणाम स्वरूप कुमारीको आफ्नै बाबुबाट बलात्कार हुन पुगेकी छ । जीबा तत्कालीन समयमा राजनीतिमा लागेको तर राजनीतिक अस्थिरता, राणाकाल, पञ्चायतकाल समयमा आफूले प्रजातन्त्र स्थापना गर्ने खोज्दा पाएको दुःख कष्ट नै देखे भोगेका घटना हुन पुगेको छ ।

जीबाको मृत्यु पश्चात शरद र कुमारी रामेछाप मन्थलीमा बसोवास गर्न थाल्नु र माओवादी द्वन्द्व पछि सरेर जनकपुर जानु, शरदको अपहरण हुनु, शरद बेपत्ता हुनु, लालले छोरी शान्तिको बलात्कार र कुमारीलाई बलात्कारको प्रयास गर्नु अर्को महŒवपूर्ण घटना हो ।

शरद र कुमारीको जीवनमा यो घटना घट्नुको प्रमुख कारण तत्कालीन समयमा देखिएको माओवादी द्वन्द्व र त्यसपछिको तराई आन्दोलन नै हो । जीबाको हेरचाह गर्दा गर्दै जीबाको मृत्यु पश्चात मन्थली बसोबास गर्ने थालेका शरद र कुमारीको जीवनमा माओवादी द्वन्द्वले उथुलपुथुल पारेको छ । माओवादी द्वन्द्वको समयमा नेपाली जनताहरूले माओवादीलाई चन्दा दिनु पर्ने बाध्यता अनि सेनाले चन्दा दिएको थाहा पाए उल्टै जनतालाई अपहरण गरेर यातना दिने गरेको घटनाले नेपाली जनताहरूले साह्रै हैरानी खेप्नु परेको छ । यसको प्रतिनिधित्व उपन्यासमा शरद र कुमारीले गरेका छन् । माओवादीलाई चन्दा दिएको कारण सेनाले शरदलाई “आकाशलाई कसरी चिनिस् र त्यसले तँलाई के-के सिकाएको छ ? सेनाको सुराकी गर भन्छ कि भन्दैन ? तेरो संस्थाले खानेपानी बनाउन भनेर जीआई पाइप ल्याउने र माओवादीलाई सकेट बम बनाउन दिनेगरेको हो कि होइन” (पृ.२४६) ? यही कारणले मन्थली छोडेर आएका शरद र कुमारीलाई जनकपुरमा चर्केको मधेश आन्दोलनले पुनः विक्षिप्त बनाएको छ । यसले तत्कालीन मधेशमा बसोवास गर्ने पहाडीयाहरूलाई विनाकारण पिट्नु कुटने, बलात्कार, अपहरण गरेको घटनाले पुष्टि गर्दछ । “पहाडीहरू

किंकर्तव्यविमूढ भए । कुन बेला लुटिने हो, कुटिने हो, आगोमा परिने हो भनेर थर्कमान भए" (पृ.२८६) । यस घटनाले तत्कालीन जनकपुरमा मधेशीहरूले शरद, कुमारी र अन्य स्थानीय बासिन्दालाई गरेको शोषण दमन, लालले शरदको अपहरणपछि शान्तिको बलात्कार, कुमारीको बलात्कारको प्रयास गर्नु पनि मधेश आन्दोलनकै प्रमुख कारण बन्न पुगेको छ ।

समग्रमा यस उपन्यासमा शरदले आफ्नो जीवनमा पाएको दुःखकष्ट र पीडा प्रमुख घटनाको रूपमा आएको छ भने अन्य सहायक घटनाहरूले पनि प्रमुख घटनालाई नै विस्तार गरेको देखिन्छ । यसको प्रमुख कारण शरदको पारिवारिक स्थिति साथै देशमा बढ्दै गएको राजनीतिक अस्थिरता, माओवादी द्वन्द्व र मधेस आन्दोलन नै हुन पुगेको छ ।

## ५.१.६ भाषाशैली

**सकस** उपन्यासको भाषा सरल, सहज साथै सबै पाठक वर्गहरूले बुझ्न सक्ने किसिमको छ । यस उपन्यासमा उपन्यासकारले कतै अभिधामूलक भाषाको प्रयोग गरेका छन् भने कतै व्याञ्जनात्मक भाषाको प्रयोग गरेका छन् । उपन्यासमा भौगोलिक परिवेश अनुकूल सामान्य व्यक्तिले बोल्ने कथ्य भाषादेखि उच्च बौद्धिक स्तरका व्यक्तिहरू, राजर्षि खानदानीहरूले बोल्ने उच्च आदरार्थी भाषाको प्रयोग गरेका छन् । जस्तै : महाराजको जय होस् ! म बुबा महाराजको प्रेमी सेवक हुँ । मलाई पनि सती जान दिने निगाह होस्" (पृ.७८) ।

"काजी हजुरको आँटलाई मेरो शास्त्रले पनि आशीर्वाद हुनेछ" (पृ.८०) ।

"हजुर स्वयं विष्णु भगवानले मलाई चहाना गरिबक्सनु मेरो अहोभाग्य हो । तर हजुरले मलाई यौटा वचन दिइबक्सनुपर्छ" (पृ.८२) ।

निम्न आदरार्थीमा

"को छ याँ माओवादी ? लु आइजा" (पृ.२४३) ।

"बु...चो...साला, तेरी मांगीले पैसा बुझाई भने ज्यान वकस् पाउलास् । होइन भने ..." (पृ.३०२) ।

उपन्यासमा मन्दिर, रक्त, पुरूष, मृत, बालक, अमृत, दक्षिण भातरम् गङ्गा स्नान आदि जस्ता तत्सम् शहरहरूको प्रयोग गरिएको छ । कहीँ कतै तद्भव शब्दहरूको प्रयोग

पनि देखिन्छ । साथै संसार, पौवा, कुन्यौ, किरिया, भुँडको धुपौरो, गुन्टा, बोफ्रो, डढेलो, पाली जस्ता ऋर्रा नेपाली शब्दहरूको प्रयोगले भाषालाई स्वभाविक बनाएको छ । उपन्यासमा प्रिन्सिपल, स्टेशन, रिपोर्ट, गेस्ट हाउस, ब्यान्डेज, ट्रेनिङ, एयरपोर्ट, इन्सपेक्टर, कम्पाउन्डर, एन.जि.ओ आदि जस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग गरिएको छ ।

उपन्यासमा पात्रहरूको स्तरीयता झल्काउने थेगोहरू बर्को बोक्यो बसैं, कुखुरा काट्यो दशैं, चाइन्ज सुन्जोउ, चैन आकाशको फल आँखा तरी मर, आदि उखान टुक्काको प्रयोगको साथै सुइकुच्चा, डङग्राडङ, छच्पाक्क, छवाल छवाल, ट्वाल्ल, प्याट्ट, स्वाँ स्वाँ, प्याच्च, स्वास आदि जस्ता अनुकरणात्मक शब्दको प्रयोगले उपन्यासको भाषालाई रोचकपूर्ण बनाएको छ । उपन्यासमा प्रयोग भएको अश्लील शब्दहरू जस्तै : जाँठा, माच्चि, स्साम जस्ता शब्दहरूले पात्रहरूको स्वभाविकतालाई झल्काएको छ । यसैगरी उपन्यासमा नि, त, लौ, पो, है जस्ता निपात शब्दहरूको प्रयोगले भाषाको स्तरीयता झल्काएको छ । साथै उपन्यासमा प्रश्नावाचक (?), विस्यमादिबोधक (!) अल्पविराम (;), आदि शब्दहरूको प्रयोग भएको छ । यसले पनि उपन्यासको भाषिक संरचनामा आकर्षण गरेको देखिन्छ ।

**सकस** उपन्यासको शैली वर्णनात्मक किसिमको छ । उपन्यासले विशाल कथावस्तु बहुल पात्र विशाल परिवेश समेटेको भए पनि शरद र जीबाको साथै अन्य पात्रहरूको माध्यमबाट घटेको घटनाको संस्मरणलाई पूर्व दीप्ति शैलीको माध्यमबाट अगाडि बढाएको देखिन्छ । उपन्यासमा रहेका मुख्य पात्र जीबा र शरद बिचमा भएको संस्मरणका केही दृष्टान्तहरू जीबाले भने - “सिन्धुली गढीमा फिरङ्गीलाई हराएको पृथ्वीनारायण शाहले कान्तिपुर जिते” (पृ.५९) ।

“बाको मलाई पण्डित बनाउने ठूलो धोको थियो र मैले त्यसमाथि ब्रजपात गरें । अब बालाई कुन मुख देखाउन जाऊ” (पृ.६५) ।

शरदले देशमा चर्किएको राजनीतिक ढङ्गमा आए लगायत आफू जस्ता कयौं निर्दोष जनता र देशको दुर्नियतको संस्मरण गरेको छ । यसले प्रत्यक्ष रूपमा नेपाली जनताहरूले माओवादी द्वन्द्वमा पाएको हैरानीलाई प्रस्तुत गरेको छ । “ऐया !” म कुर्सीबाट भुक्लुक्क भो । होस् फिर्दा मेरो मुख चौरमा जोतिएको थियो । उठ्न खोजें, सकिनँ । मलाई दुई जनाले

उठाएर कुर्सीमा राखे । राँगा भैंसी मार्न बन्चरोको पासोले सिङको जोर्नीमा होनको देखेको थिएँ सम्झे । मैले केही भएपछि स्वतन्त्रताको अन्धो भएपछि दृष्टिका र बाँधिएपछि खुला हातको महŒव बुझ्न थालें । मैले यो कुरा पहिले सोचेको रहनेछु (पृ.२४५) ।

उपन्यासले गद्य र पद्य दुवै भाषिक शैलीको साथै प्रश्नात्मक शैलीको पनि प्रयोग गरेको छ :

"कसको उर्दी ?"

"हाम्रो पार्टीको ?"

"तिम्रो पार्टी त काङ्ग्रेस हैन र दाई"

"अघि थियो, अब छैन, सर" (पृ.२२४) ।

उपन्यासमा इतिहासका घटनाहरू प्रत्यक्ष रूपमा वर्णन गरे जस्तो गरी वर्णित भएका छन् । राजनीतिक परिवेशले निम्त्याएको समस्या र आतङ्कलाई यथार्थवादी ढङ्गले प्रस्तुत गरेको छ । प्रासङ्गिक घटनाहरूका पात्रहरू बिच भएको संवादलाई संवादात्मक शैलीको माध्यमबाट अगाडि बढाएको छ ।

यसरी समग्रमा **सकस** उपन्यासको भाषा सरल, सहज र स्वाभाविक देखिन्छ भने वर्णनात्मक, संस्मरणात्मक प्रश्नात्मक, गद्यात्मक, पद्यात्मक शैलीको प्रयोगले उपन्यासको भाषालाई सुसङ्गठित बनाएको छ ।

## ५.१.७ अनुभूतिको संरचना

यस **सकस** उपन्यासमा अनुभूतिको संरचनालाई हेर्दा घिमिरेले तत्कालीन समाजमा भएका यथार्थ पक्षलाई देखाएका छन् । शाह वंश राणाकालीन पञ्चायतकालीन समयमा राणहरूले नेपाली जनताहरूमाथि गरेको शोषण, दमन, माओवादी द्वन्द्व र मधेश आन्दोलनमा नेपाली जनताहरूले निरपराध खेप्नु परेको हैरानी, समाजमा परम्परादेखि चल्दै आएको सती प्रथा, नारी समस्या तत्कालीन समाजका यथार्थ पक्ष हुन् । यी समस्याहरू समाजमा विद्यमान भएकाले समाजका निम्नवर्गीय नेपाली जनताहरूले खेप्नु परेको सङ्कटलाई उपन्यासकारले यथार्थवादी ढङ्गबाट चित्रण गरेका छन् ।

यस उपन्यासमा रहेको प्रमुख पात्र शरदले बाल्यकालमा पाएको दुःखकष्ट तत्कालीन समाजका यथार्थ पक्ष हुन् । जँड्याहा श्रीमती फर्दै हिँड्ने बाबु र एउटी समान्तकृत महिला बिच भएको छोरो घरजमबाट जन्मेको शरद, आमाले आत्महत्या गरेपछि जीबाको घरमा आश्रम पाएको छ । पारिवारिक स्थिति र त्यसले ल्याएको सङ्कट शरदले खेप्नु परेको घटनालाई उपन्यासकारले अनुभूति गरेको हुन् । पूर्वमन्त्री जीबाको घरमा धर्मपुत्रको रूपमा बसेको शरदले जीबालाई गरेको गुण बिर्सनै नसकिने देखिन्छ । आफ्ना छोराबुहारीले वास्ता नगरेको जीबालाई शरदले विरामी पर्दा अस्पतालमा गएर औषधी गर्नु, बुढेसकालको सहारा बनेको घटनाले यथार्थता प्रकट गरेको छ । साथै तत्कालीन समयमा रहेको राणा शासन, पञ्चायतकाल, प्रजातन्त्रकालीन समयमा जीबाले देश र जनताको लागि दिएको योगदान यथार्थवादी बन्न पुगेको छ ।

उपन्यासमा तत्कालीन समयमा देखिएको माओवादी द्वन्द्व, मधेश आन्दोलनको कारण शरद, कुमारी जस्ता व्यक्तिहरूले विनाकसुर खेप्नु परेको पीडा यथार्थवादी घटना हो । यसले तत्कालीन अवस्थामा नेपाली जनताहरू कस्तो पीडामा पिल्एिका थिए भन्ने प्रष्ट पार्छ । माओवादी आन्दोलनमा सेना र माओवादीको चपेटा खेप्नु पर्ने, तराई आन्दोलनमा पहाडीयाहरू घर छोडेर भाग्नु पर्ने आईमाई, केटाकेटी बलात्कारको सिकार बन्नु पर्ने यथार्थ घटनालाई उपन्यासकारले अनुभूतिका माध्यमबाट चित्रण गरेका छन् । "साँझ परेपछि लाले कहुँ चिया पिउँछ ।" उसले नकच्चरो हाँसो हास्यो (पृ.१२) । मधेशमा लाल जस्ता कुटिल चाल खेल्ने व्यक्तिले कुमारी र शान्तिमाथि गरेको दुर्व्यवहारलाई उपन्यासमा यथार्थवादी ढङ्गले चित्रण गरेको छ । यसले हाम्रो समाजमा भएका यथार्थको जालो भत्काउने काम गरेको छ ।

अनुभूतिको संरचनाले समाजका बाह्य साथसाथै पात्रको अन्तर्मनको यथार्थलाई पनि प्रकट गर्दछ । केवल बाह्य क्रियाकलापको अनुभूतिले मात्र एउटा उपन्यासको समाजको पूर्ण यथार्थ पक्षलाई अभिव्यक्त गर्न सक्दैन । अतः सामाजिक यथार्थलाई पूर्ण र विश्वासिलो रूपमा प्रस्तुत गर्नलाई उपन्यारकारले पात्रको मानसिकतालाई पनि उद्घाटन गर्नुपर्ने हुन्छ त्यसैले **सकस** उपन्यासमा रहेका पात्रहरूको मानसिकतालाई उद्घाटन गर्नुपर्ने हुन्छ ।

यस उपन्यासको प्रमुख पात्र शरदको मानसिकता आन्तरिक द्वन्द्वमा फसेको छ । काठमाडौं छाडेर मन्थली बसोवास गर्न गएको शरदलाई तत्कालीन अवस्थाको विद्रोही माओवादी र नेपाली सेनाको दोहोरो मारमा परेकाले उसको मनमा द्वन्द्व उत्पन्न भएको छ । शरदलाई माओवादीले चन्दा माग्दा र भेट्ने बोलाएको समयमा आफूलाई अपहरण गर्ने पो हो की भन्ने डरले उसको मानसिकता अन्तर्द्वन्द्वमा फसेको देखिन्छ । "अपहरणका अनेक **सकस** सुनिन्थे । अपहरण पो गर्ने हुन कि भन्ने त्रासले मेरी मुटु छड्किरहेको थियो । बाटाभरी चिन्तित थिएँ । कमरेड आकाशको मुस्कान व्यक्तित्व, मिजास र पहिलो वाक्यले राहात दियो" (पृ.२१०) । त्यसैगरी माओवादी द्वन्द्वकालमा माओवादीलाई चन्दा दिएको निहुँमा सेनाद्वारा अपहरणमा परेको शरदले भोल्नु परेको यातनाबाट मानसिक द्वन्द्व खडा भएको देखिन्छ । ऊ ट्वाईलेटमा लुगा फेर्न जाँदा आत्महत्या गर्ने डोरी खोज्नु, आफ्नै शरीरलाई आफैले नौलो पाउनु, सेनाको अपहरणबाट मुक्त भएपछि माओवादी विरोधी पोल खोल्ला भन्ने निहुँमा धम्की पाउनु "के तपाईंसँगको सराकी हुने शर्त मानेर आउनु भाको छ ? याद राख्नुहोस तपाईं खतरासँग खेल्दै हुनुहुन्छ" (पृ.२६५) । आदि घटनाबाट शरदको मानसिकता अन्तर्द्वन्द्वमा फसेको देखिन्छ ।

जीबा ब्राह्मण जातको व्यक्ति हुन् बाबुले ठूलो पण्डित बन्न काठमाडौंको तीनधारा पाठशालामा संस्कृत पढ्न भर्ना गरिदिनु तर आफू नपढेर राजनीतिक जीबा सुरु गरेपछि उनका सबैभन्दा श्रेष्ठ र आदर्श व्यक्ति पिताको मरणासन्न अवस्थाका कारण आफैंलाई मानेका छन् । यस अवस्थामा उनको मानसिकता द्वन्द्वमा फसेको देखिन्छ । "बा र म तपैलाई भे्ट्न नेपाल ग"का थियौं । तपैं पाठशालाबाट निस्केको कुरा थाहा पाएपछि ठूलो बाबु कहाँ गइस् नि ! भन्दै बा मुर्च्छा पर्नु भो । ओछ्यानै पर्नु भो अझै सद्दे हुन भा' हैन ठूल्दाजु । यो सबको कारण तपैं नै हो" (पृ.११९) । यसले गर्दा जीवनमा घरपरिवार हेर्ने कि देशको भविष्य हेर्ने भन्ने कुरामा अन्तर्द्वन्द्व रहेको पाइन्छ ।

त्यस्तै उपन्यासकी प्रमुख स्त्री चरित्र कुमारीको मानसिकता पनि द्वन्द्वमा फसेको छ । कमारी आफ्नै बाबुबाट बलातकृत भएकी नारी हो । उसलाई यही घटनाले मरौ कि बाँचु भएको छ । कुमारीले शरदसँग विवाह भएपछि केही समय राम्रै जीबा बिताए पनि छोरी शान्तिको बलात्कार र आफूलाई पनि बलात्कार गर्न जाइ लागेको लालको दुर्व्यवहारले

मानसिक द्वन्द्वमा फसेकी देखिन्छ । “राम राम ! के भन्नु भएको भैयाजी ! म पाउ पर्छु, यो सब गर्नुस ।” “उसले मलाई जबरजस्ती समायो । मसँग दुईटा उपाय थिए - कि कराउने, कि मान्ने । कराए आफ्नै बेइज्जत, नकराए बलात्कार !” (पृ.१३) यस्तो घटनाले कुमारीमा मानसिक द्वन्द्व कसेको छ । भनौं भने आफ्नै बेइज्ज्त हुने नभनौं भने बलात्कार हुने डरले ।

समग्रमा यस उपन्यासमा अनुभूतिको संरचनाभित्र प्रयुक्त सामाजिक स्थिति एवं पात्रहरूको मानसिकतालाई उद्घाटन गरेका छन् । उपन्यासकारले जीबाका यथार्थ पक्षलाई प्रस्तुत गर्ने क्रममा आफूले देखे भोगेका र अनुभव गरेका घटनालाई प्रस्तुत गरेका छन् भने उपन्यासमा रहेका पात्रहरूको मानसिक अन्तर्द्वन्द्व जस्ता विषयलाई अनुभूतिको संरचनाभित्र खोजेका छन् ।

## ५.२ निष्कर्ष

साहित्यको समाजशास्त्रका आधारहरूको पृष्ठभूमिमा **सकस** उपन्यासको विश्लेषण गर्ने क्रममा प्रजाति, युग र पर्यवरण विश्वदृष्टि, संस्कृति, कार्यकारण, भाषाशैली र अनुभूतिको संरचनालाई प्रमुख आधार मानी विश्लेषण गरिएको छ ।

यस उपन्यासमा मधेसी जनजाती र पहाडी जातीका युवायुवती बिचमा भएको प्रेम सम्बन्धकै आधारमा प्रजातिगत विशेषता झल्काइएको छ । यी दुई बिचमा अन्तरजातीय विवाह भएको देखिन्छ तर पनि यिनीहरूले समाजमा बुढापाकाहरूलाई गर्ने संस्कार बिर्सिएको देखिँदैन । उपन्यासमा हिन्दू धर्म परम्परा अनुसार बुबा मर्दा छोराले गर्ने काजक्रिया देखाइएको छ । साथै विपन्न आर्थिक अवस्था भएका पात्रहरूले अरुको घरमा बसेर जीवन चलाउनु पर्ने यथार्थ घटनालाई पनि चित्रण गरेको देखिन्छ । सकस उपन्यासको युगगत सन्दर्भलाई हेर्दा २०६२/०६३ सालको समयलाई लिन सकिन्छ । यतिखेरको समयमा नेपाली जनताहरू सरकार पक्ष र माओवादी द्वन्द्वको चपेटामा परेको यथार्थतालाई उपन्यासले युगगत सन्दर्भको रूपमा लिइएको छ । कालिक परिवेशको दृष्टिले अढाइ सय वर्ष अघिदेखिको इतिहास र वर्तमानको गञ्जागोललाई चित्रण गरेको देखिन्छ । स्थानगत परिवेशका दृष्टिले काठमाडौं, भक्तपुर, ललितपुर, जनकपुर, नेपालगञ्जजस्ता सहरहरूमा घटेको घटनालाई चित्रण गरेको छ । जीवन र जगत्लाई हेर्ने दृष्टिकोणलाई विश्व दृष्टि

भनिन्छ । यस उपन्यासले तत्कालीन पृथ्वीनारायण शाहको समयदेखि राणाशासन हुँदै २०६२/०६३ सालको जनआन्दोलन, मधेस आन्दोलन र त्यसले नेपाली जनताहरूले भोग्नु परेको दुःख कष्ट पीडाजस्ता समस्यालाई विश्वदृष्टिको रूपमा चित्रण गरेको देखिन्छ । त्यस्तै उपन्यासमा अन्तरजातीय विवाह, ब्राह्मण जातीको जातिय संस्कार, बाबु मर्दा काजक्रिया बस्नुपर्ने, जेठो छोरालाई ढिकुराको पुजारी भन्ने चालचलन साथै हिन्दू धर्म परम्पराअनुसार छोरा नजन्मिए स्वर्गको बाटो खुल्दैन भन्ने अन्धविश्वासपूर्ण सामाजिक कुसंस्कारलाई उपन्यासले संस्कृतिको रूपमा चित्रण गरेको छ । उपन्यासमा प्रमुख घटनाहरू घटित हुनुपछाडि कारणहरू जोडिएर आएको देखिन्छ । उपन्यासमा प्रमुख तीन घटनाहरू प्रमुख पात्रको केन्द्रीयतामै अगाडि बढेको छ । यस्ता घटनाहरू घटित हुनुमा तत्कालीन समाजमा देखिएका राजनैतिक खिचातानी शोषण दमन र यौन विकृति नै हो भन्न सकिन्छ ।

उपन्यासको भाषाशैली सरल सहज र पात्रअनुकूलकै देखिन्छ । कतै अभिधामूलक भाषाको प्रयोग देखिन्छ भने कतै व्यञ्जनामूलक भाषाको प्रयोग देखिन्छ तर पनि भाषा पात्रअनुकूलनै छ । उपन्यासमा प्रयुक्त तत्सम तद्भव र आगन्तुक शब्दहरू पनि बुझ्ने किसिमकै छन् । यसले भाषालाई नखजमजाइ स्पष्ट नै बनाएको छ । उपन्यासमा पात्रहरूको स्तरीयतालाइ झल्काउने थेगोहरू प्रयोग गरिएको छ । विभिन्न उखानटुक्का अनुकरणात्मक शब्दहरू निपात, प्रश्नावाचक चिन्ह, विस्मादिबोधक अल्पविराम आदिको प्रयोगले भाषिक संरचना आकर्षिक बन्न पुगेको छ । उपन्यासमा प्रयुक्त वर्णनात्मक शैलीले विशाल कथावस्तुलाई प्रस्तुत गरेको छ । साथै उपन्यासका घटनाहरू पूर्वदिप्तिको माध्यमबाट अगाडि बढेको देखिन्छ । उपन्यासको अनुभूतिको संरचनालाई घिमिरेले यथार्थवादी दृष्टिले नै चित्रण गरेको देखिन्छ । उपन्यासमा शावंशदेखि राणाशासन काल हुँदै २०६२/०६३ सम्म आएका घटनाहरू समाजका यथार्थ घटनाहरू हुन यसको कारण सोझासाझा नेपाली जनताहरूे खेप्नुपरेको हैरानी दुःख कष्ट र त्यसैको कारणबाट पात्रहरूको मनमा उत्पन्न भएको मानसिक भावलाई पनि उपन्यासकारले अनुभूतिको माध्यमबाट चित्रण गरेका छन् । अन्तमा घिमिरेको सकस उपन्यासमा देखिएको समाजशास्त्र र समकालीन नेपाली समाजमा देखिएको सामाजिक घटनाहरू समाजशास्त्रका दृष्टिले उस्तै रहेका छन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

# परिच्छेद : छ

## सारांश तथा निष्कर्ष

उपन्यासकार जगदीश घिमिरले उनका उपन्यासहरूमा नेपाली समाजमा रहेको सामाजिक यथार्थवादी घटनालाई प्रमुख रूपमा प्रस्तुत गरेका छन् । उनको **लिलाम**, **साबिती** र **सकस** उपन्यासहरूले तत्कालीन समाजमा भएका शोषण, दमन, अन्याय, अत्याचार, राजनीतिक खिचातानी, माओवादी द्वन्द्व, मधेश आन्दोलन, वर्गीय जातीय विभेद, नारी समस्या जस्ता विषयवस्तुलाई समेटेको देखिन्छ ।

**लिलाम** घिमिरको पहिलो उपन्यास हो । नेपाली समाजमा रहेको निम्न वर्गीय, रहनसहन र सांस्कृतिक परिवेशको चित्रण गरी तयार पारिएको यो उपन्यास आञ्चालिकताका दृष्टिले उच्च छ । यसले तत्कालीन नेपाली समाजमा बसोवास गर्ने उपेक्षित तल्ला वर्गका मानिसहरूमाथि माथिल्लो वर्गका मानिसहरूले गरेको शोषण, दमन र गलत राजनीतिक दुराचारलाई प्रस्तत‌ु गरेको छ । त्यस्तै घिमिरेको **साबिती** दोस्रो उपन्यास हो । यस उपन्यासमा वैयक्तिक आक्रोशलाई विद्रोहजनक रूपमा प्रस्तुत गरिएको छ । नेपालको तत्कालीन राजनीतिक व्यवस्थाले नेपालका युवा वर्गमा परेको असर, नारीमाथि भएको शारीरिक शोषण र उत्पीडनलाई प्रस्तुत गरेको छ । साथै **साबिती** उपन्यासले उच्च वर्गले निम्न वर्गमाथि गरेको शोषण र उत्पीडनको घटनालाई पनि विद्रोह रूपमा चित्रण गरेको देखिन्छ । **सकस** घिमिरेको जीवनको अन्तिम अवस्थामा लेखिएको उपन्यास हो । यसले तत्कालीन समयको विसङ्गतिपूर्ण वातावरणलाई झल्काएको छ । साथै अढाई सय वर्षदेखिको नेपालको इतिहास र वर्तमान समयको राजनीतिक परिवेशले निम्त्याएको भयाभह स्थितिलाई चित्रण गरेको छ । उपन्यासमा पृथ्वीनारायण शाहदेखि राणाशासनकाल हुँदै २०६२/०६३ सालको जनआन्दोलन, मधेश आन्दोलन र त्यसले निम्त्याएको विध्वंशात्मक वातावरणको जीवन्त चित्रण गरेको छ । अतः घिमिरेले आफ्नो जीवनमा देखेका भोगेका र अनुभव गरेका घटनाहरूलाई कहीँ यथार्थवादी रूपबाट, कहीँ आलोचनात्मक रूपमा चित्रण गरेका छन् । यो नै घिमिरेको औपन्यासिक मौलिकता हो ।

घिमिरेका उपन्यासहरूको समाजशास्त्र अध्ययनका क्रममा शोधपत्रको प्रथम परिच्छेदमा विषय परिचय, समस्याको कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, महŒव, शोधकार्यको सीमाङ्कन शोधविधि र सैद्धान्तिक आधार तथा शोधपत्रको रूपरेखा जस्ता उपशीर्षकअन्तर्गत रही शोध परिचयलाई पूर्णता प्रदान गरिएको छ ।

शोधको दोस्रो परिच्छेदमा साहित्यको समाजशास्त्रको सैद्धान्तिक रूपरेखा शीर्षकमा केन्द्रित रही यसको सिद्धान्तको अध्ययनको क्रममा साहित्यको समाजशास्त्रको अर्थ र परिभाषा, पृष्ठभूमि, स्वरूप, साहित्यको समाजशास्त्रको सिद्धान्त, साहित्यको समाजशास्त्र अध्ययनका आधारहरूमा प्रजाति, युग र पर्यावरण, विश्वदृष्टि संस्कृति, कार्यकारण, भाषाशैली तथा अनुभूतिको संरचना जस्ता शीर्षकमा केन्द्रित रही साहित्यको समाजशास्त्रको सिद्धान्तको अध्ययन विश्लेषण गरिएको छ ।

त्यस्तै तेस्रो परिच्छेदमा साहित्यको समाजशास्त्रका आधारहरुको पृष्ठभूमिमा **लिलाम** उपन्यासको विश्लेषण गर्ने क्रममा विभिन्न उपशीर्षकहरूमा बाँडेर त्यसको सविस्तार गरिएको छ ।

**लिलाम** उपन्यासमा उपन्यासकार घिमिरेले समाजमा रहेको विकृति विसङ्गति, राजनीतिक खिचातानी र आर्थिक पक्षले पारेको प्रभावलाई प्रत्यक्ष रूपमा केलाएका छन् । यसका साथै उच्च वर्गले निम्नवर्गमाथि गरेको शोषणलाई प्रमुख रूपमा चित्रण गरेका छन् । उपन्यासकारले आफूले देखे भोगेका घटनाहरू पात्रहरूको माध्यमबाट प्रस्तुत गर्ने क्रममा विभिन्न जातजाति, उनीहरूको जातिगत विशेषता, संस्कार र नेपाली समाजमा रहेका विभेद प्रस्तुत गर्ने क्रममा पात्रहरूमा रहेको मानसिक र शारीरिक संरचनालाई प्रस्तुत गरेका छन् । यस्तै उपन्यासमा प्रयुक्त विभिन्न वर्ग र तहमा रहेका विचार एवम् चिन्तालाई प्रजातिगत मूल्य दिएका छन् ।

युग भनेको लेखकले कृति सिर्जना गर्दाको समय हो । लेखकको वरिपरि रहेको प्राकृति र सामाजिक वातावरण नै पर्यावरण हो । यो उपन्यास युग र पर्यावरणीय दृष्टिले रामेछाप मन्थलीको ग्रामीण वातावरण र २००७ साल पूर्वका घटनाहरू रहेको देखिन्छ ।

यति खेरको समय सामाजिक, राजनीतिक, आर्थिक र शैक्षिक चेतनाले ग्रस्त रहेको देखिन्छ । सामाजिक अवस्था नियाल्दा वर्गीय, जातीय विभेद, यौन विकृति, गरिबी आदिका कारणले नेपाली जनताहरू पिल्सिनु परेको देखिन्छ भने राजनीतिक रूपमा पञ्चायती शासन व्यवस्थाले निम्न वर्गहरू दमित हुनु परेको यथार्थतालाई प्रस्तुत गरेको देखिन्छ ।

जगदीश घिमिरेले **लिलाम** उपन्यासमा सामाजिक कुसंस्कार, बहुविवाह, अन्धविश्वास, लोकविश्वास र त्यसले समाजमा ल्याएको विकृति र विसङ्गतिलाई नै संस्कृतिको रूपमा चर्चा गरेका छन् । उपन्यासमा विभिन्न जातजाति आए पनि उनीहरूको जातीय संस्कारभन्दा समाजमा देखिएका यौनविकृति सामाजिक शोषण, दमनलाई नै संस्कृतिको रूपमा चित्रण गरेको देखिन्छ ।

कुनै पनि घटना घट्नुको पछाडि कारण हुन्छन् । घिमिरेको **लिलाम** उपन्यासमा कुनै पनि घटना हुनुको कार्यसँग कारण अन्तर्निहित भएर आएको देखिन्छ । गरिबी, अशिक्षित र पञ्चायतकालीन समयमा निम्न वर्गमाथि हुने गरेको दमनको कारण बहादुरेको घर जग्गा **लिलाम** हुने अवस्थामा पुगेको छ । एउटा निम्न स्तरको गरिबको घरबार **लिलाम** हुन लागेको अवस्थाका कारणले यस उपन्यासमा विभिन्न घटनाहरू घटेका छन् । उपन्यासमा यही कारणले बहादुरे कहिले विद्रोह गर्छ भने कहिले आत्महत्या गर्न समेत पछि हटेको छैन ।

**लिलाम** उपन्यासको भाषा सरल, सहज र स्वभाविक किसिमका छ । उपन्यासमा प्रयुक्त तत्सम्, तद्भव र अनेकौं आगन्तुक शब्दहरूको प्रयोगले भाषालाई सम्यक प्रयोग गरेको पाइन्छ । उपन्यासमा प्रयोग भएका भाषा पात्रअनुसारकै देखिन्छ । उपन्यासमा प्रयुक्त उखान, टुक्काहरू, अनुकरणात्मक शब्द र निपातको प्रयोगले भाषालाई रमणीयता प्रदान गरेको छ भने थेगोको प्रयोगले पात्रहरूको स्वभावितालाई झल्काएको देखिन्छ । साथै विभिन्न चिन्हहरूको प्रयोगले उपन्यासको आन्तरिक संरचनालाई सुगठित बनाएको छ । उपन्यासको भाषा व्यङ्ग्यात्मक किसिमको छ । बहादुरेको जीवनमा घटेका घटनालाई पूर्व दीप्ति शैलीको माध्यमबाट अगाडि बढाइएको छ । उपन्यासमा आएका प्रासाङ्गिक घटनाहरू बीच संवादात्मक शैली अपनाइएको छ । यसरी हेर्दा शैलीका दृष्टिले **लिलाम** उपन्यास संस्मरणात्मक देखिन्छ ।

**लिलाम** उपन्यासमा भएको विश्वदृष्टिलाई नियाल्दा तत्कालीन समाजमा भएको यथार्थ घटनालाई प्रस्तुत गरेको छ । नेपाली समाजमा भएको वर्गीय विभेद, गरिबी र पञ्चायतकालीन समाज व्यवस्था र त्यसको परिणाम स्वरूप नेपाली जनताहरूले भोग्नु परेको उत्पीडन, यौन विकृति जस्ता कुरालाई चित्रण गरिएको छ । समाजमा देखिएका सामाजिक रूढीवादी मान्यता, राजनीतिक खिचातानी, पञ्चायती शासन व्यवस्थाको दमनलाई आदिलाई उपन्यासले अनुभूतिको संरचना बनाएको छ । यसै क्रममा समाजमा देखिएका बाह्य यथार्थ र पात्रको मानसिक अन्तर्द्वन्द्वलाई पनि अनुभूतिको संरचनाभित्र खोजिएको छ । समग्रमा घिमिरेको **लिलाम** उपन्यासमा प्रयुक्त समाजशास्त्र तथा समकालीन नेपाली समाजशास्त्र बिच समान सम्बन्ध रहेको भन्ने निष्कर्ष पाइन्छ ।

त्यस्तै चौंथो परिच्छेदमा साहित्यको समाजशास्त्रका आधारहरुको पृष्ठभूमिमा **साबिती** उपन्यासको विश्लेषण गर्ने क्रममा विभिन्न उपशीर्षकहरू राखेर विश्लेषण गरिएको छ ।

यस उपन्यासमा घिमिरेले नेपाली समाजका सामाजिक राजनीतिक, आर्थिक, सांस्कृतिक, धार्मिक क्षेत्रमा देखिएका प्रभावलाई केलाएका छन् । यसका साथै एउटा शिक्षित युवाले आफ्नो जीवनमा केही गर्न नसकेको घटनालाई प्रमुख रूपमा चित्रण गरेका छन् । आफूले देखे भोगेका र अनुभव गरेका कुरालाई पात्रहरूको माध्यमबाट प्रस्तुत गर्ने क्रममा विभिन्न जातजाति, तिनीहरूको विशेषता, कुसंस्कार, नेपाली समाजमा रहेको राजनीतिक शोषण दमन आदिलाई प्रस्तुत गरेका छन् । यसै क्रममा उपन्यासमा रहेका विभिन्न उच्च तथा निम्न वर्ग र तहमा रहेर उनीहरूका विचार तथा चिन्तनका माध्यमबाट प्रजातिगत मूल्य झल्काइएको छ ।

लेखकले कृति सिर्जना गर्दाको समय नै युग हो । कृतिमा रहेका पात्रहरूले जुन ठाउँमा बसेर कृतिको विश्लेषण गर्छन् त्यो नै पर्यावरण हो । यो उपन्यास युग र पर्यावरणका दृष्टिले काठमाडौं उपत्यकाको सहरी वातावरण र पञ्चायत कालभन्दा अगाडिका समय आएको देखिन्छ । यतिखेरको समय सामाजिक राजनीतिक, आर्थिक र शैक्षिक चेतनाका दृष्टिले सङ्कटग्रस्त पाउन सकिन्छ । सामाजिक अवस्थालाई नियाल्दा गरिबी जातिमै भेदभाव, अन्धविश्वास, यौन विकृति पाउन सकिन्छ । राजनीतिक दृष्टिले

शैक्षिक शिक्षित युवावर्ग, पेशाकर्मी लेखकहरू, वेरोजगार भएर बस्नु परेको घटना प्रस्तुत गरेको देखिन्छ ।

जगदीश घिमिरेको **साबिती** उपन्यासमा शोषण, दमन, विकृतिपूर्ण सामाजिक कुसंस्कार साथै लोकविश्वासका पूर्ण संस्कृति पाउन सकिन्छ । उपन्यासमा विभिन्न जातजातिहरू उल्लेख भए तापनि उनीहरूको जातीय संस्कार र संस्कृति कहीँ उल्लेख छैन । उपन्यासमा झाडापखाला लागेमा धामी, झाँक्री डाक्नु पर्ने, रातो भाले र चाइनीज वुशट चाहिने अन्धविश्वास र लोक विश्वास पूर्णसंस्कृतिको चित्रण गरेका छन् । साथै उपन्यासकारले यस्तो संस्कृतिको परिवर्तनका लागि सङ्केत पनि गरेको देखिन्छ ।

**साबिती** उपन्यासको भाषा अत्यन्तै परिष्कृत रहेको छन् । उपन्यासमा सामान्य व्यक्तिहरूले बोल्ने कथ्य भाषाको साथै उच्च स्तरीय खानदानी व्यक्तिहरूले बोल्ने आदरार्थी भाषाको प्रयोग पाइन्छ । उपन्यासमा प्रयुक्त तत्सम्, तद्भव र आगन्तुक शब्दहरूको प्रयोगले भाषालाई केही असहज बनाएको भए पनि भाषा बुझ्ने किसिमकै देखिन्छ । भाषाको गरिमालाई उच्च राख्न प्रयुक्त उखान टुक्का र थेगोहरूको प्रयोगले पात्रहरूको स्वाभाविकतालाई झल्काएको देखिन्छ भने अनुकरणात्मक शब्द, निपात र विभिन्न चिन्हहरूको प्रयोगले भाषालाई सुगठित बनाएको छ । शैलीका दृष्टिले **साबिती** उपन्यास चेतनाप्रवाह शैलीलाई भित्र्याउने उपन्यास हो । उपन्यासमा पात्रहरूको मानसिकतामा उठेका हरेक घटनालाई चेतनाको माध्यमबाट प्रस्तुत गरिएको छ । गद्य र पद्य दुवै शैलीको प्रयोगले उपन्यासमा नवीनता थपेको देखिन्छ । साथै उपन्यासमा, वर्णनात्मक शैली, कवितात्मक शैली, व्यङ्ग्यातमक शैली, डट (.....) कवितात्मक शैली आदिको पनि प्रयोग देखिन्छ ।

कुनै पनि घटना घट्नुका पछाडि कारण हुन्छन् । घिमिरेको **साबिती** उपन्यासमा कुनै पनि घटना हुनुको कार्यसँग कारण अन्तर्निहित भएर आएको छ । समाजमा देखिएको राजनीतिक अस्थिरता र त्यसको परिणाम स्वरूप शिक्षित युवा वर्गले समाजमा आफ्ना अस्तित्वहरू स्थापना गर्न खोज्दा 'म'पात्र दुर्घटित भएकोछ । यसैको कारण उसले जीवनमा केही गर्न नसकेर समाजमा अपहेलित भएर बस्न परेको घटनाले 'म' पात्रले उपन्यासमा

विद्रोह पनि गरेको छ । एउटा शिक्षित युवा वर्गले गरेको सङ्घर्षको लडाइँका कारण उपन्यासमा यी घटनाहरू घटेको देखिन्छ ।

**साबिती** उपन्यासमा भएको विश्व दृष्टिलाई नियाल्दा तत्कालीन समाजमा भएको यथार्थवादी घटनालाई प्रस्तुत गरेको छ । नेपाली वर्गीय समाजका चित्रण राजनीतिक अस्थिरता, गरिबी, यौन विकृति र त्यसले समाजमा ल्याएको विसङ्गतिपूर्ण घटनालाई विश्वदृष्टिभित्र चित्रण गरिएको छ भने सामाजिक रूढीवादी मान्यता र कृतिभित्र प्रयुक्त पात्रहरूको सामाजिक स्थिति र ती पात्रहरूको अन्तर्द्वन्द्वलाई अनुभूतिको संरचनाभित्र खोजिएको छ । अन्त्यमा जगदीश घिमिरेको **साबिती** उपन्यासमा प्रयुक्त समाजशास्त्र तथा हाम्रो समाजमा रहेका नेपाली समाजशास्त्रका मूल्य मान्यताहरू बिच समान सम्बन्ध पाइन्छ भन्ने निष्कर्षमा पुग्न **साबिती** उपन्यासको समाजशास्त्र विश्लेषणले सघाउ पुऱ्याउँछ ।

त्यस्तै पाँचौं परिच्छेदमा साहित्यको समाजशास्त्रका आधारहरुको पृष्ठभूमिमा **सकस** उपन्यासको विश्लेषण गर्ने क्रममा विभिन्न उपशीर्षक राखेर त्यसको विश्लेषण गरिएको छ ।

**सकस** उपन्यासमा जगदीश घिमिरेले समाजमा देखा परेको सामाजिक राजनीतिक, धार्मिक र आर्थिक पक्षहरूलाई चित्रण गरेका छन् । साथै उपन्यासमा राणाशासन काल, पञ्चायत कालमा देखिएको शोषण दमन, नारी समस्या, विद्यार्थी आन्दोलन र माओवादी द्वन्द्व, मधेश आन्दोलन घटनालाई आफूले देखे भोगेको र अनुभव माध्यमबाट प्रस्तुत गरेको छ । साथै उपन्यासमा प्रयुक्त विभिन्न पात्र र उनीहरूको जातीय संस्कार, संस्कृति, विशेषता र नेपाली समाजमा ब्राह्मण जातिमा रहेको परम्परालाई प्रस्तुत गरेका छन् । उपन्यासमा रहेका विभिन्न वर्ग र तहमा रहेका विचार चिन्तनका माध्यमबाट घिमिरेले प्रजातिगत मूल्य प्रस्तुत गरेका छन् ।

लेखकले कृतिको सिर्जना गर्दाको समय नै युग हो । लेखकले कृति लेख्दा प्रयोग गर्ने स्थान वरिपरि रहेको सामाजिक र प्राकृतिक कार्य स्थल नै पर्यावरण हो । यो उपन्यास युग र पर्यावरणका दृष्टिले काठमाडौंको सहरहरू साथै सिराहा, मन्थली, रामेछाप, सिन्धुली, जनकपुरको ग्रामीण वातावरण र शाहवंशदेखि राणा शासन काल हुँदै २०६२/०६३ सालको जनआन्दोलनसम्मको अढाई सय वर्ष समयलाई प्रस्तुत गरेको छ । उपन्यासमा राणाशासन

समयमा नेपाली समाज सामाजिक आर्थिक, शैक्षिक चेतनाको दृष्टिले अभावग्रस्त पाउन सकिन्छ । यसले गर्दा समाजमा देखिएको शोषण दमन, अन्धविश्वास, सोझा साझा नेपाली जनताहरूले खेप्नु परेको द्वन्द्वकालीन, सङ्कट, यौन विकृति आदिलाई प्रस्तुत गरेको छ । राणा शासनको समयमा देखिएको शहीद काण्ड र त्यसको विरोधमा उत्रेका विद्यार्थी आन्दोलनपूर्ण अवस्था पाउन सकिन्छ ।

घिमिरेको **सकस** उपन्यास मूलतः पूर्वीय संस्कृति पाइन्छ साथै अन्तर्जातीय विवाह, लोकविश्वास, अन्धविश्वास, कुप्रथा आदि जस्ता संस्कृति अवलम्बन गरेको देखिन्छ । उपन्यासमा हिन्दु धर्मअनुसार ब्राह्मण जातीले अवलम्बन गरेको सामाजिक संस्कार, परम्परा र कर्मकाण्ड आदि देखिन्छ भने झारफक, तन्त्रमन्त्र आदि जस्तै अन्धविश्वासपूर्ण संस्कृति आएको देखिन्छ । उपन्यासकारले उपन्यासमा रहेका यस्तो अन्धविश्वासको परिवर्तनको सङ्केत प्रस्तुत गरेका छन् ।

कुनै पनि घटना घट्नुका पछाडि कारण हुन्छन् । जगदीश घिमिरेको **सकस** उपन्यासमा घटनाहरू घट्नुको कार्यसँग कारण अन्तर्निहित भएर आएको देखिन्छ । समाजमा देखिएको गरिबी, यौन विकृति, नारी समस्या, साथै तत्कालीन अवस्थामा राज्यकाल, प्रजातन्त्र काल, विद्यार्थी आन्दोलन, माओवादी द्वन्द्व, मधेश आन्दोलनका कारण शरद, कुमारी र जीबा दुर्घटित भएको देखिन्छ । यसैको कारण उनीहरूले विद्रोह पनि गरेका छन् । देशमा देखिएका यिनै विकृति र विसङ्गतिको विारूद्ध लड्दा जीबाको जीवनमा घटित घटना र माओवादी आन्दोलन, मधेश आन्दोलन, शरद कुमारीका जीबाका घटनाहरू घटेको देखिन्छ । यिनै घटनाहरू शरदको र जीबाको संस्मरणबाट अगाडि बढेको छ ।

**सकस** उपन्यासको भाषा अत्यन्तै सरल, सहज र पाठक वर्गले बुझ्ने छरितो किसिमको छ । उपन्यासमा अभिधामूलक भाषाको साथै कतै कतै व्यङ्ग्यात्मक भाषाको प्रयोग पनि देखिन्छ । उपन्यासमा प्रयुक्त भाषा सामान्य व्यक्तिहरूले बोल्ने कथ्य भाषाका साथै उच्च खानदानी व्यक्तिहरूले बोल्ने आदरार्थी भाषाको प्रयोग पाइन्छ । साथै तत्सम्, तद्भव र आगन्तुक शब्दहरूको प्रयोगले उपन्यास जटिल जस्तो देखिए पनि उखान, टुक्का र थेगोहरूको प्रयोगले भाषालाई रोचक र मिठासपूर्ण बनाएको छ । उपन्यासमा प्रयुक्त शैली वर्णनात्मक किसिमको छ । बृहत् परिवेश र बृहत् कथावस्तु समेटेको **सकस** उपन्यासमा

रहेका पात्रहरू जीबा, शरद र अन्य सहायक पात्रहरूको माध्यमबाट संस्मरणात्मक शैलीको प्रयोग गरिएको छ । उपन्यास आलोचनात्मक यथार्थबाट अभिप्रेरित भएकाले ठाउँ ठाउँमा व्यङ्ग्यात्मक शैलीको प्रयोग पाइन्छ । समग्रमा घिमिरेको **सकस** उपन्यासको भाषा सरल, सहज र पात्रअनुसारको छ भने संस्मरणात्मक, वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

**सकस** उपन्यासले वर्तमान समाजमा भएको यथार्थ पक्षलाई प्रस्तुत गरेको छ । समाजभित्र देखिएको यौन विकृति, नारी समस्या, राणा शासन, प्रजातन्त्र काल, विद्यार्थी आन्दोलन, माओवादी आन्दोलन र मधेश आन्दोलनले जनताहरूले पाएको दुःख कष्ट आदि जस्ता कुरालाई विश्वदृष्टिको रूपमा चित्रण गरेको छ । साथै सामाजिक, राजनीतिक, पूर्वीय संस्कृति, संस्कार र पात्रहरूको मानसिक चिन्तनलाई **सकस** उपन्यासले अनुभूतिको संरचना बनाएको छ । अन्तमा, घिमिरेले **सकस** उपन्यासमा प्रयुक्त समाजशास्त्र तथा समकालीन नेपाली समाजमा देखिएका सामाजिक घटनाहरूलाई समाजशास्त्र दृष्टिले विश्लेषण गरेका छन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

# सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज र बद्री विशाल भट्टराई (२०६३), **प्रयोगात्मक नेपाली शब्दकोश,** (दोस्रो संस्क.), काठमाडौं : विद्यार्थी प्रकाशन ।

अर्याल, भैरव (२०६५), **साबिती,** (तेस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

आचार्य, गिरीराज (२०६५), **केही पत्र लेखक लाई, केही पत्र सम्पादकलाई, साबिती,** (तेस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान पृ.११३ ।

आचार्य, निर्मल (२०६९), **सकस, गोरखापत्र,** कार्त्तिक १८, शनिबार पृ.ख ।

आचार्य, युवती (२०६७), **छापामारको छोरो कथा सङ्ग्रहको समाजशास्त्र अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर) ।

कोइराला, खेम (२०६५), **लिलाम,** (दोस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ.११२ ।

खरेल, यादव (२०६५), **साबिती, साबिती** (तेस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान पृ.१०५ ।

खरेल, शेखर (२०६९), **अन्तहीन सकस, गरिमा** (वर्ष-३०, अङ्क-११, पूर्णाङ्क-२५९, कार्त्तिक, पृ.१६३-१६५) ।

गौतम, शिवप्रसाद (२०६२), **जगदीश घिमिरेको उपन्यासको अध्ययन र विश्लेषण,** काठमाडौंः नेपाली शिक्षण समिति, रत्नराज्य क्याम्पस स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र ।

घिमिरे, जगदीश (२०६५), **मेरो कुरा लिलाम** (दोस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. ८१-८४ ।

..................., (२०६५), **'अराज्यवादको राज्य हुँदैन' साबिती** (तेस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

..................., (२०६५), **अन्तर्मनको यात्रा,** (सातौं संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

..................., (२०६५), **साबिती** (तेस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

..................., (२०६५), **लिलाम** (दोस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

..................., (२०६९), **सकस,** रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

घिमिरे, प्रतीक (२०७०), **सकस मन्थन,** रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

घिमिरे, रोचक (२०६९), **सकसको महागाथा, रचना** (पूर्णाङ्क-१२०, भदौ-असोज, पृ.७८) ।

घिमिरे भवानी (२०६५), **साबिती र युगबोध, साबिती** (तेस्रो संस्क.) ..., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. १०२-१०३ ।

ढकाल, नारायण (२०६५), **लिलाम : इतिहास बोधको जीवन्त दस्तावेज, लिलाम** (दोस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ.९७-१०१ ।

दाहाल, खेमनाथ (२०५८), **आधुनिक नेपाली उपन्यासको समाजशास्त्र अध्ययन,** (अप्रकाशित विद्यावारिधि शोधपत्र) त्रि.वि. कीर्तिपुर ।

दीक्षित, कमल (२०६९), **सकसको विमोचन व्यक्त मन्तव्य, रचना** (भदौ-असोज, पृ.२८) ।

दीक्षित, मदनमणि (२०६५), **साबिती र युगबोध : एक परिचर्चा, साबिती** (तेस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ.८५-८७ ।

धीरेश्वर (२०६५), **साबितीको गाताको अन्तिम पन्ना, साबिती** (तेस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

नेपाल, ज्ञानमणि (२०६९), **आवरण लेख, सकस** रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह (२०४३), **नेपाली उपन्यास र उपन्यासकार** (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

प्रधान, प्रमोद (२०६५), "केही पत्र लेखकलाई केही पत्र सम्पादकलाई", **साबिती** (तेस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ.११४ ।

पाण्डे, नयनराज (२०७०), **त्यो बेलादेखि यो क्षणसम्मको कथा : सकस सकस मन्थन,** रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

पाण्डेय, म्यानेजर (सन् १९८९), **साहित्य के समाजशास्त्र की भूमिका**, चन्डिगण हरियाना : साहित्य : अकादमी ।

पारिजात (२०६५), **आवरण लेख, लिलाम** (दोस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

पौडेल, विष्णुप्रसाद (२०६८), **जगदीश घिमिरेका साहित्यिक रचनाहरूको अनुशीलन,** रामेछाप : रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

पौडेल, बैकुण्ठप्रसाद (२०६५), **जगदीश घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्व,** काठमाडौं : त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र ।

ब्रजेश (२०६९), **सकस उपन्यासभित्र अनेकौं उपन्यास, नेपाल साप्ताहिक,** आश्विन-१४ ।

बराल, कृष्णहरि र नेत्र एटम् (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६७), **मार्क्सवाद र उत्तर आधुनिकवाद,** (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

विष्ट, दौलतविक्रम (२०६५), **साबिती साबिती,** (तेस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ.१०१ ।

भट्टराई, गोविन्दराज (२०६५), "विषक्त भोगाइको मूर्तरूप साबिती", **साबिती** (तेस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ.८७-९६ ।

.................., (२०६५), "अहिले मात्र थाहा भयो साबितीमा यस्तो दादावादी छायाँ परेको थियो", **साबिती** (तेस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ.६७-७६ ।

भट्ट, आनन्ददेव (२०६५), **साबितीका सम्बन्धमा, साबिती** (तेस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ.१०४ ।

भण्डारी, कृष्णकुमारी (२०६९), "नेपालको सकस गाथा" **अन्नपूर्ण पोष्ट,** पृष्ठ-२२, शनिबार-१४

जैन, निर्मला (सन् १९८६), **साहित्यका समाजशास्त्री चिन्तन**, डिल्ली : डिल्ली विश्वविद्यालय ।

जैन, निर्मला (सन् १९९२), **साहित्यका समाजशास्त्री चिन्तन**, (दो. संस्क.) डिल्ली : डिल्ली विश्वविद्यालय ।

राई, इन्द्रबहादुर (२०६५), **लिलाम, लिलाम** (दोस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ.१०१ ।

विश्वकर्म, टि.आर.(२०६५), **लिलाम उपन्यासमा, लिलाम,** (दोस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ.११५-११७ ।

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुइँटेल (२०६३), **पूर्वीय र पाश्चात्य** साहित्य **सिद्धान्त,** (दोस्रो संस्क.), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।